# डोल्पो र केही अन्य स्थलका पुरातात्विक उपलब्धि

–जनकलाल शर्मा

२०२६ सालमा पुरातत्व विभागका प्रधान अनुसन्धान अधिकारी श्री जनकलाल शर्माको नेतृत्वमा एउटा अनुसन्धानदल धवलागिरि अञ्चलअन्तर्गत डोल्पो जिल्लाको अध्ययन भ्रमणमा गएको थियो। जसमा उहांका साथमा लिपिविशेषज्ञ श्री हेमराज शाक्य र सूक्ष्मछविकार श्री तेजरत्न ताम्राकार संमिलित हुनुहुन्थ्यो । यस दलले २०२६ साल पौष १४ गते जुमला उत्रेर आफ्नो कार्य प्रारम्भ गऱ्यो । यस दलको मुख्य उद्देश्य डोल्पो जिल्लाका गुम्बा, मन्दिर र खास गरेर त्यहांका मूर्ति र चित्रको विवरण तयार गर्ने काम थियो । यस क्रममा बाटामा आउंदा जांदा पर्ने केही अन्य पुरातात्विक वस्तुको पनि निरीक्षण गऱ्यो । उक्त दलले पौष १४ गतेदेखि चैत्र ३ गतेसम्म गरेका निरीक्षणको संक्षिप्त प्रतिवेदन यहां प्रस्तुत गरिन्छ । –सम्पादक,

## जुम्ला: संक्षिप्त परिचय ।

जुम्ला कर्णाली अञ्चलको एउटा जिल्लाको नाम हो। कर्णाली अञ्चलको सदरमुकाम यसै जिल्लामा छ। सदरमुकाम भएको ठाउंलाई चौघान अथवा खलंगा पनि भन्दछन् । चौघानमा आजकाल एउटा सानो बजार छ। यहीं चन्दननाथ र भैरवनाथका प्रसिद्ध मन्दिर छन् । यसबाहेक बडीमालिका देवीको सानो मन्दिर पनि यहां छ । काठमाडौं हनूमानढोकाबाट यो ठाउँ १६६ कोश पर्दछ । जुम्ला जवा र तिला नदीको किनारमा रहेको समुद्रको सतहबाट ७६२४ फूट उचाइमा पर्ने एक सुन्दर उपत्यका हो । यसका प्राय: चारैतिर देवदारु, धूपी र सल्लायुक्त पहाड छन् ।

यहांका प्राय: धेरैजसो घर होचा, एकतले र कतै कतै दुई तीनतले पनि छन् । सबै घर ढुंगाले छाएका हुन्छन् र त्यसमाथि माटाले पुरेर सपाट मैदान बनाएको हुन्छ । जसबाट झट्ट हेर्दा आधुनिक वास्तुशैलीमा बनेका मुण्डा घर जस्ता देखिन्छन् । यहांका घरका तला पनि होचा हुन्छन् । धेरैजसो घरमा झ्याल हुंदैन । संभवत: यो जाडोको कारणले होला । वर्षाको मात्रा कम हुने हुंदा छतलाई माटैले छोपे पनि बगाएर लाने र पानी चुहुने डर हुंदैन । झ्यालको अभावले कोठा अंध्यारा हुन्छन् । झ्याल राखे पनि जाडोमा बन्द रहन्छन् । आजकाल अर्थात् पूसको आधाआधीमा पनि दिउंसो घाम लागेका वेला ४० डिग्री फरेनहीटको तापमान रहन्छ र बिहान बेलुका ३० डिग्रीमा झर्छ । आगो धेरै ताप्ने हुंदा मानिसका मुखमा रगत देखिंदैन । साथै धूपी आदि धेरै कालो धूवां आउने दाउराको आगो ताप्ने चलन छ जसले गर्दा मानिसको मुख र लुगा रंगिएको हुन्छ। यसै कारण यहांका जनता पाएसम्म कालो लुगा मनपराउंछन् ।

यहां नदीकिनारमा धान र अरू ठाउंमा मकै, कोदो, गहूं, जौ र ऊवा हुन्छ । रोगमा गलगण्ड र कुष्ठरोगको प्रकोप देखिन्छ ।

जुम्ला बजार अर्थात् खलंगाभन्दा केही माथि शाही सेनाको छाउनी बसेको डांडोबाट हेरे चौघानको दक्षिण पूर्वमा रहेका चन्दननाथ र भैरवनाथका प्रांगणमा सिगासिगै धूपी सल्लाका रूखका लिंगामा बांधिएका गेरुवारंगका विशाल ध्वजा हावामा फरफराइरहेको दृश्य अतिनै मनमोहक लाग्दछ । त्यसको पश्चिमपट्टि अञ्चलाधीशको निवासको हातामा रहेको आकाशवाणी केन्द्रको एरियल क्षुण्याएका खांबा चन्दननाथको लिंगासित प्रतिस्पर्धा गरेर उभिएका देखिन्छन् । यहां माल अड्डा, प्रहरी कार्यालय, घरेलु कारखाना आदि छन् । उपत्यकाको तलमाथि, वरपर सर्वैतिर हेरे बजारको दाहिनेपट्टि अञ्चल

अदालत छ । यहांबाट १५–२० पाइला अघि बढे एउटा सानो खोल्सामा काठको पुल (फड्के) आउंछ । पुल पार गर्नासाथ नयां बन्न लागेका कार्यालय भवन र बजार आउंछ । यहांको दृश्य कताकता भारतको कुल्लुसित मिल्न पुग्छ । तर न यहां स्याउका बगैंचा छन् न पीचरोडनै । तर कुल्लुमा चन्दननाथका ध्वजा पनि त छैनन् । यो आफ्नू आफ्नू ठाउंको आफ्नू आफ्नू विशेषता हो ।

## (क) भैरवनाथ मन्दिर ।

भैरवनाथको मन्दिर गुम्वज शैलीमा बनाइएको छ । यो मन्दिर त्यति अग्लो र ठूलो नभए पनि बडो भव्य लाग्दछ । मन्दिरलाई घेरिएको हातामा रहेको बाहिरी द्वारबाट भित्र प्रवेश गर्नासाथ एउटा मन्दिर आउंछ र यही भैरवनाथको मन्दिर हो । यस मन्दिरको पश्चिम-पट्टिको भित्तामा तामाको एउटा भव्य भैरवमुख टांसिएको देखिन्छ । यसको गलामा दुइ पंक्ति अक्षर पनि कुदिएको पाइन्छ जो यसप्रकार छ ।

(१) **श्री सम्वत् १६२५ सालमा वटुकभैरव प्रिति गरि ।**

(२) **पुजाहारि शिवनाथ वर्षानाथहरूले चह्राया लामकर ।**

**यसबाहेक यहां खास उल्लेखनीय कुरा केही छैनन् ।**

## (ख) चन्दननाथ मन्दिर ।

भैरवनाथको हातासितै जोडिएको अर्को मन्दिर छ जसलाई चन्दननाथ भनिन्छ । मन्दिर भैरवनाथकै जस्तो भए पनि अलि ठूलो छ । यसको वातावरण पनि भव्य छ । मूल द्वारबाट प्रवेश गर्नासाथ जुत्ता फुकाल्नुपर्दछ । पशुपतिमा जस्तो फलाहारी भनेर रबरका जुत्ता लान पाइंदैन । भित्र प्रवेश गरेर चारैतिर हेरे भक्तजन कतै पाठ गर्न लागेका देखिन्छन् भने कतै प्रार्थना । कतै नाथ बाबा गांजा खानमा मस्तछन् भने कतै बनाउँदै गर्न । कतै बुद्धहरूको समूहमा कथावाचन पनि भइरहेको देखिन्छ । यसमाथि पुजाहारी यताउता ओहोर–दोहोर गरेर वातावरणलाई अरू गम्भीर र चहकिलो बनाइरहेका हुन्छन् । यहांका पुजाहारी नाथ जोगी हुन् अर्थात् कनफट्टा, गोरखनाथका अनुयायी । सहायकका रूपमा ब्राह्मण पनि छन् । मन्दिरमा अनेक ताम्रपत्र, शिलापत्र र मूर्तिहरू खचाखच छन्, जो यीमध्ये धेरैजसो प्रकाशमा आइसकेका छन् । यी सब यहांका आकर्षणका वस्तु भए पनि यहांका मुख्य दर्शनीय वस्तु चन्दननाथका पादुका हुन् । चन्दननाथको मन्दिर यस भेकको साह्रै प्रसिद्ध तीर्थस्थल हो । यो हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल भए पनि बौद्धहरूका लागि पनि त्यत्तिकै मान्य स्थल हो भन्ने कुरा यसमा रहेका ढलोटको गुरु बज्रधर, तामाको शाक्यमुनि बुद्ध, ढलौटको मञ्जुश्री बोधिसत्व, ढलौटकै अरू शाक्यमुनि बुद्ध, त्यस्तै षडक्षरी लोकेश्वर, तामाको आर्यतारा, ढलौटकै अर्को शाक्यमुनि बुद्ध आदि मूर्तिहरूले पनि प्रमाणित गर्दछन् । यस परिस्थितिमा चन्दननाथ को थिए र किन यिनको यस्तो महत्व बढ्यो त्यो विचार गर्नु आवश्यक छ ।

चन्दननाथ कुनै देवयोनिका व्यक्ति होइनन् । यहांको जनविश्वासअनुसार उनी ईसाको चौधौं शताब्दीको अन्त्य-तिर ख्याति पाइसकेका राजनेता र धार्मिक नेता थिए । उनको ख्याति यस क्षेत्रमा उनी जीवित हुंदै प्रबल थियो । यिनलाई राजा चन्दननाथ पनि भन्दछन् । चन्दननाथ मूलतः काश्मीरका निवासी हुन् र उनी आफ्नै समयमा यहां आएका थिए । उनी सानै उमेरमा चौरासी सिद्ध परंपराका छयालिसौं सिद्ध जालन्धरमा अर्थात् कण्हपा र मत्स्येन्द्रनाथका गुरुका परंपरामा दीक्षित भएका थिए । चन्दननाथका परमभक्त चेलामध्ये यसै क्षेत्रका कुनै राज्यका राजकुमार बलिराज शाही पनि थिए । राजा अथवा सिद्ध चन्दननाथले जुम्लाको राज्य आफना विश्वासी भक्त बलिराज शाहीलाई दिने विचार गरे । बलिराज शाहीको राजतिलक ईसवी सन् १४०४ (शाके १३२६, विक्रम संवत् १४६१) मा भयो । चेलालाई राज्य सुम्पेपछि उनी आफ्नू तपस्यामा लागे ।

सिद्ध चन्दननाथ बडो लगनशील र परिश्रमी व्यक्ति थिए । उनले यहाँ राज्य मात्र स्थापित गर्दिएनन् बरु खेती गर्ने तरीकामा पनि सुधार ल्याए । यहां जाडो ठाउं हुंदा धानको खेती हुंदैनथ्यो । उनले काश्मीरबाट जाडो ठाउंमा हुने धानको बीउ ल्याएर जनतामा वितरण गरे । केवल बीउ मात्र वितरण गरेनन् बरु त्यसलाई बीउ राख्ने समयदेखि काटेर भित्र्याउने समयसम्मका सबै विधिव्यवहार आफ्नै हातले गरेर देखाइदिए । आज जुम्लामा

जुन हिमाली क्षेत्रमा हुने उन्नत धान पाइन्छ त्यो उनैको वरदान हो । यस्ता गुरु पाएर राजा बलिराज शाही पनि आफूलाई धन्य संझिन्थे । उनको राज बडो आनन्दपूर्वक चल्दै थियो ।

जोगीको बानी, गुरुमहाराज एक दिन सदाका लागि अलप भए । यस कुराले राजा बलिराज शाहीलाई कम खिन्न पारेन । उनले आफ्ना गुरुका नाममा एउटा मन्दिर बनाउन लगाए, दरबारकै छेउमा । नाथ सम्प्रदायअनुसार उनका चरणको चिह्नस्वरूप पादुका राखियो । अब चन्दननाथ थिएनन् । चन्दननाथका पादुका पूजा हुन थाल्यो । आज पनि यसको पूजा हुंदैछ ।

चन्दननाथको वरदानले राजा बलिराज पनि कम प्रसिद्ध भएनन् । आज पनि भैलो र देउसी खेल्न जाने नेपालीका मुखबाट निस्कन्छ.... "बलिराजका हुकूमले आएको हामी।" अब चन्दननाथ र बलिराजको पार्थिव शरीर यस लोकमा छैन । बलिराजले बनाएको चन्दननाथको स्मारक जुम्लामा छ र बलिराज नेपाली लोकसाहित्य, वंशावलि र केही अन्य अभिलेखमा जीवित देखिन्छन् ।

## (ग) बडी मालिकाको मन्दिर ।

मालिकाको नाम लिनासाथ प्रत्येक नेपालीका मनमा एउटा अनौठो आनन्द लहर पैदा हुन्छ । यस्तो हुनु स्वाभाविक पनि हो । कारण उसले सानै उमेरमा सुनेको हुन्छ ।

**असारमास दैचिउरा खानू ।**
**सब तीर्थ छोडी मालिका जानू ॥**

तर यी मालिका नभएर वडी मालिका हुन् । मालिका त सातूसामल बोकेर जुम्लाबाट अझै दुईचार दिनको बाटो जानुपर्छ । सातूसामल पनि बोक्नुपर्दैन । त्यहां जाने यात्रीका निमित्त अहिले पनि चार आना माना घिउ, मह र चार पैसा मानो चामल दिलाउने एउटा स्थानीय गुठीको व्यवस्था छंदैछ अरे ! तर पीठको बाटो केवल जनैपूर्णिमा अथवा श्रावणीपूर्णिमामा मात्र खुल्ने हुंदा पूसमा यात्रा गर्ने यात्रीले आशा गर्नु आकाशको तारा थियो ।

यी मालिकाको मन्दिर त चन्दननाथको मन्दिरबाट निस्किनासाथ चौघानको डिलमा माल अड्डाको प्रांगणमा छ । एउटा सानो मन्दिर, त्यसभित्र २३ थान मूर्ति सजाएर राखिएका छन् । जसमा ६ थान पत्थरका र १७ थान धातुका छन् ।

यहां राखिएका पत्थरका मूर्ति त्यति आकर्षक छैनन् । तर धातुका मूर्ति केही पुराना र आकर्षक पनि छन् । यी धातुमूर्ति एउटा पित्तलको सिंहासनमा सजाएर राखिएका देखिन्छन् ।

सबभन्दा पहिले पद्मासन स्थित मैत्रेय बोधिसत्वको मूर्ति देखिन्छ जसलाई सुन मोलम्बा गरिएको छ । यसको उचाइ साढे आठ इञ्च छ भने यसको निर्माणकाल सत्रौं शताब्दी भन्न सकिन्छ । त्यसपछि त्यति नै उचाइको समसामयिक सुन मोलम्बा भएका षडक्षरी लोकेश्वरको मूर्ति छ जसमा यू पनि जडिएको छ । यसको लगत्तैपछि पहिलेकै मूर्तिको समसामयिक बज्रासनस्थित धातुको बज्रधरको मूर्ति आउंछ, जसको उचाइ साढे सात इञ्च छ । हेर्दै जांदा सवा पांच इञ्च उचाइ भएको अठारौं शताब्दीको पद्मपाणि लोकेश्वर देखिन्छ । यसको आसन अर्धपर्यंक छ भने दायांबायां यक्षहरू पनि देखाइएका छन् । यसैको छेउमा सात इञ्च अग्लो सुन मोलम्बा लगाएको सत्रौं शताब्दीतिरको पद्मासनस्थित षोडशभुजा सिंहवाहिनी भगवतीको मूर्ति पनि आउंछ । त्यसपछि साढे तीन इंच अग्लो सत्रौं शताब्दीको ललितासनस्थित धातुको आर्यतारा छ भने उसैको समसामयिक सुन मोलम्बा लगाएको सवा पांच इञ्च अग्लो अपरिमित तथागतको मूर्ति पनि आउँछ, जसमा यू पनि जडान भएको छ । यसको लगत्तैपछि अर्को पनि धातुको चार इञ्च अग्लो अपरिमित तथागतकै मूर्ति आउंछ । तर यो उन्नाईसौं शताब्दीको हो । अपरिमित तथागतपछि चार इञ्च उचाइ भएको तामाको ढलौटे कलात्मक शाक्यमुनि बुद्धको मूर्ति राखिएको छ । यसको कलापक्षबाट विचार गर्दा यो मूर्ति सौह्रौं शताब्दीको अन्त्यतिर निर्माण गरिएको होला भन्न सकिन्छ । यो मूर्ति यहां राखिएका मूर्तिमा सबभन्दा पुरानो हो । त्यसको लगत्तैपछि सात इञ्च उचाइ भएको आलीढासनस्थित चतुर्भुजा भगवतीको मूर्ति देखिन्छ । यो मूर्ति बीसौं शताब्दीको हो । त्यसभन्दा पर पहिलो मूर्तिकै समसामयिक पांच इञ्च अग्लो तामाको ढलौटे जम्बलेन्द्रको मूर्ति देखिन्छ भने साढे तीन इञ्च अग्लो सत्रौं शताब्दीतिरको उस्तै तामाको ढलौटे अष्टभुज लक्ष्मीनारायणको मूर्ति पनि

देखिन्छ । त्यसभन्दा पर अर्को मूर्ति छ जो उठ्न लागेको र व्याख्यान मुद्रामा धातुको शाक्यमुनि हो । यसको उचाइ सवा तीन इन्च छ भने यसको निर्माणकाल सत्रौं शताब्दी भन्न सकिन्छ । यसपछि तीन इन्च उचाइ भएको संभवतः अठारौं शताब्दीतिरको तामाको अवलोकितेश्वरको मूर्ति छ जसलाई ललितासनमा विराजमान गराइएको छ । त्यसको लगत्तैपछि अर्को मूर्ति आउंछ त्यो हो आर्यताराको मूर्ति , जसको आसन ललित देखिन्छ र उचाइ चार इन्च छ । यसको निर्माणकाल अठारौं शताब्दी भन्न सकिन्छ । यो साधारण ढलौटको छ । आर्यतारापछि आउँछ धातुको सिद्ध नागार्जुनको मूर्ति । यसलाई शास्त्रार्थ मुद्रामा देखाइएको छ र यसको उचाइ अढाइ इन्च छ भने निर्माणकाल अठारौं शताब्दीतिरको होला । अन्त्यमा यसैको समसामयिक धातुको पद्मासनस्थित उपदेशमुद्रामा एउटा मूर्ति छ जसलाई गुरु गोरखनाथ भनिन्छ । जसको उचाइ दुइ इन्च मात्र छ । यो मूर्ति चन्दननाथको पनि हुन सक्तछ । बडीमालिकामा रहेका मूर्तिको अध्ययनबाट यो स्थान हिन्दू र बौद्ध दुवैको साझा श्रद्धास्थल हो भन्न करै लाग्छ । माथि वर्णन गरिएका तीनै मन्दिरको दर्शनपछि जुम्ला परंपरादेखि धार्मिक समन्वयको केन्द्र रहेको सहजै प्रतीत हुन्छ । हिजो मात्र होइन आज पनि जुम्लाको यै अवस्था छ ।

## (घ) जुम्लाको इतिहासमा सुनकेसरा ।

हामीले अघि नै भन्यौं बडीमालिकाको मन्दिर चौघानको डिलमा पर्दछ । यस ठाउँबाट जमीन धेरै ढालू भएर एउटा ठूलो डिलको रूप धारण गरेको छ । शायद कुनै जमानामा जवा र तिलानदी यसै डिलको छेउबाट बग्दा हुन् । जवा र तिलानदीले छोडेपछि यसमा रूख उम्रे होलान्, घाँस उम्रे होलान् । आजकाल त डिलभन्दा तल ठूलो फाँट छ र धानको खेती यहाँ राम्रो हुन्छ । जवा र तिलानदी आजकाल वारीपारीको फाँटको बीचबाट बग्दछन् । उनीहरूले यस्तो डिल अर्कै बनाइसकेका छन् । खोला किनारमा वन्यपक्षी यताउता भुर्र भुर्र उडेर खेलिरहेका देखिन्छन्, यस्तो वातावरणमा त्यहाँ बस्ने कुनै पनि व्यक्तिलाई जुम्लाको इतिहास याद भइहाल्छ । चन्दननाथ, बलिराज, विक्रमशाही इत्यादि । वास्तवमा भन्ने हो भने चौघान नै इतिहासकारको जीवित मूर्ति जस्तो छ । उ सबैको इतिहास भन्छ । चौघान हिजो पनि थियो, आज पनि छ र भोलि पनि हुन्छ । उ महाप्रलय नभएसम्म यहीं बसेर जुम्लाको इतिहास मौन भाषामा भनिरहन्छ । सुन्नेहरू आउँछन् तर उसको अस्तित्व यथावत् रहन्छ । उ भन्छ यो चन्दननाथको देश, बलिराजले जोगीबाट पाएको देश, यहाँ अयस आराममा लाग्नेलाई भलो हुंदैन ।

हामीमध्ये धेरैले सुनकेसरा रानीको नाम पढेका छौं अथवा सुनेका छौं । तर इतिहासको नायिकाको रूपमा होइन, लोककथाकी नायिकाको रूपमा । यो कुरा थाहा पाउंदा गर्व हुन्छ, उनी लोककथाकी नायिका होइनन् इतिहासकी नायिका थिइन् । उनी यसै जुम्लाराज्यका राजाकी रानी थिइन् । जुम्लाको परंपरा यही भन्छ ।

ईसाको सत्रौं शताब्दी अर्थात् ईसवी सन् १६०२ देखि १६३१ सम्म जुम्लाको राजगद्दीमा विक्रम शाही नामका राजा थिए । उनी बलिराज शाहीका छैटौं उत्तराधिकारी हुन् । उनी प्रतापी र प्रजावत्सल राजा थिए । उनको राज्य पूर्वमा मुक्तिनाथसम्म फैलिएको थियो । भनिन्छ पश्चिममा बदरीनाथसम्म यिनको प्रभावक्षेत्रमा थियो । यसै कारण मुक्तिनाथ र बदरीनाथलाई आफ्ना इष्टदेव मानेर लेखापढीमा सबभन्दा माथि यी दुवैको नाम अंकित गर्दथे । उनका यस्ता अभिलेख आज पनि पाइन्छन् । उनका साम्ने सबै राजा नतमस्तक थिए । भनिन्छ यिनै विक्रम शाहीकी पटरानी सुनकेसरा हुन् । सुनकेसरा अति रूपवती भएकी हुंदा राजा विक्रम शाही उनैको रूपलावण्यमा भुले जसले गर्दा राजकाजमा केही शिथिलता आयो ।

जुन समय राजा विक्रम शाही जुम्लाको राजगद्दीमा थिए त्यसै समय खोचरनाथ धौल्यात्रीमा नाड (भोटे) राजा राज्य गर्दथे । उनको नाम झम्पन थियो । झम्पन पनि सुनकेसरालाई पाउन पहिलेदेखि लालायित थिए । तर सुनकेसराको विवाह विक्रम शाहीसित भयो । यो कुरा झम्पनलाई मन परेको थिएन । यसैकारण उनी सुनकेसरालाई हरण गरेर लैजाने योजनामा लागे ।

राजा विक्रम शाहीलाई शिकार गर्ने निकै चाख थियो । उनी कुशल शिकारी थिए । एक दिन शिकारमा जाने तयारी भयो । यसमा सुनकेसरा रानी पनि जाने भइन् । निर्दिष्ट ठाउंमा शिकारको थर्पु लाग्यो ।

बिक्रम शाही आफ्ना परिचारकका साथ दिनभर शिकारमा जान्थे र बेलुका फर्कन्थे, कहिले रातमा पनि शिकार हुन्थ्यो, कुनै दिन दिउंसो गए धेरै रात बिताएर फर्किन्थे । शिकारबाट फर्केपछि आफ्ना सबै बहादुरी आफ्नी रानी सुनकेसरालाई सुनाउंथे । एवंरीतले विक्रम शाही शिकारमा व्यस्थ थिए । रानी आफ्ना सहेलीका साथ राजा शिकारबाट कहिले फर्कलान् भनेर बाटो हेरिरहन्थिन् । दुबै एक अर्कालाई देख्न नपाउंदा आतुर हुन्थें ।

झम्पनलाई सुनकेसरा पाउने उत्कट अभिलाषा थियो तर उनी सदा असफल रहन्थे । झम्पनले विक्रम शाही शिकारमा गएको कुरा थाहा पाए । विक्रम शाही कति बेला शिकारमा जान्छन् त्यो कुरा आफ्ना दूतद्वारा झम्पनले पत्ता लगाइसकेका थिए ।

एक दिन झम्पनले राजा विक्रम शाहीको शिकार शिविरमा हमला गरे । त्यस समय विक्रम शाही शिकारमा गइसकेका थिए । त्यहांका सबै व्यक्ति झम्पनको सेनाका कब्जामा परे । झम्पन सुनकेसराको हरणमा सफल भए ।

विक्रम शाही शिकारबाट फर्के । बाटामा आफ्नी रानीलाई सुनाउने कुरा गम्न थाले । आज यो कुरा भने रानी खुशी होलिन् । राजा थर्पुमा आइपुगे । त्यहां कोही थिएन । विक्रम शाहीका मनमा साह्रै खिन्नता भयो । यो सबै खेल झम्पनकै हो भन्ने कुरा उनलाई निश्चय भयो । एक मन त सोचे सोझै गएर झम्पनलाई आक्रमण गरौं । तर यहां त्यसो गर्न उनीसित पर्याप्त सेना थिएन । अतः आफ्नू राजधानीमा फर्के ।

राजधानी फर्केपछि झम्पनसित लड्ने तयारीमा लागे । विक्रम शाहीले झम्पनको राजधानीमा आक्रमण गरे तर यसमा उनलाई सफलता मिलेन । केही दिनपछि पुनः आक्रमण गरे यसमा पनि उनी पराजित भए ।

दुई दुई पल्ट हार खाएपछि विक्रम शाही निकै निराश भए । राजा भएर उचित कुरामा युद्धबाट विमुख हुनु पनि उनलाई मन लागेन । आफ्नू धेरैजसो सेना सखाप भइसकेको थियो । उनले मनमनै संझे "साइमल शाही" ।

त्यस समय साइमल शाही नामका प्रतापी राजा तीरवाशूलीमा राज्य गर्दथे । विक्रम शाही र साइमल शाहीको मामाचेला फुपूचेलाको संम्बन्ध थियो । विक्रम शाही साइमल शाहीको दरवारमा पुगे र यावत् वृत्तान्त भने ।

साइमल शाहीले आफ्नू सेना दिएर उनको सहायता गर्ने वचन दिए । ठूलो तयारीका साथ झम्पनमाथि आक्रमण भयो । दुवै तर्फबाट घमासान युद्ध भयो । यस पटक विक्रम शाही विजयी भए । यो घटना बितेको अनेक शताब्दीं बित्यो । तर यहांको जनता आज पनि घटनाको वर्णन लोकगीतको रूपमा यस प्रकार गाउंदछ—

**झम्पनकी जीजाजिउये गाई दोन गइछन् ।**
**माज मैडा पारो राखी बाउली चुटी राइछन् ॥**
**चूटीथल्या फलाम य ठोकी थल्या कीला ।**
**साइमल साइका पल्टनले हीन लाग्या धला ॥**
**छोपोयल्या झम्पनकै बानी अल हात**
**लुटी गयो राजपाट छुटी गयो थात**
**झम्पनकी कान्सी रानी तामाडाङ् धुन्छन् ।**
**झम्पनकी सातै रानी कठै भनी रुन्छन् ॥**
**झम्पनकी टेक्न्या लौरी ठौर ठौर बुट्टा**
**झम्पनका पल्टनभरी कठै छाति कुट्टा**
**कुची कारम साइमा डांडा चारै सल्ली बेल ।**
**छकाल झुल्याका घाम झम्पन पड्या नेल**
**झम्पनको लाइन्या बोखु छुरीले छेक्याको ॥**
**झम्पन जाड नेल पड्नु कर्ममा लेख्याको ॥**
**झस्पनको रातो पाखी राती काली धागी ।**
**सेर सेर मासु खान्या झम्पन कोद्या लौटा लागी ॥**
**झम्पनको रातो गोरु उदोमुख हुक्का ॥**
**पान सेर मासु खान्या झम्पन नाली बौर बुक्का ॥**
**झम्पनको चड्न्या घोडो उदो हेरी खिल्क ।**
**झम्पनको सुनको टोपी चौघान डिल मिल्क ।**

झम्पनको पतनपछि यस भेकमा कति घटना घटे होलान् । विक्रम शाहीपछि उनका कति उत्तराधिकारी भए । राजकाजका कति घटना घटे । १७८९ ईसवीमा गोरखा राजवंशले यस क्षेत्रमा आक्रमण गऱ्यो । यो उसको अन्तिम घटना थियो । उ अब जुम्ली राज्य नभएर नेपाल अधिराज्यमा विलीन भयो । उ आजसम्म सानो थियो । अब ठूलो भयो । जसरी जवा र तिला नदी कर्णालीमा पुगेर अथाह जलराशिमा मिलेर ठूला हुन्छन् ।

**जवानदी तिलानदी हिमानदी मिली ।**
**कर्णालीलाई भेट्न गइन् गर्दै झिलिमिली ॥**

जुम्ला चारैतिर हिंमाली श्रृंखलाले घेरिएको अति नै मनमोहक ठाउं हो । यहां पुग्ने यात्री यस अनुपम दृश्यबाट प्रभावित नभई रहन सक्तैन । त्यसै कारण यहांको जनता गाउंछ—

**दखीनकी भागिरथी उत्तर सरोवर ।**
**अरू देश कैले हुन्थ्या हिमाल बरोबर ॥**

## (२) डोल्पोभन्दा पहिले बाटामा पर्ने स्थानहरू ।

### (क) दानसांघुको शिवालय ।

यो ठाउं जुम्लाको खलंगाबजारभन्दा आधा कोश पूर्व जवा र तिलानदीको संगममा पर्दछ । त्रिवेणीको बीचमा महादेवको मन्दिर छ जसमा प्राकृतिक शिवलिंगको पूजा हुन्छ । जवानदीमा भएको पुललाई दानासांघु भनिएको हुंदा यसलाई दानसांघुको शिवालय भनिएको हो । मन्दिर जीर्णशीर्ण छ । यस मन्दिरमा हाल कुनै मूर्ति पुजारीले आफ्नै घरमा सुरक्षाका निमित्त राखेका छन् जसको दर्शन शिवरात्री नआई पाउन सकिंदैन । त्यसकारण यी कुन देवताका मूर्ति हुन् त्यो पनि भन्न सकिंदैन । ती धातुका मूर्ति शिवरात्रीका दिन सालको एक पटक यहां ल्याएर एक रात राखिन्छ र पुनः यथास्थान लगिन्छ । यो ठाउं जुम्ला र तिब्रीकोट जिल्लाको सिमाना पनि हो । यस संगममा हाल तीनघरको बस्ती छ ।

यस संगमबाट दाहिनेतिर लागे तिलानदीको काठेपुल आउंछ । पुल पार गरेर तिलानदीको किनारै किनार केही पूर्व गएपछि तिलानदीको बायांतिर एउटा गुफा देखिन्छ । गोठालाहरूको भनाइअनुसार यहां कुनै मानव अवशेष छैनन् । करीब एक कोश बाटो अझै पूर्व गए देपालगाउं आउंछ । यसलाई देवलगाउं पनि भन्दछन् । हाल तिब्रीकोट जिल्लाको सदरमुकाम यहीं छ । यहांबाट डोल्पो जाने मूलबाटो नछोडी उत्तरपूर्व बढ्दै गए गर्ज्यांगकोट हुंदै लांगनाभन्ज्यांग पार गरेर गोटीचौर उपत्यका पुगिन्छ । तिब्बती भाषामा भन्ज्यांगलाई लांगना भनिन्छ - यहां नेपाली भाषाभाषीले यस ठाउंलाई रूलनियम जस्तै पारेका छन् । अथवा भनौं टिकनबजी चिउरा जस्तै ।

### (ख) गोटीचौर उपत्यका र त्यसका पुरातात्विक अवशेष ।

गोटीचौर उपत्यका देवदारु र भोजका जंगलले भरिएको अति नै मनोहर ठाउं हो । यो तिब्रीकोट जिल्लामा पर्दछ । यस उपत्यकाको चारैतिर जंगलयुक्त पहाड बीचमा निकै परसम्म फैलिएको खुला मैदान छ । मैदानको बीचमा बाबिलाखोलो नागबेली परेर बगेको हुंदा यसको सौन्दर्य अझै चहकिलो भएको छ । बाबिलाखोलाको उद्गमस्थल पनि यसै उपत्यकाको दक्षिण पट्टिको पहाड हो । बाबिलाखोलो दक्षिणबाट उत्तर बगेर जान्छ र मनीखोलामा मिसिन पुग्छ ।

गोटीचौर उपत्यकाको बीचबीचमा पुराना घरका केही ध्वंसावशेष पनि देखिन्छन् जसबाट पुरातत्वमा चाख हुने मानिस टाढैबाट हेर्दा झुक्किन पनि सक्तछ । वास्तवमा यी अवशेष प्राचीन होइनन् । तिब्बती शरणार्थी यहां आएर बसोबास गरेका थिए । किन्तु उपत्यका मनोरम भए पनि अनेक अन्य असुविधाले गर्दा यहां सबैको बस्ती उजाड भयो । आजकाल यहां केही चौंरीगोठ मात्र अवशिष्ट छन् ।

### (ग) गोटीचौरको धारो ।

लांगनाबाट केही तल झरेपछि गोटीचौरको मैदानभन्दा केही माथिबाट मूलबाटो तेर्छो जान्छ । यसै बाटामुनि दाहिनेतिर एउटा जलाशय देखिन्छ । जलाशयमा ढुंगेधाराबाट निर्मल पानी निरन्तर आइरन्छ । थाकेको यात्रीका लागि यो अमृततुल्य हुन्छ । ढुंगेधाराको सोझै माथि डिलमा ढुंगेधाराको शोभा बढाउन शिखरशैलीमा बनाएको एक मानिसको उचाइ जति अग्लो ढुंगाको एउटा मन्दिर छ । यसलाई भीमसेनमन्दिर भन्दछन् । तर आजकाल यहां कुनै मूर्ति छैन । हुन सक्तछ यसमा कुनै देवदेवीको मूर्ति पहिले थियो होला कारण मूर्ति राख्न बनाएको ठाउं खालि देखिन्छ । यसको शैली विचार गर्दा १५ औं अथवा १६ औं शताब्दीको अनुमान हुन्छ ।

### (घ) महापाषाण अवशेष ।

जलाशयको १५–२० गज पर मानिसको उचाइका तीन विशाल पत्थर गाडिएका छन् । यिनको अवलोकन-

बाट यी महापाषाणयुगीन अवशेष हुन् कि भन्ने अनुमान हुन्छ तर शवाधार राखिएको कुनै अवशेष त्यहां बाहिर दृष्टिगोचर हुन्न । यो निर्जन स्थलमा यस्तो वस्तु भेटिनु विचारयोग्य कुरा छ । हुनत आसामको खसिया, जयन्ता पहाडमा अहिले पनि महापाषाणयुगीन ढुंगाबाट मनुष्यको अन्तिम संस्कार गरिन्छ र त्यसमाथि प्राचीन परंपराबाटै ठूला ठूला ढुंगा गाडिन्छ । जसले गर्दा नयां दर्शकलाई भ्रम पैदा गराउंछ । तर यहां त्यस प्रकार मृत्युसंस्कार गर्ने चलन अहिलेसम्म ज्ञान हुन सकेको छैन । यो प्रथा कुन शताब्दीसम्म यस क्षेत्रमा प्रचलित थियो वा थिएन त्यसको अन्वेषण हुनु नितान्त आवश्यक छ।

## (ङ) डिल्लिकोट गुम्बा ।

गुम्बाको नाम अर्कै होला ! हामीले भने यसको नाम डिल्लिकोट गुम्बानै राख्यौं । कारण यो गुम्बा डिल्लिकोट नामक गाउंमा छ । डिल्लिकोट त्रिबीकोट जिल्लमा पर्दछ र गोटीचौर उपत्यकाबाट डोल्पोतिर जांदा बाटाको छेउमा यो गाउं आउंछ । यो गाउं मानीखोलाको दक्षिण किनारमा भोज र देवदारुले भरिएको जंगल भएको डांडाको पुछारमा एउटा थुम्को परेको ठाउंमा अवस्थित छ । यहां ८–१० घर मात्र भएको सानो गाउँछ जसलाई डिल्लिकोट भन्दछन् । यो बस्ती खम्बाहरूको हो । यिनीहरू मूलतः तिब्बती हुन् र मातृभाषा पनि तिब्बती नै हो । उनीहरू नेपाली भाषामा महताराका नामले पनि विख्यात छन् । महताराहरू तिब्बती र नेपाली दुई भाषाभाषी भएको हुंदा नाम पनि दुवै भाषामा राख्तछन् । लोग्नेमानिस नेपाली लुगा पनि लगाउंछन् । तर स्वास्नीमानिस भने तिब्बती लुगानै मन पराउंछन् । उनीहरूको पूरै संस्कार तिब्बती ढंगको छ । त्यही रुचाउंछन् पनि । त्यसै कारण उनीहरूसित एउटा गुम्बा छ । यो उनीहरूको साझा पैतृक संपत्ति हो । यसैलाई डिल्लिकोट गुम्बा मानिएको हो ।

गुम्बा गाउंको सिरानमा पूर्वपट्टि जंगलभन्दा तल छ । जंगल गाउंको बीचबाट तीनसय गजभन्दा पनि कम समीपमा छ । गाउंभन्दा तल फाटफुट पोथ्राबाहेक कुनै जंगल छैन । गाउंको माथिल्लो भागमा भने निकै घना जंगल छ । यसमा सहसा सूर्यकिरण तलसम्म छिर्न पाउंदैन । यहांका जनता यस जंगलमा आफ्ना चौरी छोड्दछन् । हिउंदमा धपाइएका चौरी बैशाख जेठतिर थलामा फर्किन्छन् । जाडो याममा प्रायः चौरी थाक्दछन् र तिनलाई घरमा राख्नु लाभदायी हुंदैन । यदाकदा चौरीगोठाला गएर दूध दुहेर पनि ल्याउँछन् । जंगल घना भएको हुंदा जाडो याममा हिमपात हुंदा चौरी त्यसबाट जोगिन सक्तछन् । यहां घोडा पनि यसै प्रकार जंगलमा छोडिन्छन् । आवश्यकताअनुसार पक्डेर ल्याइन्छन् पनि ।

डिल्लिकोट गुम्बा कस्तो भौगोलिक स्थितिमा छ त्यो कुरा हामीलाई ज्ञान भयो । गुम्बाको प्रांगणमा पुगेर हेरे यसका बाहिरपट्टि तिब्बती ढंगले अग्ला अग्ला लिंगामा ठाडो पारेर बांधिएका लामालामा ध्वजापताका हावामा फरफराइरहेका देखिन्छन् । यो दृश्य निकै मनोहर लाग्दछ । जसमा काठको फलकद्वारा "ॐ मणिपद्मे हुं" मन्त्र अंकित गरिएको टड्कारै देख्न सकिन्छ ।

गुम्बा दुइतले दक्षिण पूर्व फर्किएको छ । त्यहां पुग्ने दर्शनार्थीलाई मदत गर्न यस गुम्बाका पुजारी लामा कहिले चुक्तैनन् । गुम्बाको भूईंतला भण्डारको काममा प्रयोग गरिएको छ । अतः यहांका देवदेवीको दर्शन गर्न एउटा लिस्नु चढेर दोस्रो तलामा जानुपर्दछ ।

यहां गुम्बालाई दुई भागमा विभक्त गरिएको छ । भित्री भागमा देवदेवी सजाइएका छन् र बाहिरी भागमा लामाहरूले पर्वविशेषमा बसेर पाठ गर्ने ठाउं बनाइएको छ । भक्तजन पनि यहां बसेर आफ्नो काम गर्न सक्तछन् । गुम्बाको भित्री कोठा ४० फूट लामो र २० फूट चौडा छ । यसको बीचमा अनेक मूर्ति राखिएका छन् । प्रायः यहां सबै मूर्ति माटाका छन् । भनिन्छ पहिले यहां धातुका मूर्ति पनि थिए तर ती सबैले मूर्तिचोरका भण्डारको शोभा बढाइसके । भित्तामा रंगीन चित्र पनि अंकित छन् । यी सबै वस्तुको अवलोकनबाट यसको निर्माणकलाको आयु एक शताब्दी पनि पुगेको छैन होला भन्न सकिन्छ । यो कालनिर्णयमा लामालाई पनि कुनै आपत्ति छैन । गुम्बाको निर्माणपछि यसमा अनेक थपघट भइरहनु स्वाभाविक कुरा हो ।

हामीले अघिनै भन्यौं भित्री कोठामा मूर्तिहरू राखिएका छन् । जसमा हेर्दै गए ४७ इन्च अग्लो

३० इन्च चौडाइ भएको दायां हातले बज्र समातेको र बायां हातमा कलशपात्र लिएको बज्रासनमा बसेको गुरु रिन्पोछे (पद्मसंभव) को मूर्ति देखिन्छ। यसको छेउमा ४० इन्च अग्लो २० इन्च चौडाइ भएको खाँरोछेसै छाग्याल (डाकिनी ज्ञानसागर) को मूर्ति उभिएको छ। यसको दायां हात अभयमुद्रामा र बायाँ हातमा कलश देखिन्छ। अर्को यतिनै नाप भएको दायाँ हातमा पात्र र बायाँ हात अभयमुद्रामा भएको खांचेमेन्दरावको मूर्ति उभिएको छ। यी सबै मूर्ति तेलरंगले पोतिएका हुंदा आकर्षक देखिन्छन्। तर यिनको निर्माणशैली भने उति परिपक्क नभएको हुंदा अलि भद्दा देखिन्छन्। यस कोठामा एउटा बोधिचैत्य पनि राखिएको छ जुन अठारौं शताब्दीतिरको अनुमान हुन्छ। यो धातुचैत्य ६ इन्च अग्लो र ४½ इन्च चौडाइको छ। संभवतः यो अन्यत्रबाट यहां ल्याइएको हो। यी यहांका खास खास वस्तु हुन्। यसबाहेक अरू पनि सानातिना मूर्ति र वस्तु छन् ती दर्शकको मनलाई आकर्षित पार्न सक्ने खालका छैनन्।

मूर्तिपछि यहाँका आकर्षक वस्तु हुन् भित्ती चित्र। यसको पूर्वपट्टिको भित्तामा भैषज्यराज तथागत दीपंकर बुद्ध, शाक्यमुनि बुद्ध (मैत्रेय), पश्चिमपट्टिको भित्तामा सिंहमुखी डाकिनी, ग्याल्वा कर्मापा, छाकपा लामा, ह्निमा ह्रोसेर लामा, (सूर्यरश्मि गुरु), तावा लामा, रिन्पोछे (पद्मसंभव) र २०१६ सालमा बनेका दानपति परिवारका चित्र अंकित छन्।

यसैप्रकार उत्तरपट्टिको भित्तामा अवलोकितेश्वर, मञ्जुश्री, वज्रपाणि, कर्मापा लामा, षडक्षरी लोकेश्वर (उभिएको), अमिताभ बुद्ध, बज्रपाणि (शान्तरूप), बज्रघण्टधर लामा र अश्वारोहिणी डाकिनीका चित्रले कोठाको शोभा बढाएको छ।

भित्रको मूर्ति राखिएको कोठाभन्दा बाहिर एउटा कोठा छ जसको चर्चा पहिले पनि भइसकेको छ जसमा विशेष अवसरमा लामाहरू बसेर पाठ गर्दछन्। साथै भक्तजन पनि यहां बस्दछन्। यसका भित्ता पनि चित्रले सजाइएका छन्। यसमा बज्रधर, गुरु श्रीपद्म, गुरु पद्मरश्मि, गुरु सूर्यरश्मि, गुरु शाक्यसिंह, गुरु बज्रधर। गुरु लोदेन छोगश्रे गुरु पद्म ग्याल्पो, गुरु बज्रकील, गुरु बज्रसत्व, आर्यतारा, वीणाराज महाराज, खड्गराज चैत्यराज, ध्वजराज र दानपति परिवारका चित्र अंकित छन्।

पहिले नै भनियो यो गुम्बा यसै गाउँका महातारा (खम्बा) परिवारको पैतृक बस्तु हो। जसलाई पनि उनीहरूले संरक्षण दिंदै आएका छन्। यस धार्मिक उत्तराधिकारमा उनीहरूलाई ठूलो गर्व छ।

## (च) डिल्लिकोटको द्वार।

डिल्लिकोट गाउँको पुछार मानिखोलाको किनारमा गाउंको प्रवेशद्वार छ। बाहिरी रूपरंगबाट यो उति आकर्षक छैन। किन्तु भित्रपट्टि पानी रंगले बनाइएका अनेक भित्ती चित्र छन्। जसमा बुद्धका जीवनसबन्धी चित्रको बाहुल्य छ। द्वारको निर्माणमा ढुंगा, माटो र काठको उपयोग गरिएको छ। बाहिरबाट हेर्दै गए यो द्वारले झन्डै चैत्यको आकार लिएको दृष्टिगोचर हुन्छ। यस क्षेत्रको प्रायः प्रत्येक सम्पन्न गाउंमा यस्तो द्वार बनाइएको पाइन्छ र यस्ता द्वारमा बुद्धको जीवनी अंकित हुन्छ। यहांका जनता यस्तो द्वारलाई तिब्बती भाषामा कगनी भन्दछन्।

यस द्वारको छेउमा बग्ने मानिखोलाको पारिपट्टि डिल्लिकोट गाउँको ठीक पारि पाखामा मानिगाउँ छ। यहाँ पनि गाउँलेहरूको एउटा गुम्बा छ जसमा भएका धातुका कलात्मक मूर्ति चोरी भइसके। अब त्यसमा पनि माटाका मूर्ति मात्र छन्। त्यस्तै हाल डिल्लिकोटभन्दा करीब २ कोश पूर्वोत्तरमा डोल्पोतिर जांदा बाटामा पर्ने चोत्त वा चुर्तागांउमा भएका गुम्बाको पनि छ। चुर्तागाउंबाट डोल्पोको सिमाना २ कोश जति पूर्वतिरमा छ। अतः चुर्ता पनि तिब्रीकोट जिल्लामा प-यो।

## (३) डोल्पोको भौगोलिक परिचय।

तिब्रीकोट जिल्लाको पूर्वी भागमा गए डोल्पो जिल्ला आउने हुंदा यसको भौगोलिक परिचय हुनु आवश्यक होला। कारण कुनै पनि क्षेत्रको सामाजिक जीवनको अध्ययन गर्न त्यस क्षेत्रको भौगोलिक ज्ञान नितान्त आवश्यक हुन्छ। अतः यसको संक्षेपमै भए पनि सर्वप्रथम भौगोलिक स्थिति विचार गरौं।

डोल्पो नेपाल अधिराज्यको पश्चिमी भागमा पर्ने धवलागिरि अञ्चलअन्तर्गतको एउटा जिल्ला हो । यो जिल्ला संसारको मानचित्रमा ८२·२१ देखि ८३·३६ डिग्रीसम्म पूर्वी देशान्तर (Latitude) र २८·४२ देखि २९·४२ डिग्रीसम्म उत्तरी अक्षांश रेखा (Longitude) मा पर्दछ

यस जिल्लाको पूर्वमा मुस्तांग, पश्चिममा तिब्रीकोट र जाजरकोट, उत्तरमा जनगणतन्त्र चीनको तिब्बती क्षेत्र तथा दक्षिणमा रुकुम, बागलुंग र म्याग्दी जिल्ला पर्दछन् । डोल्पोको पूर्वी सीमालाई समुद्रको सतहबाट २१,००० देखि २६,००० फुटसम्म अग्ला हिमाली पर्वतले मुस्ताङ्गबाट छुट्याएको छ । यस टाउंको बीचमा २१,५७२ फुट अग्लो बाटुली पाटन पर्दछ । यो ठाउं पार गरी पूर्वी भागमा गए मुक्तिनाथ पुगिन्छ । यसको पश्चिमी सीमालाई १४,००० फूट अग्लो मौरे तरपौरे तथा १४,८२२ फूट अग्लो भालुलेकले तिब्रीकोट र जाजरकोट जिल्लाबाट अलग गरेको छ । उत्तरमा तिब्बत र डोल्पो जिल्लालाई फोल्दरखोलाभन्दा उभो पर्ने १९,००० देखि २१,८०० फूटसम्म अग्ला खुलापहाडको शृंखलाले सीमारेखाको काम गरेर अलग पारेको छ । दक्षिणमा १७,६८५ फूट अग्लो तोरीबारीलेकले डोल्पोलाई रुकुम जिल्लाबाट र १४,००० देखि २१,४४२ फूटसम्म अग्ला जंगलापानी-ढलो र फागुने जस्ता हिमाली पर्वतशृंखलाले म्याग्दी र बाग्लुङ्ग जिल्लाबाट अलग पारेको छ । यसबाट डोल्पो जिल्ला चारैतिर हिमाली शृंखलाले घेरिएको अतिदुर्गम क्षेत्र हो भन्ने कुरा स्वतःसिद्ध हुन आउंछ । यसको क्षेत्रफल २,६०० वर्ग माइल र जनसंख्या करीब २२,००० छ ।

यसको प्राकृतिक रूप मानचित्र बनाएर हेरेमा केही करंग खुस्केको छाता उघारेर उत्तानो पारेर राखे जस्तो केही नमिलेको वाटुलो देखिनेछ । डोल्पो जिल्लाको सीमा रेखामा केही समय यता थपघट भइरहेको हुंदा प्रामाणिक मानचित्र बन्न सकेको छैन ।

## (४) चौरीकोटदेखि गुद्दुमडांडासम्मका पुरातात्विक वस्तुहरू ।

चौरीकोट मौरेको लेक काटेर पूर्वतिर जांदा ३ कोश जति पर मूलबाटोमा पर्ने एउटा गाउंको नाम हो । यो नेपाली खम्बाहरूको बस्ती हो । खम्बाको नाम सुन्नासाथ यो नयां बस्ती हो भन्ने अन्दाज गर्नु हुंदैन । यो बस्ती कहिले बस्यो त्यसको त प्रमाण केही छैन । तर जंगबहादुरका पालामा पनि यो बस्ती थियो भन्ने यहांका बूढापाकाको भनाइ छ । यहां चौरीपालनको काम अधिक हुन्छ । त्यसकारण यसको नाम पनि चौरीकोट भयो होला । यहां गाउंको सिरानमा पूर्वपट्टि एउटा गुम्बा छ । यसको निर्माण यसै शताब्दीमा भएको हो । यसमा पनि माटाका मूर्तिबाहेक धातुका मूर्ति चोरी भइसके ।

चौरीकोटवाट अझै अघि बढे रिमीगाउं आउंछ । रिमी पञ्चायतभित्र एउटा हुरीकोट भन्ने गाउं भेरीनदीको किनारमा पनि एउटा गुम्बा छ जसमा भएका धातुका ६ थान मूर्ति हालै चोरी भए र पुनः भेटिए । ती अहिले त्यसै गाउंमा छन् ।

बलांग्राको लेक काटेर पूर्वतिर गए पारा गाउं पञ्चायत आउंछ । यसै पञ्चायतभित्र गुद्दुमडांडा नामको स्थान भेटिन्छ । यस ठाउं मा हाल कुनै वस्ती छैन ! तर त्यहां पुरानो भग्नावशेष पाइन्छ । भग्नावशेषका छेउछाउमा बनाइएको भंडागोठका गारामा कलात्मक बलबुट्टा भएका ढुंगाका टुक्रा देखिन्छन् । जसलाई हेरेर यहां सोह्रौं–सत्रौं शताब्दीतिर सुन्दर ढुंगाको चैत्य थियोहोला भन्न सकिन्छ । तर अज्ञानताले गर्दा ती नष्ट भइरहेका छन् ।

## (५) त्रिपुरासुन्दरीको मन्दिर ।

त्रिपुरासुन्दरीको मन्दिर डोल्पो जिल्लामा भएका हिन्दू शक्तिपीठमध्ये सबभन्दा प्रसिद्ध ठाउं हो । यो ठाउं भैरवीनदी र छलगाड (खोलो) को संगम त्रिवेणीमा रहेको उच्च टाकुरामा अवस्थित छ जसले गर्दा श्रद्धालु जन टाढैं-बाट यसको दर्शन पाउन समर्थ हुन्छन् । गाउं भन्दा पनि यो ठाउं अग्लो छ । तर डोल्पो जिल्लाको अरू ठाउंको अपेक्षा यो ठाउं होचै भन्नुपर्छ । यसको उचाइ समुद्रको सतहबाट ७०८२ फुट मात्र छ । यसकारण यहां जाडो कम हुन्छ । साथै कुनै कुनै वर्षबाहेक भारी हिमपात पनि हुंदैन । यत्रतत्र पानीमा ठाडो भने अवश्य जम्दछ । यहाँ धानको खेती हुन्छ ।

मन्दिरको द्वार पूर्वाभिमुख छ । यहांबाट चारैतर्फको दृश्य देखिन्छ । यो ठाउं यहांको गाउंभन्दा उच्च कुटारामा

छ भन्ने कुरा हामीले प्रसंगवश पहिले पनि भनिसक्यौं । पूर्व फर्केर उभिए बायां भागमा केही तल सार्कीहरूको बस्ती छ । दुरको पूर्वोत्तर कुनामा बाहुन छेत्रीको छ्यामिसे बस्ती छ । यी दुवै गाउंलाई मिलाएर कोटगाउं भनिन्छ । यसको अर्को नाम तिब्रीकोट पनि हो । त्रिपुराकोटको विकृत नाम तिब्रीकोट हो । आजकाल तिब्रीकोट नामको अर्को जिल्ला पनि छ जो जुम्लाको छेउमा पर्दछ । पहिले तिब्रीकोटका नामले प्रसिद्ध भएको ठाउं यही हो । आजकाल यसै नामको अर्को जिल्ला पनि भइदिएकोले धेरै मानिसलाई भ्रम पैदा हुन्छ ।

यस ठाउंकी देवीलाई किन त्रिपुरासुन्दरी भनियो त्यसको वास्तविक ज्ञान हुन सकेको छैन ।

यो ठांउ अत्यन्त सुन्दर ठाउंमा भएको हुंदा यसलाई तीनैपुर (स्वर्ग, मर्त्य, पाताल) मा नपाइने खालको सुन्दर ठाउंमा विराजमान भएकी देवीको मन्दिर भनेर स्थानीय जनताले यसलाई त्रिपुरासुन्दरी भनी बढाई–चढाई नामकरण गरेका हुन् अथवा त्रिपुरासुर नामक राक्षसको वध गर्न शिवलाई सहयोग गर्ने देवी भनेर यसको नामकरण भएको हो अथवा त्रिपुरासुन्दरी देवीले यसको जीर्णोद्धार गराएर यसको नाम यस्तो रहन गएको हो त्यो खोजको यिषय हुन गएको छ ।

त्रिपुरासुन्दरी मन्दिरको भौगोलिक स्थिति र त्यसको नामका विषयमा हामीले विचार गऱ्यौं । अब मन्दिर भित्रको स्थिति अध्ययन गर्नु हाम्रो कर्तव्य हुन आउंछ ।

मूल मन्दिरभन्दा बाहिर चारैतिर पाटी पौवाले घेरेर बीचमा मन्दिर बनाइएको छ । मन्दिरको उत्तरी भागको कोठामा देवदेवी विराजमान छन् र दक्षिणी भागको कोठामा हवनकुण्ड छ । यसको परिक्रमापछि हवनकुण्ड र खास मन्दिरको बीचमा बनेको ढोकाबाट केही भित्र छिरेर गएपछि दाहिनेतिर मोडिनुपर्दछ र मूल मन्दिरको गर्भगृहमा पुगिन्छ । जहां पुजारी बडो तन्मयताका साथ चन्दन घोटिरहेका हुन्छन् । यहाँ ७ जना पुजाहारी छन् र यी न्यौपाने थरका उपाध्याय ब्राह्मण हुन् । हामी त्यहां पुगेका समय ६ जना पुजाहारी मूर्तिचोरीको अभियोगमा थुनामा थिए, पछि छुटे । यी पुजाहारी वंशपरंपरागत हुन् ।

त्रिपुरासुन्दरीदेवीको खास मूर्ति छैन । प्राकृतिक ढुंगालाई नै आदिशक्तिपीठ मानिन्छ । यति हुंदाहुंदै पनि यहां अन्वेषकले निराश हुनुपर्ने कारण छैन । आदिशक्तिका उपासक भक्तजनहरूले अनेक मूर्ति र अन्य कलात्मक वस्तु चढाएका छन् । जसलाई देखेर एक पटक गद्गद् नभई रहन सकिंदैन ।

आदिशक्ति त्रिपुरासुन्दरीलाई चढाइएका १७ थान चांदीका आसा गुर्जा पन्साएर हेर्न सके एउटा कपडाले छोपेर राखेको पत्थरको वस्तु देखिनेछ । यो महिषमर्दिनी भगवतीको मूर्ति हो । यसको न चित्र लिन सकिन्छ न नाप नै । अतः यसलाई श्रद्धापूर्वक नमस्कार गरेर सन्तोष गर्नुपर्दछ । यसैको छेउमा आदिशक्ति जगन्माता छन् जसको दर्शन नपाए पनि भक्तजनबाहेक अन्वेषकलाई कुनै असन्तुष्टि हुंदैन । पुजाहारीबाहेक अरू सबै भक्तजनलाई आदिशक्ति माता त्रिपुरासुन्दरी भगवती मुख छोपेरै दर्शन दिन्छिन् ।

यसैको छेउमा एउटा अष्टदल कमलको आकार भएको तामा र चांदी मिसाएर बनाएको ढलौटको मण्डल छ जसको बीचमा महिषमर्दिनी भगवतीको मूर्ति विराजमान छ । यस मण्डलका पत्रमा अष्टमातृकाका मूर्ति अंकित छन् । बीचमा रहेकी भगवतीको उचाइ २ इञ्च र चौडाइ १ इञ्च छ । यो मण्डल आवश्यकतानुसार उघार्न र बन्द गर्न सकिन्छ । उघारेर राखे मण्डलले फक्रेका कमलको फूलको आकार धारण गर्छ र बन्द गरे नफक्रेको कमलको फूलको कोपिलाको रूप बन्दछ । यस मण्डलमा पूरा ९ मूर्ति अंकित छन् । बन्द गरेर नाप लिए यस मण्डलको उचाइ ५ इञ्च हुन्छ । यसको कलापक्षबाट विचार गर्दा निर्माणकाल १५–१६ ह्रौं शताब्दी अनुमान हुन्छ ।

महिषमर्दिनी भगवतीको मण्डल राखिएको ठाउंमै १८ रौं शताब्दीतिर बनेको साढे तीन इञ्च उचाइ र साढे दुई इञ्च चौडाइ भएको प्रभामण्डलसहितको गुरु बज्रधरको मूर्ति छ । त्यसैको छेउमा उसैको समसामयिक चार इञ्च उचाइ र अढाइ इञ्च चौडाइ भएको सप्तलोचनी ताराको धातुमूर्ति राखिएको छ । यसको आसन बज्रपर्यंक, मुद्रा वरद र अभय छ । यसको अर्को कुनामा उसै समयको पौने चार इञ्च उच्च र तीन इञ्च चौडाइको हातमा विन्दुपात्र तथा खड्ग लिएकी चतुर्भुजा भगवतीको धातुको मूर्ति पनि देखिन्छ ।

यी देवदेवीको मूर्ति राखिएको ठीक अर्कोपट्टिको कुनामा ६ इञ्च उचाइ र साढे तीन इञ्च चौडाइ भएको मध्यकालीन राजसी पोशाकयुक्त एउटा सालिक छ। यसको दाहिने हात ध्यानमुद्रामा र बायां हातमा आरसी छ। शिरमा फेटा बाँधिएको छ जसलाई सम्याएर मल्लकालीन राजमुकुटको रूप दिइएको छ। कानमा कर्णपताका विभूषित छन्। यी सबै लक्षणबाट यी राजाको सालिक हो भन्न सुगम हुन्छ। पद्मासनमा बसेको यो मानवमूर्ति सानै भए पनि भव्य देखिन्छ। यसको बगलमा पांच इञ्च उचाइ र तीन इञ्च चौडाइ भएको राजसी पोशाक र आभूषणयुक्त नारीमूर्ति छ। यसको आसन ललित भए पनि अन्य मुद्रा राजाको समान छन्। रानीका छेउमा साढे पाच इञ्च अग्लो र चार इञ्च चौडाइ भएको एउटा अर्को पुरुष मूर्ति छ जसको पोशाक, आसन र मुद्रा राजासित मिल्दछ। तर यसको दाहिने हात भाँचिएको छ। यी मूर्ति वा सालिक रौतैला (राजकुमार) को हो। यी सबै मूर्ति ढलौटबाट बनेका छन्। यी मानवमूर्तिका समूह राजपरिवारको हो। मनाइको तात्पर्य हो यी विक्रम शाहीका परिवार हुन्। साथमा भएका रानी सुनकेसरा हुन् र अर्को पुरुष उनको राजकुमार हो। विक्रम् शाही यस प्रदेशका राजा थिए भन्ने कुरा हामीले जुम्लाको इतिहासमा "सुनकेसरा" नामक शीर्षकको प्रसंगमा चर्चा गरिसकेका छौं। यी सालिक विक्रम शाही (इ. सन् १६०२–१६३१) का समसामयिक प्रतीत हुन्छन्। यसबाहेक अन्य चार धातुका सुन्दर मूर्ति थिए ती अही २०२६ साल पौष १७ गते चोरी भइसकेका हुंदा २५ गते खोजेर पाउनु संभव छैन। अतः तिनको दर्शनबाट वञ्चित हुनु स्वाभाविक कुरा हो। शायद ती अब यस ठाउंबाट सदाका लागि लुप्त भए। यसै प्रसंगमा मन्दिरका ६ जना पुजाहारी पक्राउ परेको कुरा प्रसंगवश अघिनै **चर्चा** भइ सकेको छ। पुजाहारीको भनाइअनुसार ती मूर्ति भगवतीका थिए।

त्रिपुरासुन्दरीको मन्दिरमा पुजाहारीसित एउटा हस्तलिखित ग्रन्थ पनि छ। जसको पारायण यस मन्दिरमा नित्य गर्नु अनिवार्य मानिन्छ। अतः यसमा केही रहस्य पाउन सकिएला भन्ने आशा गर्नु स्वाभाविक हो।

पुस्तकको बाहिरपट्टि "त्रिपुरासुन्दरी त्रिशक्तिरूपा लक्ष्मी कवच" भन्ने वाक्य अंकित छ। यसबाट पुस्तकको नाम यही हो भनेर निश्चय गर्न सुगम हुनु स्वाभाविक कुरा हो। पुस्तक प्राचीन शैलीको अलग अलग पत्र भएको छ। यसको कागज भने भडचाएको नेपाली कागज नभएर काशीतिर पाइने हस्तलिखित ग्रन्थमा उपयोग गरिने खालको थियो। जसबाट ग्रन्थ बाहिरबाट ल्याएको हो अथवा त्यस्तो कागत ल्याएर यहां लेखिएको हो त्यो एकाएक ध्यानमा आइहाल्छ। यसमा उपयोग गरिएको भाषा संस्कृत प्रायः अशुद्ध र लिपि देवनागरी छ। ग्रन्थको पूरा पारायण गर्नु संभव छैन अतः ग्रन्थको आदि र अन्त्य हेरेर आफ्नू कार्य समाप्त गर्नुपर्छ।

ग्रन्थको प्रारम्भमा श्री गणेशाय नमः श्री श्रीपुरासुन्दर्यै नमः देव्यौवाच भगवान्सर्वधर्मज्ञ सर्वशास्त्रार्थपारगाय त्रिशक्तिरूपा लक्ष्म्या कवचं यत्प्रकाशित।" र अन्त्यमा "इति श्री रूद्रयामले तन्त्रे त्रिपुरासुन्दरी सहस्त्रनाम संपूर्णम् इति सम्वत् १६१४ साल समये वैशाषमासे कृष्णपक्षे प्रतिपदायां शनिवासरश्चतायां श्री माइ त्रीपुरासुन्दरि सरर्ण लेषक पुर्णानंद उपाध्याय: सर्मणः शुभम्" लेखिएको छ।

यसबाट यो ग्रन्थ १६१४ सालमा पूर्णानन्द उपाध्यायले रुद्रयामलतन्त्रबाट उद्धृत गरेर लिएका रहेछन् भन्ने कुरा स्वतःसिद्ध हुन आयो। रुद्रयामलतन्त्र सर्वविदित कुरा हुदा यसमा अधिक विचार गर्नुपर्ने कुरा रहेन। पूर्णानन्द उपाध्याय कुनै समय यसै मन्दिरका पुजाहारी थिए भन्ने कुराको पुष्टि यस मन्दिरका वर्तमान पुजाहारी भीमदत्त उपाध्यायबाट पनि मिल्यो।

यस मन्दिरमा मूर्तिबाहेक यसै शताब्दीमा पानीरंगद्वारा अंकित गरिएका भित्ती चित्र पनि छन्। यिनलाई पनि त्यहां पुग्ने अन्वेषकले त्यसै ल्याउन सक्तैन।

मन्दिरको दक्षिण पट्टिको भित्तामा उभिएकी लक्ष्मी, हंसवाहिनी सरस्वती, गणपति र पश्चिमपट्टि योगासनमा शिव पद्मासनमा पार्वती र पूजा गर्ने पत्पर नौ जना भक्तहरू छन्। यसै प्रकार उत्तरतिरको भित्तामा नवदुर्गाका चित्र देखिन्छन्।

यी त भए भित्री भागका कुरा। मन्दिरको बाहिर प्रवेशद्वारको दाहिनेतिर पेटीमा साढे चौबीस इञ्च अग्लो र तेह्र इञ्च चौडाइ भएको एउटा शिलापत्र राखिएको छ। यो शिलापत्र विक्रमबहादुर राना नामक व्यक्तिले संवत् १९६२ सालको आश्विन महीनामा आफ्नी आमाको

उद्धार हवस् भनी यहां आउने साधुसन्तलाई बस्न सुविस्ता गराउने हेतुले मन्दिरको उत्तर तर्फको धर्मशाला बनाई राखेका हुन् । यसै मूल प्रवेश द्वारबाट भित्र पस्नासाथ सामुन्नेमा एउटा घण्ट झुण्डिएको देखिन्छ । यो घण्ट पुजाहारी हरि उपाध्याय नामक व्यक्तिले शाके १७४६ संवत् १८८१ सालको फागुन शुद्ध १५ मा त्रिपुरासुन्दरीलाई चढाएका हुन् । मन्दिर जीर्ण भइसकेको छ ।

त्रिपुरासुन्दरीको मन्दिरभन्दा पश्चिमउत्तर र कोट-गाउंभन्दा पश्चिम गाउं सितै जोरिएको पहरामा एउटा गुफा सानो भए पनि भूतप्रेतमा बिश्वास राख्ने जनता यसलाई आदरको दृष्टिले हेर्दछन् । यहां कुनै मूर्ति छैन तर वेलावेलामा पशुबलि दिइन्छ । यसमा जाने बाटो साह्रै विकट छ ।

## (६) दूनेको सरस्वतीमन्दिर

दूने डोल्पो जिल्लाको सदरमुकाम हो । यहां एउटा सरस्वतीमन्दिर छ । यसै कारण दूनेलाई सरस्वतीतीर पनि भन्दछन् । यो ठाउं भैरवीनदीको किनारमा छ । भैरवी भेरीको सहायक नदी हो । यहां सरस्वतीको मन्दिर भएको हुंदा भैरवीलाई पनि कसै कसैले सरस्वती भनेको सुनिन्छ । तर दूनेबाहेक तलमाथि कतै कसैले भैरवीलाई सरस्वती भनेको सुनिदैन । यहां भने दूनेलाई सरस्वतीतीर भनेको पनि सुनिन्छ ।

यहांको सरस्वतीमन्दिर आधुनिक हो । यसको निर्माण वि. सं. १९८३ सालपछि भएको हो । यसका पुजाहारी यहींका स्थानीय बासिन्दा हुन् । यहां जम्मा ८ घरको बस्ती छ । यो ठाउं समुद्रतलबाट ७५०० फूटको उचाइमा पर्दछ ।

मन्दिर साधारण किसिमको एकतले र यसको द्वार पूर्वाभिमुख छ । भित्रको नाप दश फुट चार इन्च लम्बाइ र त्यति नै चौडाइ भएको यस मन्दिरमा अनेक मूर्ति खचाखच राखिएका छन् । यिनमा प्रायः सबै मूर्ति आधुनिक छन् ।

यसमा सर्वप्रथम पांच इन्च उचाइ र अढाइ इन्च चौडाइ भएको ललितासनमा बसेको चतुर्भुजा सरस्वतीको मूर्ति राखिएको पाइन्छ । त्यसपछि यसभन्दा अलि पुरानो तेह्र इन्च उचाइ र साढे आठ इन्च चौडाइ भएको चतुर्भुज गणेशको शिलामूर्ति देखिन्छ । यसैक्रममा एउटा अर्को धातुको आधुनिक सरस्वतीको मूर्ति आउंछ । जसको उचाइ साढे पांच इन्च र चौडाइ अढाइ इन्च छ ।

यो सरस्वतीमन्दिर हो । तर यसमा सरस्वतीका मूर्ति मात्र छैनन् । अन्य देवदेवीका मूर्ति पनि राखिएका छन् । यसमा गणेशको मूर्ति हुनु त्यति असिल्दो लाग्दैन । कारण गणेश विघ्नान्तकको रूपमा पनि रहन सक्छन् । तर यहां गणेश मात्र छैनन् ।

हेर्दै जांदा साढे पांच इन्च उचाइ र साढे तीन इन्च चौडाइ भएको एउटा हरगौरीको प्रस्तरमूर्ति राखिएको छ र यो पनि अरू जस्तै आधुनिक छ । यसैको आडमा पांच इन्च उचाइ भएको उसै कालको चतुर्भुज विष्णुको प्रस्तरमूर्ति पनि छ ।

यी त भए धातु र प्रस्तरका मूर्ति । धातु र प्रस्तरका मूर्तिबाहेक यहां माटाका मूर्ति पनि छन् र ती सबै आधुनिक र कांचा माटाका ।

सबभन्दा पहिले शेषासन चतुर्भुज नारायणको कुरा गरौं । यसको उचाइ चौबीस इन्च र चौडाइ बाह्र इन्च छ । यसको लगत्तै पछि बत्तीस इन्च अग्लो र सत्र इन्च चौडाइ भएको मयूरवाहिनी चतुर्भुजा सरस्वतीको मूर्ति आउंछ। यी देवदेवीका छेउमा देब्रे घुंडामाथि दाहिने पाउ राखेर पलेटी कसेर बसेको, दाहिने हातमा पुष्प र देब्रे हातमा रुद्रमुष्ठि पारेको बीस इन्च उचाइ र नौ इन्च चौडाइ भएको एउटा मानवमूर्ति छ। यो मूर्ति पृथ्वीनारायण शाहको हो। यसै क्रममा ६ जना भक्त उभिएका, त्यसपछि हनुमान् र सिंहको पालो आउंछ ।

यी सब मूर्ति जेसुकैका भए पनि त्यति महत्वका छैनन्। यहांको सबभन्दा महत्वपूर्ण मूर्ति हो आर्यताराको। यो रजतप्रधान धातुमा बाक्लो सुनको मोलम्बा लगाइएको छ। यो ढलौटे मूर्ति सानो भए पनि भारी छ। यसको एउटा हात अभय र एउटा हात वरद मुद्रामा छ। आसन ललित देखाइएको छ। यसका वस्त्राभूषण र केशविन्यासमा आफ्नै विशेषता छ । यसको उचाइ तीन इन्च र चौडाइ दुई इन्च छ । यसको शैलीका अनुसार निर्माणकाल सत्रौं शताब्दीको प्रारम्भतिरको होला भन्न सकिन्छ।

यस्तो अत्याधुनिक मन्दिरमा यति पुरानो मूर्ति पाउनु असंभव कुरा हो। यो कुरा भुल्नु हुन्न। यो मूर्ति यहींका बासिन्दा अशोककुमार हमालले बारी खन्दा ३ वर्षअघि मन्दिरभन्दा करीब एक सय गज पर पाएका हुन्। त्यसै दिनदेखि यसले यस मन्दिरको शोभा बढाएको हो। यो उनीहरूको भनाइ हो। यदि यो कुरा सत्य हो भने यो मूर्ति पाएका ठाउंमा अरू पनि वस्तु पाइन संभव छ।

यस मन्दिरमा भित्ती चित्र पनि अंकित छन्। ती चित्र पनि मूर्ति जस्तै अत्याधुनिक हुंदा यहां उल्लेख गर्नु त्यति उपयुक्त नहोला।

## (क) भूतको ढुंगो।

दूनेको सरस्वती मन्दिरभन्दा केही तल उत्तरपश्चिम कुनामा पर्ने एउटा बारीमा शिलापत्र जस्तो एउटा ढुंगो गाडिएको छ। यसलाई स्थानीय जनता भूतको ढुंगो भन्दछन्। यसमा कुनै अक्षर अंकित छैन अतः यो शिलाभिलेख भन्ने कुरै भएन। बारीको बीचमा रहेको ढुंगाका वरिपरि केही जमीन बांझो छोडिएको छ। यो भूतको ढुंगालाई कसैले छुन हुंदैन।

यसलाई भूतको ढुंगो भन्नमा विशेष तात्पर्य छ। कारण केही वर्षअघि यसै ढुंगाको छेउमा घरको जग खन्दा एउटा माटाको घ्याम्पो पाइएको थियो। त्यस घ्याम्पोमा मानिसका हाडखोड थिए। घ्याम्पो गाडेका ठाउंमा परिपरि ढुंगाको बाक्स जस्तो गारो बनाएको थियो। यस गाराको लम्बाइ आठ हात थियो। घ्याम्पाका साथमा अरू पत्र थिए। जसलाई गाउका केटाकेटीले खेलाउना बनाउंदै फोरेर फ्याके। भूतका पात्र केटाकेटी बाहेक कसले छुन्छन् र? खेलाउना खेलाउने केटाकेटी त कतिचोटि बिरामी परे भूत लागेर। त्यसै कारण ती सबै चीज फ्याकिए पनि।

गाउंलेका अन्धविश्वासका कुरा हाम्रा लागि महापाषणयुगीन सभ्यताका सूचक थिए। संभव छ यस्ता अवशेष खोजी गरे अन्यत्र पनि पाउन सकिएलान्। यदि यी वस्तु महापाषण युगका अवशेष ठहरिए भने नेपालको पुरातात्विक जगतमा पहिलो वस्तु हुनेछ।

## (७) टुप्पा गुम्पा।

डोल्पोको सदरमुकाम दूनेबाट ५ कोश पूर्व गएपछि टुप्पातारा नामको गाउं आउंछ। यहां गाउंका जनताले बनाएको एउटा गुम्बा छ। यसैलाई टुप्पागुम्बा भनिएको हो। गुम्बा बीसौं शताब्दीको प्रारंभतिर बनेको भए पनि अहिले त्यसको अवस्था जीर्ण छ। जसबाट त्यहां जाने नौला व्यक्तिलाई निराशबाहेक केही हुंदैन। तर गुम्बाका वरिपरि गाडेका लिंगाका ध्वजा हावामा फरफराउंदा त्यसको आवाजले केही सन्तोष अवश्य दिलाउंछ। यो गुम्बा टुप्पातारा गाउंको सिरानमा छ। यो गुम्बा भएको ठाउंको उचाइ समुद्रको सतहबाट ११००० फूट होला। यो पूर्वाभिमुख छ।

गुम्बा एकतले भए पनि यहां अनेक आकर्षणका वस्तु राखिएका छन्। हुनत यसको पूर्व पश्चिमको लमाइ ५३ फूट र ८ इन्च उत्तर दक्षिणको चौडाइ १६ फूट ११ इन्च मात्र छ। किन्तु यसमा सजाएर राखिएका माटाका मूर्ति र भिती चित्रले दर्शकलाई मुग्ध नपारी छाड्दैनन्।

द्वारबाट भित्र प्रवेश गर्नासाथ माटाका मूर्ति लहरै सजाएर राखिएका देखिन्छन्। सबभन्दा पहिले दर्शकको दृष्टि २४ इन्च अग्लो र २२ इन्च चौडाइ भएको पद्मासनस्थित बज्र र खट्वांगधारी गुरु पद्मसभवमा पर्दछ। यसपछि यसैको छेउमा २६ इन्च अग्लो र १६ इन्च चौडाइ भएको अमिताभ बुद्धको मूर्ति देखिन्छ। बज्रासनमाथि ध्यानमुद्रामा रहेको यो मूर्ति निकै आकर्षक लाग्दछ। यसै क्रममा २६ इन्च उचाइ र त्यतिनै चौडाइ भएको अपरिमित तथागतको मूर्ति छ। बज्रासनमा ध्यानमुद्रामा रहेको यस मूर्तिका हातमा अमृत, आयुकलश धारण गराइएको छ। त्यसपछि अन्त्यमा १२ इन्च उचाइ र ८ इन्च चौडाइ भएको भूस्पर्श मुद्रा गरी बज्रासनमा राखिएको शाक्यमुनि बुद्धको मूर्ति छ। यो मूर्तिको अवलोकनपछि दर्शकका ध्यान गुम्बाको भित्तामा पानी-रंगद्वारा अंकित गरिएका रंगीन चित्रमा जान्छ। गुम्बा अलि अलि चर्किएको र त्यति सुरक्षा पनि हुन नसकेको हुंदा एक शताब्दी नपुग्दै यी चित्रले आफ्नो अन्तिम दिन गनिरहेको अनुभव हुन्छ।

पूर्वतर्फको भित्तामा सबभन्दा पहिले आलीढासन, ध्वजा तथा वज्रधारी क्रोधमूर्ति छ जसका साथमा

पालगोनमानी श्वेतवर्णा शक्ति लिप्त छ । यस चित्रको दर्शन गर्ने व्यक्ति आफू पनि भावविभोर भएर स्तब्ध हुन सक्छ । यसै क्रममा आलीढासन खट्वांगपात्रधारी रक्तवर्ण ताधिनक्ष्य र उस्तै आसन भएको पात्र र नकुलधारी नीलवर्ण जम्बल, त्यसपछि नीलवर्ण ललितासने तथा कमल र नकुलधारिणी तारा, वज्रपर्यंकासन, श्वेतवर्णा, सप्तलोचनी तारा, र अन्त्यमा भैषज्यराज तथागतका चित्र मनमोहक लाग्दछन् ।

दक्षिणतिरको भित्तामा सर्वप्रथम भूस्पर्शमुद्रामा अक्षोभ्य बुद्ध अंकित देखिन्छ र त्यसपछि क्रमशः वरद मुद्रामा रत्नसंभव, धर्मचक्रमुद्रामा संभवतः वैरोचन, ध्यानमुद्रामा अमिताभ, अभयमुद्रामा अमोघसिद्धि, त्रिकालबुद्ध (१) दीपंकर, (२) शाक्यमुनि र (३) मैत्रेय पनि अंकित छन् । अघि बढ्दै जाँदा बोधिसत्व-सहित अभिताभ, सहस्रभुज लोकेश्वर, आलीढासन बज्रधारी रक्तवर्ण एक प्रकारको महाकाल, गुरु रिम्पोछे अर्थात् पद्मसंभव र यस पाताको अन्त्यमा बज्रकपाल तथा खट्वांगधारिणी, सिंहमुखी डाकिनीको चित्र अंकित देखिन्छ ।

यसै प्रकार पश्चिम तर्फको भित्तामा वज्रसत्व, समन्तभद्र, खण्डित भइसकेकोशक्ति सहितको क्रोधमूर्ति, कर्त्रिपात्रधारणी रक्तवर्णा योगिनी, शक्तिसहित आलीढासन षड्भुज महाबज्रपाणि, त्रिमुख षड्भुज शक्तिसहित अञ्जलिबद्ध वज्रकील भैरव, कर्तिपात्रधारी शक्तिसहित बज्रासनमा बसेको र दायाँबायाँ कमलपुष्प लिई धर्मचक्र मुद्रामा अंकित रक्तवर्ण तान्त्रिक मूर्ति र अन्त्यमा अपरिमित तथागतका चित्र साह्रै मनमोहक छन् ।

उत्तरतर्फ पनि धर्मचक्र मञ्जुश्री, षडक्षरी लोकेश्वर, बज्रपाणि, आर्यतारा, अष्टतारादेवी, डमरु एवं शृंगधारी सिद्ध, डमरु र घण्टधारिणी श्वेतवर्णा डाकिनी, बज्रवाराही, डमरु र कपालधारिणी नीलवाराही र अन्त्यमा सिंहवाहन ध्वजराज देखिन्छन् ।

मूर्ति र त्यसपछि यहाँको आकर्षणको वस्तु हो माने। यो माने ५१ इन्च उचाइ र २९ इन्च गोलाइ भएको काठको खोक्रो वस्तु हो । यसलाई चारैतिर छालाले मोरेर त्यसमा सुन्दर ढंगले रञ्जना लिपिमा षडक्षरी मन्त्र "ॐ मणि पद्मे हुं" अंकित गरिएको छ । त्यसलाई तल र माथि काठका मूढा राखेर फलामका कीलाको धूरीद्वारा घुम्न सक्ने किसिमले ठड्याइएको छ र तल्लो भागमा एउटा छालाको लोती बाँधिएको छ जसलाई तान्नासाथ गोडाले चलाउने लुगा सिउने मिशिनको ठूलो चक्का घुमेझैं फनफनी घुम्न लाग्दछ । यस खोक्रा माने-भित्र पनि षडक्षरी मन्त्र कागजमा लेखेर यसलाई भरिने गरी हालेर बन्द गरिएको छ। यसमा मन्त्र लेखेर राख्नाको उद्देश्य यो माने जतिपल्ट घुमायो त्यति पल्ट यी सबै मन्त्रको पाठ गरेको पुण्य लाभ हुन्छ भन्ने धार्मिक विश्वास हो ।

यता केही वर्षदेखि यस क्षेत्रमा पनि मूर्तिचोरको जगजगी बढेको छ । यस गुम्बाका अज्ञात भएका धातु र काठका मूर्ति चोरीबाट जोगाउन यस गुम्बाका अधि-कारी वा पुजाहारी जे भनौं चंखलाल बूढा मगरले आफ्नो घरमा राखेका छन् ।

उनका घरमा भएका मूर्तिमा अठारौं शताब्दीतिरको साढे नौ इन्च अग्लो, साढे छ इन्च चौडाइ भएको धातुको मूर्ति सर्वप्रथम आयो । यो मूर्ति अनागतबुद्ध अर्थात् आर्यमैत्रेय बोधिसत्वको हो । यसको आसन वज्र र मुद्रा धर्मचक्र छ । त्यस्तै अर्को मूर्ति २१ इन्च अग्लो र १३ इन्च चौडाइ भएको गुरु पद्मसंभवको छ । यसको आसन पद्मासन छ र पित्तलका पाताले निर्मित छ । संभवतः यो मूर्ति १९ सौं शताब्दीको प्रारंभमा बनेको हो । यसका साथमा अर्को पनि मूर्ति छ । त्यो पित्तलको नभएर काठको छ । यसमा सुनौला रंग पोतेर पित्तलको जस्तै बनाएको छ । यो उभिएको मूर्ति पद्मपाणि लोके-श्वर (बुंगमेश्वर) को हो । यसको उचाइ २३ इन्च र चौडाइ ११ इन्च छ । यसको पनि निर्माणकाल १९ सौं शताब्दी हो । अन्त्यमा एउटा अर्को काठको मूर्ति पनि आयो । जसको उचाइ १८ इन्च र चौडाइ १० इन्च छ । यो आर्यताराको उभिएको मूर्ति हो । यसमा पनि सुनौला पोतिएको छ । जसले गर्दा मूर्ति चमकिलो देखिन्छ। यसको निर्माणकाल पनि पहिलेकै काठका मूर्तिको समान देखिन्छ ।

टुप्पागुम्बाको निर्माण यसै शताब्दीमा भएको भए पनि सबै मूर्तिको अवलोकनपछि यसको परंपरा अट्ठारौं शताब्दीदेखि नै शुरु भएको होला भन्न करै लाग्छ। गुम्बा त बन्छन् भत्किन्छन् तर शुरुको परंपरा कायमै रहन्छ।

## (न) शहरताराका गुम्बा र धाराहरू ।

शहरतारा भन्नासाथ मानिसलाई यो तारा नाम गरेको शहर रहेछ भन्ने भान पर्दछ । तर यो ७० घर मात्र भएको एउटा गाउं हो । यसका निवासी मगर हुन् । यो गाउं टुप्पातारावाट एक कोश दक्षिणपूर्वमा पर्दछ । यहांका निवासी मगर भए पनि यिनको भाषा 'काइके' हो । काइकेभाषा संभवत: मोनखमेर परिवारको हो । काइकेभाषाभाषीको संख्या जम्मा ६०० मात्र छ । यस गाउंभन्दा तल रहेको २२ घर मात्र वस्ती भएको ताराकोट र टूप्पाताराका ६५ घर मगरबाहेक अरू कोही काइके बोल्दैनन् । अड्डाखानाबाहेक यिनीहरूको एउटा गाउंले अर्को गाउंसित संम्पर्क राख्ने भाषा हो तिब्बती । यसैकारण यिनीहरूका दुइ नाम हुन्छन् । एउटा अड्डा-खानामा काम लाग्ने नेपाली नाम र अर्को घरमा काम लाग्ने नाम तिब्बती भाषामा हुन्छ । यिनै जनताले बनाएका धार्मिक पीठ केही गुम्बाहरू छन् । तिनैको चर्चा यहां गरिन्छ ।

### (क) तल्लो माघाङ गुम्बा ।

यहां यस नामका दुई गुम्बा छन् । पहिले तल्लो गुम्बाकै कुरा गरौं । यो बाहिरबाट ह्वाट्ट हेर्दा गुम्बा त्यति आकर्षक छैन । तर भित्र पसेपछि त्यति असन्तोष हुंदैन । गुम्बाको द्वार पूर्वाभिमुख छ । यो एकतले गुम्बा हो यसको लम्बाइ चौंडाइ त्यति धेरै छैन । नापेर नै हेरेका खण्डमा पूर्वपश्चिम लङ १२ फूट ४ इन्च र उत्तरदक्षिण लङ १२ फूट १० इन्च मात्र देखिन्छ । यो भित्री कोठाको नाप हो । यस कोठालाई अनेक मूर्ति र भित्ती चित्रले जीवन दिएको छ ।

द्वारबाट प्रवेश गर्नासाथ ३५ इन्च अग्लो र १६ इन्च चौंडाइ भएको गुरु पद्मसंभवको मूर्ति देखिन्छ जसलाई बज्रासनमा राखिएको छ र तेलरंगले रंगाइएको छ । यसको बनावटबाट यसलाई झट्ट हेरेर माटाको भन्न असजिलो पर्छ । यसका आसपासमा अन्य मूर्ति पनि छन् । तिनमा माटैद्वारा निर्मित ३६ इन्च अग्लो र २२ इन्च चौंडाइ भएको रंगीन अपरिमित तथागतको मूर्ति अझै भव्य लाग्दछ । अन्त्यमा काठद्वारा निर्मित १२ इन्च उचाइ र ८ इन्च चौंडाइ भएको अमिताभ तथागतको रंगिन मूर्ति सजाइएको छ ।

यस खुम्बामा मूर्तिबाहेक भित्ती चित्र पनि अंकित छन् । भित्ती चित्र पानी रंगद्वारा निर्मित छन् । पूर्वपट्टि-को भित्तामा सर्वप्रथम आउंछ बज्रपाणिको चित्र, त्यस-पछि क्रमस: सिंहनाद लोकेश्वर, आलीढासनस्थित रक्तवर्ण शरचापधारी महाकाल, ताण्डवरूप बज्रवीर महाकालका चित्र पाइन्छन् ।

दक्षिणतर्फको भित्तामा बज्रकील महाकाल, बज्रवाराही, त्रिमुख षड्भुज आलीढासन महाकाल (जसका साथमा शक्ति पनि देखाइएको छ), शक्त्यात्मक कर्त्रिपात्रधारी नीलवर्ण आलीढासन महाकाल, शक्त्यात्मक समन्तभद्र र बज्रासनस्थित गुरु पद्मसंभवका चित्र देखिन्छन् ।

पश्चिमपट्टिको भित्तामा अभय वरद मुद्रामा दीपंकर तथागत, भूस्पर्श मुद्रामा शाक्यमुनि, धर्मचक्रमुद्रामा मैत्रेय अभिताभबुद्ध, भैषज्यराज र अन्त्यमा दुर्गतिपरिशोधन तथागतको चित्र अंकित छ । जसको वर्ण श्वेत र अभय, अर्द्धध्यान मुद्रा देखाइएको छ ।

अन्त्यमा उत्तरतर्फको भित्तामा नष्टप्राय: चित्र देखिन्छन् । अन्य ठाउँभन्दा यो पाटो ज्यादै जीर्ण भएको छ र यसका चित्र पनि नष्ट भएका छन् । यसमा बांकी रहेका चित्रमा अपरिमित तथागत र एकादश लोकेश्वर देखिन सक्ने अवस्थामा छन् ।

### (ख) माथिल्लो माघाङ गुम्बा ।

तल्लो माघाङ गुम्बाबाट निस्केर केही कदम माथि गएर उक्लेपछि माथिल्लो माघाङ गुम्बा आउंछ । यो गुम्बा पहिलो गुम्बाभन्दा केही समयपछि निर्मित भएको हो । पहिलो गुम्बा एकतले छ भने यो दुइतले छ र यसको द्वार पनि उत्तराभिमुख छ ।

यस गुम्बाको द्वारबाट भित्र पस्नासाथ लहरै मूर्ति राखिएको देखिन्छ । जसमा सर्वप्रथम चोङखापा नामक एकजना प्रख्यात लामाको मूर्ति देखिनेछ । जसलाई मञ्जुश्री अवतार पनि मान्दछन् । यो मूर्ति धर्मचक्रमुद्रामा छ र दुवैतिर पद्मांकुरमाथि चन्द्रहास, खड्ग तथा पुस्तक अंकित गराइएको छ । पद्मासनमा रहेको यो मूर्ति हेर्दा निकै भव्य लाग्दछ । यसमा पोतिएको तेलरंग पनि एउटा कारण हो । यस मूर्तिको उचाइ २६ इन्च र चौडाइ १६

इन्च छ। टाढैबाट हेर्रेर यसलाई सहसा माटाको भन्न कठिन पर्दछ। त्यसपछि २२ इन्च उचाइ र १४ इन्च चौडाइ भएकी वज्रासनस्थित धर्मचक्रमुद्रामा माटाको शाक्यमुनि बुद्ध छ। त्यति नै लम्बाइ चौडाइ भएको अर्को शाक्यमुनि बुद्धको माटाको मूर्ति पनि राखिएको छ। तर यसको मुद्रा भू–स्पर्श छ। यसै क्रममा १७ इन्च उचाइ र १३ इन्च चौडाइ भएको ललितासन आर्यताराको मूर्ति र बज्रासनस्थित पद्मसंभवका दुई मूर्ति छन् एउटाको उचाइ २४ इन्च र चौडाइ १६ इन्च छ भने अर्कोको उचाइ १८ इन्च र चौडाइ १२ इन्च मात्र छ। यसपछि पुनः आयो आर्यताराको मूर्ति, जसको उचाइ १८ इन्च र चौडाइ १२ इन्च छ। यसपछि यन्त्यमा एउटा राजा अथवा लामाको मूर्ति देखिन्छ। यो बज्रासनमा अवस्थित छ र ध्यानमुद्रामा पुस्तकसहित दृष्टि गोचर हुन्छ। यसको उचाइ १६ इन्च र चौडाइ १२ इन्च छ।

मूर्तिको अवलोकनपछि पालो आउँछ भित्तीचित्रको। पूर्वतर्फको भित्तामा रहेका त्रिमुख षड्भुज शक्त्यात्मक बज्रकील महाकालले सर्वप्रथम दर्शकको स्वागत गर्दछन्। उति न हातमुख भएका बज्रघण्टधर महाकाल पनि आफ्नु पालो पर्खिरहेका देखिन्छन्। त्यसपछि आकाशयोगिनी, द्विभुजकर्त्रिपात्रधारी शक्त्यात्मक शंबर, समन्तभद्र तथागत, बजगुरु एकपछि एक गर्दै आउँछन्।

पश्चिमतर्फको भित्तामा सर्वप्रथम अमिताभ तथागत आउछन्। त्यसको लगत्तैपछि षडक्षरी लोकेश्वर, छेदो-पेमाग्याल्पो अर्थात् आयुपद्मराज छन्। उनको वर्ण रातो भए पनि उनकी शक्तिलाई उनीबाट अलग देखाउन कलाकारले ताम्रवर्ण अंकित गरेको छ। ललितासनमा बसेको पुरुषका हातमा बज्रकलश र शक्तिका हातमा पताका र कलश देखाइएको छ। यसपछि क्रमशः सहस्रभुज लोकेश्वर, अपरिमित तथागत र यस पाटाको अन्त्यमा बज्र र कंगलीधारी एक प्रकारको महाकाल देखिनेछ।

यसै प्रकार उत्तरतर्फको भित्तामा सर्वप्रथम आर्यतारा र त्यसपछि उर्ग्येननोर्ला अर्थात् उर्ग्येन रत्न जम्बल (कुबेरविशेष) को चित्र छ। यसका हातमा ध्वज र नकुल धारण गराइएको छ। यसको आसन ललित भए पनि सिंहारूढ देखिन्छ। यी चित्रको निरीक्षणमा दर्शकलाई झर्को लाग्ने दृश्य कहीं आउँदैन। दर्शकका सामनेका चित्र पनि बदलिँदै जान्छन्। क्रमशः जम्बलकुबेर, द्विभुज महाकाल, चतुर्महाराज (वीणाराज, ध्वजराज, खड्गराज र चैत्यराज) का चित्र बडा रोचक छन्। यस्तै बुद्धहेरुक, रत्नहेरुक, बज्रहेरुक, पद्महेरुक, कर्महेरुक, र बज्रहेरुक अर्थात् बज्रसत्व अंशका चित्र पनि कम आकर्षक छैनन्।

यस गुम्बाको एउटा अर्को पनि तला छ। जसमा मूर्ति आदि कलात्मक वस्तु छन् कि भन्ने आशंका हुन्छ। तर यस तलामा केवल लामाहरूलाई बस्ने ठाउँ छोडिएको छ। यसकारण यस गुम्बाका दर्शनीय वस्तु समाप्त भए भन्ने ठान्नु उपयुक्त हुन्छ।

## (ग) नामग्याल गुम्बाको ध्वंसावशेष।

माथिल्लो माघाङ गुम्बाबाट केही माथि डाडामा पुगेपछि एउटा भग्नावशेष आउँछ। यसै ठाउँमा पहिले कुनै समय नामग्याल नामको गुम्बा थियो। त्यसै कारण अहिले पनि यहांका जनता त्यस भग्नावशेषलाई नामग्याल गुम्बाका नामले सम्बोधन गर्दछन् र बाटो हिंड्दा त्यहां पुग्नासाथ आदरपूर्वक झुकेर ढोग्दछन्। यति हुंदाहुंदै पनि अनेक आर्थिक कठिनाइले गर्दा यो गुम्बा पुनः बन्न सकेको छैन। तर यसका यावत् सामग्री ताक्ला लामाको घरमा सुरक्षित देखन पाउदा त्यहां पुग्ने यात्रीलाई आनन्द लाग्नु स्वाभाविक हुन्छ। ताक्ला लामाको घर भग्नावशेष भएको ठाउंबाट धेरै पर छैन। १५–२० वर्षदेखि जम्मा भएको धूलो झारेर हेर्न सके यहां मूर्ति मात्र होइन तन्जूर कन्जूरका पुस्तक पनि सुरक्षित पाउन सकिन्छ। तर यी सबै वस्तु एक शताब्दी-भन्दा पुराना कुनै पनि छैनन्। यी सबै वस्तु एउटा अंध्यारो कोठामा राखिएका छन्। बाहिर ल्याएर हेर्नु धार्मिक अन्धविश्वासले बाधा गर्छ। यस अवस्थामा दियालाको प्रकाशभन्दा चोरबत्ती भए अधिक उपयोगी हुन्छ।

यस कोठामा भएका मूर्तिमा सबभन्दा पहिले १९ इन्च अग्लो र १९ इन्च नै चौडाइ भएको अमिताभ बुद्धको मूर्ति छ। त्यसपछि षड्क्षरी लोकेश्वरको मूर्ति आउंछ। जसको उचाइ १५ इन्च र चौडाइ ११ इन्च छ। त्यस्तै २२ इन्च अग्लो र १३ इन्च चौडाइ भएको अमिताभ बुद्ध र १२ इन्च उचाइ र ७ इन्च चौडाइ भएको षडक्षरी लोकेश्वरका मूर्ति पनि छन्। यी सबै मूर्ति

पित्तलका पाता जोडेर बनाइएका छन् । ढलौटे मूर्तिमा ७ इन्च उचाइ र साढे तीनइन्च चौडाइ भएको अपरिमित तथागत र एउटा षड्क्षरी लोकेश्वरको मूर्ति छ। जसको उचाइ ७ इन्च र चौडाइ ४ इन्च छ। यसबाहेक धर्मपाल आदिका माटाका मूर्ति पनि छन् । तर ती सबै नष्टप्रायः छन् ।

## (घ) सामथलिंग गुम्बा ।

नामग्याल गुम्बाभन्दा निकै माथि डांडामा पुगेपछि अलिकति सम्म ठाउं आउंछ । यहीं सामथलिंग नामको गुम्बा छ। यो शहर तारागाउंभन्दा निकै माथि टाकुरामा छ । यहांबाट प्रायः हिमाली चुचुराभन्दा अन्य पहाड यसका समकक्ष देखिन्छन् । चारैतर्फ के भनौं तीनै तर्फ श्रृंखलाबद्ध पर्वतमालाको दृश्य मनमोहक लाग्दछ । यसको दक्षिणी भागमा ठांगे पर्दछ । अतः ह्वाट्ट हेर्दा परको दृश्य अवलोकन गर्न अवरोध हुन्छ । यस ठाउंको उचाइ समुद्रको सतहबाट १२००० फुट होला ।

सामथलिंग गुम्बा जस्तो आकर्षक ठाउंमा छ यसको सजावट पनि त्यस्तै आकर्षक छ । गुम्बाको चरैतिर "ॐ मणि पद्मे हुँ" मन्त्र लेखिएका रंगीविरंगी ध्वजापताका टांगिएका छन् । यसको विशालद्वार पनि तैलरंगले पोतिएको छ र त्यहां पनि बौद्ध देवदेवीका चित्र अंकित छन् ।

भित्र पस्नासाथ धूपको सुगन्धले दर्शकलाई बाह्य-जगत्‌बाट विमुख भएर गुम्बाभित्रै रहेका वस्तुमा आफ्नू मन केन्द्रित गराउन पहिलो संकेत गर्दछ ।

गुम्बाको पल्लो छेउको भित्तामा काठको लामो वेदिका बनाएर त्यसमा क्रमैसित एघार थान माटाका मूर्ति सजाइएका छन् र ती झट्ट हेर्दा माटाका जस्ता देखिदैंनन् । तिनको रंग जस्तो हुनुपर्छ त्यस्तै रंग तिनमा उपयोग गरिएको छ । यसमा प्रयोग गरिएको रंग तेलरंग छ । मूर्तिका सामने लहरै खाद्य पदार्थका पात्र सजाइएका छन् र त्यसपछि घिउका बत्ती निरन्तर बलिरहन्छन् । ठाउं ठाउंमा तिब्बती शैलीमा बनेका सिन्के धूप बालिएका हुन्छन् । यस गुम्बाको निर्माण करीब एक शताब्दीपूर्व स्थानीय जनताले गरेका हुन् । यसको द्वार पूर्वाभिमुख छ । उत्तर दक्षिणलङ १५ फूट १० इन्च छ भने पूर्व पश्चिम लङ १९ फूट छ । यसको निर्माण स्थानीय वास्तुशैलीमा भएको हुंदा शिखर नभएको मुण्डा छ । जसलाई पहिले दलिनमाथि ढुंगा छापेर त्यसमाथि माटाले छोपिएको छ । यहां वर्षाको मात्रा कम्म हुने हुंदा छतबाट सहसा कोठामा पानी चुहुन सक्तैन ।

मूर्ति सजाइएको ठाउंमा सबभन्दा पहिले पच्चीस इन्च अग्लो र चौध इन्च चौडाइ भएको बज्रासनस्थित गुरु पद्मसंभवको मूर्ति राखिएको छ । यसपछि तेईस इन्च अग्लो र एघार इन्च चौडाइ भएको गुरु धाक्पोको क्रोधमूर्ति छ । आलीढासनस्थित यस मूर्तिका हातमा बज्र र कलंग छन् । रक्तवर्ण भएको यो मूर्ति निकै भयावह देखिन्छ । हेर्दै जांदा शान्त प्रकृतिको अमिताभ बुद्धको मूर्ति पनि आउंछ जसको उचाइ चौध इन्च र चौडाइ दश इन्च छ । यसै प्रकार क्रमशः प्रन्ध्र इन्च उचाइ र दश इन्च चौडाइ भएको बज्रसत्व, तेह्र इन्च उचाइ र आठ इन्च चौडाइ भएको अमिताभ, तेईस इन्च उचाइ र तेह्र इन्च चौडाइ भएको शाक्यमुनि, उन्नाईस इन्च उचाइ र एघार इन्च चौडाइ भएको दीपंकर, बाह्र इन्च उचाइ र आठ इन्च चौडाइ भएको अमिताभ, बाईस इन्च उचाइ र एघार इन्च चौडाइ नाप भएकी नृत्यरूपा सिंहमुखी डाकिनी' चौध इन्च उचाइ र नौ इन्च चौडाइ भएको अमिताभ र अन्त्यमा अठार इन्च उचाइ र एघार इन्च चौडाइ भएको अमिताभका मूर्ति देखिन्छन् ।

मूर्तिपछि यहांका दर्शनीय वस्तु हुन् भित्तीचित्र । यी भित्तीचित्र पानीरंगद्वारा निर्मित छन् । पूर्वतर्फको भित्तामा सर्व प्रथम बज्रवाराही, क्रोधमूर्ति, शक्त्यात्मक बज्रवीर महाकाल, अष्टभुजादेवी, बज्रवीर महाकाल, षडक्षरी लोकेश्वर, मञ्जुश्री र दक्षिण भित्तामा डमरुश्रृंगधारी च्वेन लामा, बज्रसत्व, रक्तवर्ण षडक्षरी लोकेश्वर र यस पाटाको अन्त्यमा सर्वसुगतगर्भा कुन्ध्वी घेसेगको चित्र अंकित छ ।

यसै क्रममा पश्चिमपट्टिको भित्तामा पुग्नासाथ सर्वप्रथम नीलो वर्ण भएका अक्षोभ्य देखिनेछ । यसको आसन वज्र छ । साथै यो ध्यानमुद्रामा देखिनेछ । त्यसभन्दा पछि पनि अर्को अक्षोभ्यकै चित्र दृष्टिगोचर हुन्छ । अघि बढ्दै जांदा दीपंकर तथागत शाक्यमुनि, मैत्रेय, अमिताभ तथागत र यसपाटाको अन्त्यमा वैदूर्य प्रभ तथागतको चित्र छ । यसको वर्ण श्वेत र आसन बज्र छ यसका दुवै हातका हत्केला उत्तानो पारेर

राखिएका छन् र एउटा हातमा बज्र र अर्को हातमा वैदूर्यमणि लिएको देखिनेछ ।

त्यस्तै उत्तरतर्फको भित्तामा हेरे बज्रगुरु, शक्त्यात्मक महाकाल सिथो अर्थात् बज्रहेरुक, जसलाई शान्तिक्रोधको गण पनि भन्दछन्, आकर्षक लाग्दछन् । ढोकाको दायां बायां हेरे विणाराज, खड्गराज, चैत्यराज र ध्वजराजका चित्र सुन्दर ढंगबाट अंकित गरिएका देखिन्छन् ।

(ङ) दोस्रो सामथलिंग गुम्बा ।

यहां अर्को पनि उसै नामको गुम्बा छ भन्ने कुराको सूचना लामाले नदिएसम्म नयां यात्रीले अन्दाजसम्म पनि गर्न सक्तैन । सूचना मिलेपछि विश्वास नगर्ने कुरै आउंदैन ।

सामथलिंग गुम्बाको प्रांगणसित जोरिएको एउटा अर्को घरको छत छ । साधारण दृष्टिले हेर्दा यहां अर्को घर पनि छ भन्ने पत्तै हुंदैन । कारण एउटा घरको छत र गुम्बाको प्रांगण एकै ठाउंमा मिलेर सानो मैदान जस्तो ठाउं बनेको छ । यसै मैदानमुनि दोस्रो सामथलिंग गुम्बा छ । पहिलो सामथलिंग गुम्बा दुईतले छ भने दोस्रो पहिलो गुम्बाको प्रांगणबाट दुईतलामुनि छिंडीमा छ । यसमा पहिलो गुम्बाको तुलनामा प्रकाश निकै कम छ । चोरबत्तीका साथै दियालो नसल्काई हेरौं भन्ने चिताउनै पर्दैन । श्रद्धा प्रकट गरेपछि लामाले व्यवस्था नगर्ने कुरै छैन ।

यसमा सर्वप्रथम छत्तीस इन्च चौडाइ भएको बज्रासनस्थित गुरु पद्मसंभवको मूर्ति देखिन्छ । यो माटाको मूर्ति हो । यस गुम्बाको निर्माण पनि एक शताब्दीभित्रै भएको हुंदा यसमा सजाइएका मूर्ति पनि गुम्बाका समसामयिक नै हुन् भन्ने कुरा अनुमानसिद्ध कुरा हो । यसपछि क्रमशः पैंतीस इन्च अग्लो र एक्काईस इन्च चौडाइ भएको अमिताभ बुद्ध, तेईस इन्च अग्लो र अठार इन्च चौडाइ भएको ललितासनस्थित कर्त्रिपात्रधारी महाकाल, बाईस इन्च उचाइ र तेह्र इन्च चौडाइ भएको गुरु पद्मसंभव, उन्नाइस इन्च अग्लो र एघार इन्च चौडाइ भएको एकादशलोकेश्वर, चौध इन्च उचाइ र आठ इन्च चौडाइ भएको पद्मसंभव, त्यतिनै नापको कुवेर, पद्मसंभव, उन्नाईस इन्च उचाइ र एघार इन्च चौडाइ भएको समन्तभद्र, त्यतिनै नापको अपरिमितकै मूर्ति राखिएको छ ।

यसमा पनि अन्य गुम्बामा जस्तै भित्ती चित्र अंकित छन् । पूर्वतर्फ सबभन्दा पहिले बज्रसत्वको चित्र अंकित गरिएको छ र त्यसपछि क्रमशः रक्तवर्ण षडक्षरी लोकेश्वर, बज्रधर, आर्यतारा, सहश्रभुजलोकेश्वर, मञ्जुश्री, र षडक्षरी लोकेश्वरका चित्र अंकित देखिन्छन् ।

त्यस्तै दक्षिणतर्फको भित्तामा बज्रपाणि, द्वारभन्दा माथि चतुर्महाराज अर्थात् वीणाराज, खड्गराज, ध्वजराज र चैत्यराज, उर्ग्येननोर्ला (कुवेर), महाकाल, शक्त्यात्मक त्रिमुख षड्भुज शम्बर र शक्त्यात्मक अचलवीरका चित्र छन् ।

पश्चिमपट्टिको भित्तामा बज्रकील महाकाल, षड्भुज शम्बर, बज्रवाराही, शक्त्यात्मक त्रिमुख षड्भुज शम्वर, द्विभुज शम्बर, समन्तभद्र, अपरिमित र अन्त्यमा बज्रगुरुका चित्र अंकित देखिन्छन् । यी पानीरंगका रंगीन चित्र साह्रै आकर्षक ढंगबाट निर्मित छन् ।

डोल्पो जिल्लामा मूर्तिचोरको जगजगी बढ्दै गएको छ भन्ने कुराको चर्चा प्रसंगवश पहिले पनि भइसकेको छ । यसै कारण यस गुम्बामा रहेका धातुका मूर्ति पनि लामाले आफ्नो घरमा राखेका छन् । लामाको घर यसै गुम्बाको माथिल्लो तला हो । छिंडीतलाको आधा भागमा गुम्बा छ भने आधा भागमा लामाका गाईबस्तु रहन्छन् ।

लामाले घरमा राखेका मूर्तिमा आठ इन्च अग्लो र पांच इन्च चौडाइ भएको षडक्षरी लोकेश्वरको मूर्ति, त्यसपछि ६ इन्च उचाइ र चार इन्च चौडाइ भएको आर्यतारा र अन्त्यमा मैत्रेय बोधिसत्वको मूर्ति आयो । यो मूर्ति अन्य मूर्तिको अपेक्षा ठूलो छ । यसको उचाइ छब्बीस इन्च र चौडाइ सत्र इन्च छ । लामाका घरमा भएका सबै मूर्ति गुम्बानिर्माणकालका समसामयिक हुन् । अर्थात् एक शताब्दीपूर्वका ।

(च) शहर ताराका धारा ।

शहर तारागाउंको पुछारमा यस गाउंको पानीपनेरो छ । यस ठाउँमा गाउँका जनताले ढुंगाको गारो लगाएर चौतारो जस्तो ठाउं बनाएका छन् र भुंइमा पनि निकै

परसम्म ठूला ठूला ढुंगा छापिएका देखिन्छन् । यसै ठाउँमा लहरै तीन धारा राखिएका छन् । बीचको धारो गोमुखी र अगल बगलका दुई धारा अजामुखी छन् । यी तीनओटै धाराका मुख धातुका छन् । सबैमा पातलो सुनौलो जलफ लगाइएको छ । बीचको धारो ठूलो र अरू दुई धारा साना छन् । पानीका मूलको उद्गम पनि यहीं छ ।

## (९) गुम्बातारका गुम्बाहरू

शहर ताराबाट करीब डेढ कोश दक्षिण पूर्व गएपछि पहाडको टाकुरामाथि केही संम परेर पुनः डांडो उकालो लागेका ठाउँमा एउटा गुम्बैगुम्बा भएको मगरहरूको गाउँ छ । यसैलाई गुम्बतारा गाउँ भनिएको हो । यसगाउंमा गुम्बाहरू धेरै भएर नै होला यसको नाम नै गुम्बातारा रहन गयो । गाउँको नामको पछाडि तारा त यहांका दुईचार प्रसिद्ध गाउँमा जोडिएकै छ । यो गाउँ ध्याबोरु हिमालयको छेउमा छ । ध्याबोरु स्वतंत्र हिमाल नभएर ठांगेको एउटा शाखा हो ।

### (क) धाङ्सा गुम्बा ।

गुम्बातारागाउंको छेउमा एउटा सम्म परेको ठाउं छ । यसको पल्लो छेउ उत्तरपूर्वको कुनामा एउटा विशाल दुईतले घर छ । यसका वरिपरि गाडिएका अग्लाअग्ला लिंगामा तलदेखि माथिसम्म पुग्ने गरी बाँधिएका ध्वजा हावामा फरफराएको देख्नासाथ दर्शकलाई यो गुम्बा हो भन्ने कुरा पत्ता लगाउन कुनै कष्ट हुदैन । यो यस गाउँको प्रसिद्ध गुम्वा हो । यस गुम्बाको नाम धांङसागुम्बा हो ।

गुम्वामा पुग्नुभन्दा पहिले दुई विशाल चैत्य छन् । ती गोल नभएर लामा छन् जसका वरिपरि "ॐ मणिपद्मे हुँ" मन्त्र अंकित हजारौं ढुंगा भक्तजनले चढाएका छन् । यहांको धार्मिक परंपरानुसार यसलाई दाहिने पारेर अघि बढ्न सबैको कर्तव्य हुन आउँछ ।

धांङसागुम्बाको विशाल द्वारबाट भित्र प्रवेश गर्नासाथ दाहिनेतिर एउटा कोठा छ जसमा विशालकाय महाकालको मूर्ति राखिएको छ । यस कोठाको नाप भित्रबाट लिंदा उत्तरदक्षिण लङ ११ फूट र पूर्व पश्चिम लङ १२ फूट ८ इञ्च छ ।

यी विशालकाय महाकालको वास्तविक नाम धर्मपाल महाकाल हो । यस कोठामा भएका सबै मूर्ति माटाका छन् । यिनमा प्रमुख मूर्ति धर्मपालको हो । यस मूर्तिको आसन ललित छ र बाहु चार छन् । प्रथम दुई हातमा कत्रिपात्र र द्वितीय दुई हातमा खड्ग र खट्वांग लिएको देखिन्छ । यसको उचाइ ८२ इञ्च र चौडाइ ६८ इञ्च छ । यो हेर्दा डरलाग्दो भएर नै यसको मुख कपडाले छोपेर राखेको पाइन्छ । यसमा केटाकेटी सहसा जाँदैनन् तर लामा भने नित्य पूजाका लागि जान्छन् । महाकालको एकातिर काकाश्याको मूर्ति खडा छ । यस मूर्तिको आसन आलीढ र दुबै हातमा कत्रिपात्र छन् । यसको उचाइ ३८ इञ्च र चौडाइ २७ इञ्च छ । महाकालको अर्को बगलमा अलीढासन कत्रिपात्रधारिणी सिंहमुखीको मूर्ति खडा छ । जसको उचाइ ३६ इञ्च र चौडाइ २८ इञ्च छ । यिनको निर्माणकाल कलापक्षबाट विचार गर्दा १८ रौं शताब्दी अनुमान हुन्छ र लामाको परंपरा पनि त्यही भन्छ ।

द्वारबाट भित्र पस्नासाथ दाहिनेतिर पर्ने कोठामा रहेका देवदेवीको चर्चा भइसक्यो । अब द्वारबाट भित्र पस्नासाथ आउने मूलकोठाको चर्चा गरौं । यसलाई तिब्बती भाषामा छिकोर भन्दछन् । छिकोरको उत्तरदक्षिण लङ नापेर हेरे ३१ फूट १० इञ्च र पूर्व पश्चिम लङ २६ फूट देखिनेछ ।

यसको अन्तिम भागमा एउटा वेदिका बनाइएको छ जसमा विशालकायदेखि साना साना मूर्ति पनि सजाएर लहरै राखिएको छ । मूर्तिका सामने विभिन्न ठूलासाना पात्रमा खाद्यपदार्थ र लहरै बत्ती बाल्ने दिया राखिएका छन् । जसमा अहोरात्र घिउका बत्ती बलिरहन्छन् । यसको बीचबीचमा धूपका पात्र पनि देखिन्छन् । जसबाट आएको सुगन्धले कोठाको बातावरणलाई स्वच्छ पारिरहेको पाइन्छ । विभिन्न देवदेवीको चित्र अंकित विशालकाय खम्बाका छेउछाउमा वाद्ययन्त्र पनि देखिन्छन् जसलाई लामाहरू पूजाका समयमा र त्यस्तै पर्वविशेषमा बजाउँछन् । वेदिकाको पछाडि ठूलो दराज देखिनेछ जसमा मूर्ति सजाएर राख्न २६ ओटा सुन्दर खोपा बनाइएका छन् । भनिन्छ पहिले यी सबै खोपामा धातुका सुन्दर मूर्ति सजाएर राखिएका थिए । अहिले त्यसमा दुई मूर्तिमात्र देखिन्छन् , खोपा खाली हुनाको कारणमा भनिन्छ– आज भन्दा दुई वर्षपहिले ती मूर्ति यहांबाट चोरी भए । खेद प्रकट गर्नुबाहेक अब केही रहेन । देवता राख्न

बनाएको यस्तो दराजलाई स्थानीय जनता तिब्बती भाषामा ल्हाखाङ भन्दछन् ।

हामीले पहिले नै भनिसकेका छौं । यस कोठामा मूर्ति राखिएका छन् । जसमा अधिकतर माटाका छन् । यसमा सबभन्दा पहिले बज्रासनस्थित गुरुपद्मसंभवको मूर्ति आउँछ । जसको उचाइ ६६ इन्च र चौडाइ ४० इन्च छ । यसै क्रममा ६० इन्च अग्लो र ३६ इन्च चौडाइ भएको बज्रासनमै बसेको धर्मचक्र मुद्रामा मैत्रेय बोधिसत्वको मूर्ति पनि छ । यसभन्दा पर अपरिमित तथागतको मूर्ति छ जसको उचाइ ६० इन्च र चौडाइ ३६ इन्च छ । यसका साथमा अर्को मूर्ति पनि अपरिमित तथागतकै छ । तर यसको उचाइ ३९ इन्च र चौडाइ २३ इन्च मात्र छ । यसभन्दा पर बोधिसत्वमाथि कमल र त्यसमाथि बज्रासनस्थित गुरुपद्मसंभवको मूर्ति राखिएको छ । जसको उचाइ ३४ इन्च र चौडाइ १९ इन्च छ । यस मूर्तिका अगलबगलमा दुइ शक्तिका मूर्ति उभ्याइएका छन् । जसको उचाइ १६ इन्च र चौडाइ ७ इन्च छ । यसको लगतै पछि आलीढासन हयग्रीव भैरवको मूर्ति आउँछ । यस नामबाट घोडाको जस्तो घाटी भएको मूर्ति होला भन्ने कसैले अनुमान गर्न सक्तछ । तर यसको घाँटी त मनुष्यकै जस्तो छ । यसको शिरोभागमा एउटा घोडाको टाउको देखाइएको छ । त्यसै कारण यसको नाम हयग्रीव हुन गयो । तीन मुख, षड्भुज, चतुष्पाद र रातो वर्ण भएको यस मूर्तिलाई चारओटा प्रेतमाथि उभ्याइएको छ । यसका प्रथम दुई हातमा विन्दुमाला देखिन्छ । द्वितीय दुइ हातमा के थियो त्यो नष्ट भइसकेको हुंदा भन्न सकिंदैन र तृतीय दुई हातमा खट्वाँग र खड्ग लिएको देखिन्छ । शक्ति नीलवर्णा कपालपात्रधारिणी देखाइएको छ । यस भैरवमूर्तिको उचाइ ४२ इन्च र चौडाइ २८ इन्च छ । यसभन्दा पर एउटा काठको चैत्य राखिएको छ जसको उचाइ १२ इन्च र चौडाइ ८ इन्च छ । चैत्यको छेउमा भूस्पर्शमुद्रा भएको शाक्यमुनिबुद्धको मूर्ति राखिएको छ । जसको उचाइ १० इन्च र चौडाइ ६ इन्च छ । यस गुम्बामा भएका मूर्तिमा यो एउटा प्रस्तरको छ । यसको कलापक्षबाट विचार गर्दा बोधगयातिरबाट हालसालै ल्याइएको प्रतीत हुन्छ । हुनसक्तछ कुनै व्यक्तिले तीर्थयात्राबाट फर्कदा ल्याएर यहाँ चढाएको हवस् ।

छिंकोरको अन्त्यमा एउटा द्वार छ जसबाट छिरेर भित्र जानुपर्दछ । यो परिक्रमाकक्ष हो । जसलाई स्थानीय जनता आफ्नो मातृभाषा तिब्बतीमा नोङ्कोर भन्दछन् । यो पूर्वपश्चिम फैलिएको छ । जसको लम्बाइ २६ फूट र चौडाइ ११ फूट छ । यस कोठामा बाहिरी कोठाको अपेक्षा प्रकाश ज्यादै कम आउंछ । एक छिन पर्खेर हेरे त्यहां विभिन्न मूर्ति सजाएर राखेको देखिन्छ । यिनमा सबभन्दा पहिले बीचमा सजाइएको भूस्पर्शमुद्रामा ध्यानमग्न शाक्यमुनि बुद्धलाई नै लिऊं । जसको उचाइ १०२ इन्च र चौडाइ ७९ इन्च छ । बज्रासनस्थित यो मूर्ति तामामा सुन मोलम्बा लगाएर निर्मित छ । यसको आकार जस्तो भव्य छ त्यत्तिकै ध्यान दिएको पाइन्छ । यस मूर्तिलाई जति हेरे पनि दर्शकको मन अघाउंदैन । झट परबाट हेर्दा मूर्ति पूरा देख्न सकिंदैन त्यसको कारण मूर्ति अधिक उच्च भएको हुंदा भुइँतला बाट उठेर अर्को तलासमेत छेडेर माथिल्लो तलामा समेत पुगेको छ । कुमसम्म भुइंतला र त्यसभन्दा माथि शिरोभाग माथिल्लो तलामा गएर अन्त्य भएको छ । दर्शकलाई दर्शन गर्न बाधा नहोस् भनेर माथिल्लो तलाको निकै भाग चौकार पारेर खालि छोडिएको छ । जसबाट मूर्तिको सामने पुग्ने व्यक्ति तलदेखि माथिसम्म देख्न सक्तछ । तर छविकार भने यसको आद्योपान्त छवि लिन वाइड एङ्गल लेन्स विना अवश्य असमर्थ हुन्छ ।

यस मूर्तिको आसन पनि त्यत्तिकै मनोरम ढंगले बनाइएको पाइन्छ । जसरी तामाका पातामा सुन मोलम्बा लगाएर मूर्ति निर्मित गरिएको छ त्यसै गरी यसको आसन पनि बनाइएको छ । आसनको लम्बाइ १४३ इन्च र उचाइ ६० इन्च छ । चौडाइ पनि त्यसलाइ सुहाउंदो छ ।

आसनको संक्षेपमा विवरण दिने हो भने शाक्यमुनि बसेको आसन पद्मांकुर विकसित पद्म, बजूमाला र विश्वबज्रले सजाइएको पाइनेछ । विश्वबज्रका दायाँतिर गण्डीधर महाकाल र बायाँपट्टि छ्यासकामिनीका मूर्ति देखिन्छन् । यी मूर्तिका अगलबगलमा सूंड फर्काएका हात्ती र हात्तीका दायाँपट्टि घोडा र बायाँतिर हारिती यक्षिणी पाउनेछौं । यसका अगलबगलमा सिंहका मूर्ति अंकित गरेर शाक्मुनिको आसनलाई सिंहासनको रूप दिइएको छ । घोडाभन्दा तल ५ ओटा पूजादेवीका मूर्ति पनि अंकित देखिन्छ ।

यस विशाल र सुन्दर मूर्तिलाई हेरेर कलापक्षबाट विचार गर्दा यसको निर्माणकाल ईसाको १६ ह्रौं शताब्दीको

मध्यतिर भयो होला भन्न शकिन्छ । यो गुम्बाको सबभन्दा पुरानो मूर्ति यही हो । यसबाट यस गुम्बाको परपरा पनि यसैको साथसाथ जोडिएको छ भन्न असजिलो पर्दैन । आज गुम्बाको जुन रूप हामी देख्छौं त्यो त आधाशताब्दीतिरको हो ।

गुम्बामा भत्किने र जीर्णोद्वार हुने क्रम त चलिनैरहन्छ । गुम्बाको अहिलेको आकार पनि यस क्षेत्रका ख्यातिप्राप्त तपस्वी लामा श्याङ्गारिम्पोछेबाट भएको हो । सुनिन्छ उनी यस लोकमा छैनन् । यदि उनले यसको जीर्णोद्वार आधाशताब्दीअघि नगराइदिएका भए हामीले यी कलात्मक वस्तु शायदै हेर्न पाउने थियौं । अतः यस क्षेत्रमा उनको नाम अमर रहनेछ भन्न करैं लाग्छ ।

जुन समय गुम्बाको जीर्णोद्वार भयो संभवतः त्यस समय बनाइएका माटाका अन्य मूर्ति पनि यहां राखिएका छन् । जसका विषयमा यहां चर्चा गर्नु आवश्यक होला ।

शाक्यमुनि बुद्धका अगलबगलमा दुई मूर्ति देखिनेछन् ती सारिपुत्त र महामौद्गल्यायनका हुन । प्रसन्नमुद्रामा उभिएका यी दुवै मूर्तिको उचाइ ३५ इन्च र चौडाइ ११ इन्च छ । त्यसपछि पालो आउंछ विक्रम शाही महाराजको । विक्रम शाही यस प्रदेशका ख्यातिप्राप्त राजा थिए भन्ने कुरा सर्वविदित छ । त्यसैं कारण अहिले पनि उनका सालिकको पूजा हुन्छ । यस सालिकलाई सुखासनमा राखिएको छ र दायां हातको चौर औंली उठाएको अंकित गरिएको छ र बायां हातमा पात्र देखाएको छ ।

एउटा हातको औंलो ठड्याउने र अर्को हातमा पात्र हुनाको कारणमा भनिन्छ उनको एउटै इच्छा थियो । त्यसकारण त्यो औंलो ठड्याइएको हो । तर त्यो इच्छा के थियो, त्यो बुझ्न अर्को हातमा भएको पात्र नैं पर्याप्त छ । त्यो अन्नपात्र हो । अर्थात् अन्नपूर्णाको पात्र । यसबाट स्पष्ट भयो– "उनी आफना प्रत्येक प्रजाको पेट अन्नले भरिएको देख्न वा सुन्न चाहन्थे ।" यो अर्थ सार्थक पनि प्रतीत हुन्छ । कारण यस प्रदेशमा खेती कम हुने हुंदा अन्नको आयात बाहिरबाट गर्नुपर्छ । यो परंपरा अद्यापि कायमैं छ । यहां अधिकांश जनता मासुले पेट भर्दछन् । यस्तो ठाउँमा अन्नले आफ्नू पेट भर्न पाउनु सौभाग्यकै कुरा मानिन्छ । यदि यो कुरा सत्य हो भने विक्रम शाही निकै उदार राजा देखिन्छन् । यसै कारण नैं उनी यस प्रदेशमा आज पनि पूज्य भएका होलान् ।

विक्रम शाही र पृथ्वीनारायण शाहको औंलो देखाउने मुद्रामा कुनै अन्तर छैन । एकको सालिक वा चित्र लिएर अर्काको भन्न पनि सकिन्छ । तर विक्रम शाहीलाई छुट्याउने अर्का हातमा लिएको पात्र हुन आउंछ । संभवतः कलाकारहरूले यसै परंपराको नकल गरेर पृथ्वीनारायण शाहको चित्र पनि बनाए । तर उनका हातमा पात्र राखेनन् । पात्र नभएको हुंदा चन्द्रागिरिको भञ्ज्याङ्गबाट च्याएको र मेरो एउटै इच्छा छ भनेको अर्थ यसमा आरोपित गर्न सुगम भयो । यदि यसै अर्थमा पृथ्वीनारायण शाहको चित्र पनि निर्माण भएको हो भने काकतालीपर्न जानु एउटा रोचक विषय हुन आउंछ ।

विक्रम शाहीका छेउमा उनकी मुमाको पनि सालिक स्थापना गरिएको छ । यसको उचाइ १० इन्च र चौडाइ ७ इन्च छ । सालिकको दाहिने हात वरद मुद्रामा छ र बायां हात उत्तानो पारेर खालि राखिएको छ । विक्रम शाहीका साथमा उनकी रानी सुनकेसरा नभएर आमाको सालिक हुनु विचारयोग्य कुरा छ । यस्तो हुनुमा पनि यहां भएको जनविश्वास विश्वसनीय देखिन्छ ।

"यस प्रदेशमा जुन वेला विक्रम शाही राज्य गर्दथे त्यस समय यस गुम्बाको निकै ख्याति भइसकेको थियो । राजा विक्रमशाहीले यस गुम्बालाई निकै धनदौलत दिएर परिपूर्ण पार्ने सहयोग गरेका थिए । उनले आफ्नी आमाको पुण्य लाभका निमित्त यहां नित्यपूजाको व्यवस्था गरेका थिए । त्यसै कारण यहां आमाको सालिक देखिन आयो ।" उनका समसामयिक सालिक कालक्रममा नष्ट भएर गएका हुनाले जीर्णोद्वारका समयमा पुनः निर्मित्त भए । यस कुरालाई धाङसागुम्बाका प्रथम निर्माता अज्ञातनाम लामाको मूर्तिले पनि साक्षी दिएको छ । यी लामाको समसामयिक मूर्ति पनि नष्ट भएको हुंदा जीर्णोद्वारका समयमा पुनः स्थापित गरियो । कुनै पनि मूर्तिको कुनै अंग केही भंग भएमा कुनै पुण्यवती नदीमा लगेर प्रवाहित गरिदिने सर्वमान्य प्रचलन आज पनि कायमै छ । जसले गर्दा हाम्रा अनेक कलात्मक वस्तु अथाह जलराशिमा विलीन भएर गए र हुंदै पनि छन् । यो कुरा मूर्तिमा मात्र सीमित छैन, पुस्तकमा पनि प्रयोग हुन्छ । संभव छ यस्तो कुरा अन्य कलात्मक वस्तुमा पनि लागु हुंदो हो । माथि चर्चा गरिएका लामाका मूर्तिको उचाइ ४८ इन्च र

चौडाइ ३२ इन्च छ । यो बज्रासन मूर्तिको दायां हात भूस्पर्शमुद्रामा छ भने बायां हातमा रत्न लिएको देखाइएको छ । यसका साथमा उनका समसामयिक अर्का लामा पनि छन् । जसको मुद्रा समान देखाइएको छ र उचाइ ४४ इन्च र चौडाइ २८ इन्च छ । अन्त्यमा यी दुवै मूर्तिभन्दा अग्लो अर्थात् ५७ इन्च अग्लो र ३७ इन्च चौडाइ भएको भूस्पर्शमुद्रामा शाक्यमुनि बुद्धको मूर्ति देखिनेछ ।

यस गुम्बामा मूर्तिबाहेक अनेक सुन्दर चित्र पनि भित्तामा अंकित देखिन्छन् । संभवतः यी चित्र गुम्बाको जीर्णोद्धार भएका समयमा अंकित गराइएका हुन् । यी चित्रको निर्माण समान आकारमा गरिएको छ । जसको उचाइ ५३ इन्च र चौडाइ ३१ इन्च छ । प्रत्येकजसो देवदेवीका चित्रको पुछारमा ती देवदेवीको नाम र त्यसका साथसाथै दाताको नाम पनि तिब्बती लिपिमा अंकित छ । जसबाट यो स्पष्टतया भन्न सकिन्छ अलग अलग व्यक्तिले अलग अलग चित्र बनाउन लगाए । जसको अर्थ हो गुम्बाको जीर्णोद्धारमा धेरै व्यक्तिको सहयोग प्राप्त थियो ।

चित्र निरीक्षणक्रममा पूर्वी भित्तामा हेरे यसमा सर्वप्रथम त्रिआयु देवदेवी अर्थात् अपरिमित तथागत, उष्णीषविजय र सप्तलोचनी ताराका चित्र अंकित छन् । त्यसपछि क्रमैसित षड्क्षरी लोकेश्वर, बज्रगुरु, बज्रसत्व, शाक्यश्री लामा, बज्रधर लामा, शक्त्यात्मक समन्तभद्र, शक्तिसहित बज्रासनस्थित द्विभुज शम्बरका चित्र देखिनेछन् । यसै क्रममा हेर्दै जांदा छेछोग्तेको चित्र देखिन्छ । यसका मुख तीन र हात छः ओटा छन् । आलीढासनस्थित यस चित्रका प्रथम दुई हातले बज्र र घण्ट धारण गरेको छ र द्वितीय दुई हातले पताका र पात्र लिएको छ भने तृतीय दुइ हातले वाद्य र पाश ग्रहण गरेको देखिनेछ । यसका साथमा नीलवर्ण शक्ति देखाइएको छ । शक्तिको मुखमुद्रा क्रोधमग्न र हातमा कर्त्रिपात्र धारण गराइएको पाइनेछ । यसपछि बज्रवाराहीको चित्र छ । बज्रवाराहीपछि दोर्जेफुर्बाते अर्थात् बज्रकील भैरव देखिन्छ । यसका तीन मुख छन् । तीन मुखको रंग अलग अलग छ । नीलो, सेतो र रातो । शक्तिसहित आलीढासन यस भैरवका षड्भुज र चतुर्पाद देखिन्छन् । प्रथम दुई हातले बज्रकील, द्वितीय दुई हातले बज्रपाश र तृतीय दुई हातले कर्त्रिध्वज लिएको दृष्टिगोचर हुन्छ । यसका शक्तिको वर्ण नीलो र कर्त्रिपात्रधारिणी छ । यस क्रममा जति अघि बढ्यो उति रमाइला चित्र आउंदै जान्छन् । हेर्दै जांदा मानीते अर्थात मणिमहाकालको चित्र पनि दर्शकका सामने उपस्थित हुन्छ । शक्तिसहित आलीढासनमा भएको यस महाकालको वर्ण नीलो र द्विभुजामा अंकित गरिएको छ । यसका हातमा भैरवमुख अंकित कालो झण्डा र पाश देखिन्छ । जसकी शक्तिको वर्ण श्वेत छ र कपालपात्र हातमा धारण गरेको पाइन्छ । साथै शक्तिको आसन बेताल देखाइएको छ ।

अघि बढ्दै जांदा दर्शकका सामने ङेस्नुङमाको चित्र आउंछ । आलीढासन द्विभुज भएको यस चित्रको रंग फोक्साको जस्तो रातो छ । यसको आभूषणमा व्याघ्रचर्म देखाइएको छ । एकचक्षु एकदन्त र एक हातमा शूरो लिएर एउटा व्यक्तिलाई धस्न लागेको र अर्का हातमा नकुल र पाश लिएको यसको आकृति सांच्चिकै भयावह देखिन्छ । यसको छेउमा बज्रकंगली लिएको आलीढासनमा भएको "सांग्येदोग" को चित्र लगत्तै आउंछ । त्यसपछि भने षड्भुज महाकालको चित्र देखिन्छ । आलीढासनमा भएको यस महाकालको वर्ण नीलो र प्रतिमुख देखिन्छ । यसमा चतुर्पादको दर्शन पाइन्छ र प्रथम दुई हातमा कर्त्रिपात्र, द्वितीय दुई हातमा अक्षयमाला र ध्वजा, तृतीय दुई हातमा डमरु र पाश अंकित छ । यसका भूमिको आसन बेताल देखाइएको छ । यी चित्रमा जति आँखा दौडाए पनि दर्शकको मन अघाउंदैन । वेतालमाथि शक्तिसहित आलीढासन भएको अर्को चित्र पनि यही छ । जसको दायां हातमा बज्र र बायां हातमा कंगली र बज्रकील लिएको देखाइएको छ । यसको वर्ण रातो र शक्तिको वर्ण नीलो छ । शक्तिका हातमा कर्त्रिपात्र छन् । यसमा लेखिएको नाम मेटिएका भए पनि यसलाई एक प्रकारको भैरव भन्न सकिन्छ । यसै क्रममा सहस्त्रभुज लोकेश्वरको चित्र पनि आउंछ । यसका शिर एघार छन् र उभिएको छ । बाहु सहस्र छन् भन्ने कुरा त यसको नामले नै व्यक्त गर्दछ । प्रथम दुई हात अञ्जलिबद्ध छन् । द्वितीय दुई हातमा अक्षयमाला र कमलपुष्प धारण गरेको पाइन्छ । त्यसपछि अन्य हातका मुद्रा कुनैमा वरद देखिन्छ भने केही हात मुक्त पनि छन् । शक्तिको रंग रातो र प्रथम दुई हात आलिंगन मुद्रामा छन् भने द्वितीय दुई हातमा तीन रत्न र कर्त्रिधारण गरेको देखिन्छ । तृतीय दुई हातमा पात्र र त्रिदण्ड लिएको

पाइन्छ । यी दुवै देवदेवी उभिएका छन् । निरीक्षणक्रम अझै समाप्त भएको छैन । भित्तामा अझै परसम्म चित्र अंकित छन् ।

सहस्रभुज लोकेश्वरपछि पैमाग्याल अर्थात पद्मजिन लोकेश्वरका ठीक सामने पुगिन्छ । यसको वर्ण रक्त र द्विभुज पद्मांकुरसहित अन्जलिबद्ध देखाइएको छ। यसका साथमा कुंकुमवर्ण भएकी कर्त्रिपात्रधारिणी शक्ति अंकित छ । त्यसपछि क्रमैसित अमोघसिद्धि तथागत, अमिताभ, रत्नसंभव, अक्षोभ्य, वैरोचन, दीपंकर, शाक्यमुनि, मैत्रेय बोधिसत्व र बज्रगर्भ तथागतका चित्र अंकित देखिन्छन् । यी सबै ध्यानमुद्रामा छन् र वर्ण नील राखिएको छ।

पूर्व फर्केको धांसागुम्बाको मूलद्वारबाट बाहिर निस्कंदा बायांतिर गुम्बासितै जोडेर बनाएको एउटा सानो घर छ । यसमा पूरै घरलाई एउटा कोठाको रूप दिइएको छ जसलाई स्थानीय जनता मणिलाखांग भन्दछन् । यसमा विशालकाय माने उभ्याइएको छ । यस मानेलाई काठका फलेकद्वारा खोक्रो पारेर भकारी जस्तो बनाएको छ र बाहिर छालाले मोहोरेर त्यसमा विभिन्न चित्रकारी गरिएको छ। यसभित्र खोक्रो ठाउंलाई भर्न विभिन्न मन्त्र लेखेको कागजले पुरेको छ । यसमा पुस्तक पनि हालिन्छन् भन्ने विश्वास छ । यो गोल मानेका तल र माथि फलामका छड राखेर फनफनी घुम्न सक्ने स्थितिमा उभ्याइएको छ र आवश्यकताअनुसार छालाका लोतीद्वारा धक्का दिएर घुमाइन्छ । यो जतिपटक घुम्छ त्यति पटक परिक्रमा गरेर त्यहां राखिएका मन्त्र पाठ गरेको पुण्यलाभ हुन्छ भन्ने धार्मिक विश्वास छ । मानेको उचाइ ५ फुट ७ इन्च र त्यसलाई सुहाउने गोलाइ पनि छ । मानेमा अंकित गरिएका चित्रमा कीर्तिमुखक्षप, ॐ मणि पद्मे हुं मन्त्र र अष्टमंगल मुख्य छन् । यस मनिलाखांग नामक कोठाभित्र चारैतिर भित्तामा पनि चित्र अंकित छन् । तिनमा खास गरेर त्रिसूक्तका ३५ प्रकारका विभिन्न बुद्धका रूप र भद्रकल्पमा अवतरित हुने एक सहस्र बुद्धका चित्रले कोठाको शोभा बढाएको छ ।

## (ख) रेवाभुम्बा गुम्बा ।

गुम्बा तारागाउँभन्दा माथि डांडामा टाढैबाट सेतो देखिने घरका वरिपरि जुन रंगीविरंगी ध्वजापताका फहराएको देखिन्छ त्यो रेवाभुम्बा गुम्बा अर्थात् आशाकलश विहार हो। यसको द्वार पूर्वाभिमुख छ। स्थानीय शैलीमा तीनतले पारेर बनाएको यो गुम्बा सांच्चिनै मनोरम छ। तर यसभित्र कुनै मूर्ति राखिएको छैन । यस गुम्बाभित्र एउटा विशाल चैत्यको निर्माण गरिएको छ र चैत्यको शैली तिब्बती ढंगको छ। चैत्यमा कुनै प्रकारको बुट्टा आदि नराखिएको हुंदा साधा देखिन्छ। विहारको भुइँतलाभा परिक्रमाकक्ष छोडेर चैत्यको वेदिका निर्माण गरिएको छ। दोस्रो तलामा चैत्यको गर्भगृह र तेस्रो तलामा चौकुला तथा त्रयोदशभुवन, उष्णीश चुडामणि पुग्ने गरी विशाल रूप प्रदान गरेर बनाइएको छ। अतः यसलाई गुम्बा नभनेर छोर्तेन अर्थात चैत्य भन्नु नै युक्तिसंगत हुन्छ। तर स्थानीय जनता यसलाई गुम्बा भन्दछन् । त्यसकारण हामीले पनि गुम्बानै मान्यौं। चैत्य स्थापित गरिएको कोठाको नाप लिएर हेरे उत्तर दक्षिण लङ २६ फुट ६ इन्च र पूर्व पश्चिम लङ २३ फुट ४ इन्च देखिन्छ। यसको निर्माण यसै दशकमा भएको हो ।

यो अत्याधुनिक चैत्य देखेर पुरातत्वका पुजारीले नाक चेप्याइहाल्ने कुरा आउँदैन। यसमा भएका कलाकृतिको शैली प्राचीन छ। अतः यसलाई त्याग्नु ठूलो भूल हुन्छ । यसलाई देख्ता झट्ट मनमा आउँछ।

"पुराणामित्येव नसाधु सर्वम् ।"

यसका प्रत्येक वस्तुको निरीक्षण गर्न लागे चैत्यको गर्भगृहमाथि एउटा चतुष्कोण प्वाल छ जसबाट ध्यानपूर्वक हेरे विभिन्न बौद्ध देवदेवीका सूक्ष्ममूर्ति, बौद्धसूत्रमन्त्र, धारिणी विद्या अंकित माटाका मुद्रा भक्तजनले चढाएर थुपारेको पाइन्छ । त्यसपछि दोस्रो तलाको चारैतिर भित्तामा विभिन्न बौद्ध देवदेवीका चित्र अंकित देखिन्छन् ।

क्रमशः हेर्दै गए पूर्वपट्टिको भित्तामा हरितवर्ण बज्रासनस्थित दुवै हात उत्ताना पारेको र रत्न, अर्धचन्द्र लिएको आकृति देखिनेछ । यसै क्रममा बज्रासनस्थित ध्यानमुद्रामा अर्को रूप देखिनेछ जसको वर्ण सेतो छ । त्यसपछि आउंछन् सुपरिचित त्रिकुलनाथ। अर्थात् बज्रपाणि, षडक्षरी मन्जुश्री । यसको संगसंगै बज्रासनमा बसेको धर्मचक्र मुद्रा र श्वेतवर्ण भएको देवरूप र त्यसपछि अन्त्यमा बज्रासन र वरदमुद्रा भएको पीतवर्णधारीको चित्र आउंछ ।

दक्षिणपट्टिको भित्तामा सर्वप्रथम बज्रासनस्थित दायां हातमा सर्प, बायां हात अर्ध ध्यान, नागछत्रसहित नीलवर्णधर आउंछ । त्यसपछि श्वेतवर्ण, बज्रासन तथा बज्र र रत्न लिएको तथा ध्यानमुद्रामा बज्रासन भै बसेको नीलवर्ण, अभयमुद्रामा बज्रासनमा बसेको हरितवर्ण र बज्रासनस्थित ध्यानमुद्रामा रक्तवर्ण भएका विभिन्न चित्र पनि आउंछन् ।

पश्चिमतर्फको भित्तामा पनि अनेक चित्र देखिन्छन् । तिनमा सबैको आसन बज्र देखिन्छ, वर्ण र मुद्रा भने केही फरक देखिन्छ । पहिले धर्मचक्र मुद्रामा रक्तवर्ण, त्यसै क्रममा अर्को भूस्पर्शमुद्रामा पीतवर्ण, धर्मचक्र मुद्रामा पीतवर्ण, वरदमुद्रामा नीलवर्ण पाइन्छन् ।

उत्तरतर्फको भित्ताका चित्र पनि सबै बज्रासनमा देखिन्छन् । जसका वर्ण र मुद्रा क्रमशः यस प्रकार छन्– श्वेतवर्ण धर्मचक्रमुद्रा, नीलवर्ण भूस्पर्शमुद्रा, पीतवर्ण वरदमुद्रा, रक्तवर्ण दुवै हातमा अग्निज्वाला र अन्त्यमा रक्तवर्ण तथा दुवै हातमा हरिया पात अंकित गरिएका चित्र छन् ।

माथि वर्णन गरिएका सबै चित्र त्रिस्कन्धसूत्र अन्तर्गतका ३५ बुद्धमध्येका मुख्य मुख्य मात्र हुन् । अरू सानातिना सयकडौं चित्र यसमा अंकित छन् । ती सबैको बिवरण अल्प समयमा साध्य हुन सक्ने कुरा होइन ।

छिंडी तलामा पनि विभिन्न देवदेवीका चित्र अंकित छन् । पूर्वपट्टिको भित्तामा सबभन्दा पहिले हयग्रीव र त्यसपछि क्रमैसित शक्तिसहित त्रिभुज शम्वर, मणिमहाकाल, धर्मचक्र मञ्जुश्री र षडक्षरी लोकेश्वरका चित्र छन् । त्यसको लगतैपछि एउटा चित्र छ जसको अगलबगलमा सिंहमुखी र कोलमुखी छन् । दायां भागमा सिंहमुखी र बायां भागमा कोलमुखी देखिन्छन् । बीचमा भएको पुरुष चित्रको वर्ण रक्त छ । यसको वाहन बेताल देखिन्छ भने आसन प्रत्यालीढ छ । तीन मुख र चतुर्भुज भएको यो चित्र निकै प्रभावकारी देखिन्छ । यसका प्रथम दुइ हातमा शरविक्षेप देखिन्छ भने द्वितीय दुइ हातमा खड्ग र पाश देखिनेछन् । त्यसपछि आउंछ नीलवर्ण महाकाल । यसका हात छ देखाइएका छन् र आलीढासनमा छ । यसमा पाउ चार देखिन्छन् । प्रथम दुई हातमा कपिपात्र, द्वितीय दुई हातमा पाश र त्रिदण्ड, तृतीय दुई हातमा डमरु जस्तो बाद्ययन्त्र र पाश देखिनेछ र अन्त्यमा नीलवाराहीको चित्र अंकित छ । वाराहीको चित्रलाई दायां हातमा मानिसका हाडको बाद्ययन्त्र लिएर नृत्य गर्दै गरेको देखाइएको छ ।

यसै प्रकार दक्षिणतर्फको भित्तामा नृत्यरूपा ज्ञानडाकिनी, रक्तवर्ण षडक्षरी लोकेश्वर त्यसपछि शक्तिसहित अवलोकितेश्वरको चित्र अंकित देखिन्छ । बज्रासनस्थित यस अवलोकितेश्वरलाई पद्मांकुरसहित अञ्जलिबद्ध देखाइएको छ । यसरी शक्तिलाई कपिपात्र-धारिणी र कुमकुम वर्ण पारेर प्रस्तुत गरिएको छ । यसपछि शक्तिसहितको समन्तभद्र जस्तो रूप देखिन्छ । जसका हातमा डमरु र घण्ट धारण गराइएको पाइनेछ । हेर्दै जांदा बज्रासनस्थित अभयमुद्रामा एक लामा देखिन्छन् भने ध्यानमुद्रामा अर्का लामा पनि उपस्थित हुन आउंछन् । यसै क्रममा व्याख्यान दिन लागेको मुद्रामा बज्रासनस्थित एक लामा र ललितासनमा बसेका अभयमुद्रामा अर्को लामा पनि देखापर्दछन् । लामापछि भूस्पर्शमुद्रामा श्वेतवर्ण बुद्ध र अन्त्यमा बज्रधरको रूप देख्न पाइन्छ ।

पश्चिमतिरको भित्तामा सर्वप्रथम रक्तवर्ण दीपंकरको चित्र छ । जसको मुद्रा अभय र वरद देखाइको छ । त्यसपछि पीतवर्ण भूस्पर्शमुद्रामा शाक्यमुनि, कुमकुमवर्ण धर्मचक्रमुद्रामा मैत्रेय, भैषज्यराज तथागत, बज्रासनस्थित बज्रघण्टधारी लामा, दायांबायां पद्मपाणि बज्रपाणिसहित अमिताभ तथागत, श्वेतवर्ण चतुर्मुख बज्रासनस्थित ध्यानमुद्रामा एक रूप र समन्तभद्र तथागतका चित्र देखिनेछन् ।

यसै प्रकार उत्तरतर्फको भित्तामा अपरिमित तथागत, बज्रसत्व, आर्यतारा, उपदेश र अर्धध्यानमुद्रामा पुस्तक-सहित बज्रासनस्थित एक लामा, गुरुपद्मसंभव, पद्मांकुरमाथि धर्मचक्रमुद्रामा खड्ग र पुस्तकसहित एक लामा, वज्र र बज्रकील धारण गरेर शास्त्रार्थमुद्रामा बज्रासनस्थित एक लामा र अन्त्यमा दायां हात अभय मुद्रा, पद्मांकुरमाथि खड्ग र पुस्तक, बायां हातमा वैदूर्यमणि लिएका बज्रासनस्थित अर्धध्यानमुद्रामा एक लामाको चित्र अंकित पाउंनेछौं ।

## (ग) खारुंग गुम्बा

रेवाभुम्बा गुम्बाबाट केही माथि गएपछि एउटा गुम्बा आउंछ जसको नाम खारुंग गुम्बा हो । गुम्बाको द्वारबाट प्रवेश गर्नासाथ विभिन्न देवदेवीका मूर्ति लहरै सजाएर राखेको देखिन्छ । गुम्बाको निर्माण संभवतः एक शताब्दीअघि भएको होला र अहिले जीर्ण अवस्थामा छ । सबभन्दा पहिले देवदेवी सजाइएका कोठाको नाप लिएर हेरे पूर्वपश्चिम लङ १६ फूट ६ इन्च र दक्षिणउत्तर लङ १५ फूट छ। यसको द्वार पूर्वाभिमुख छ। यसमा सजाइएका मूर्तिमा एउटा काठको छ र अरू सबै माटाका छन् । तर यिनलाई राम्रोसित परीक्षा नगरी दर्शक सहसा छुट्याउन समर्थ हुंदैन ।

हेर्दै गए सर्वप्रथम ५१ इन्च अग्लो र ३४ इन्च चौडाइ भएको बज्रासनस्थित पद्संभवको मूर्ति आउंछ। त्यसपछि ललितासनस्थित चतुर्भुज महाकाल देखिन्छ । जसका दुइ भुजमा कर्त्रि र महिषशिर तथा द्वितीय दुई भुजमा खड्ग र खट्वांग धारण गराएको पाइन्छ। महाकालको उचाइ ४८ इन्च र चोडाइ ३५ इन्च छ। त्यसपछि क्रमशः बयालीस इन्च उचाइ र उनन्तीस इन्च चौडाइ भएको अपरिमित तथागत, बीस इन्च उचाइ र तेह्र इन्च चौडाइ भएको भूस्पर्श-मुद्रामा शाक्यमुनि, तेईस इन्च उचाइ र चौद्ध इन्च चौडाई भएको गुरु पद्मसंभव, उन्नाईस इन्च उचाइ र दश इन्च चौडाइ भएको अपरिमित तथागत, बीस इन्च उचाइ र बाह्र इन्च चौडाइ भएको अमिताभ, सत्र इन्च र उचाइ एघार इन्च चौडाइ भएको षडक्षरी लोकेश्वर, दश इन्च उचाइ र ६ इन्च चौडाइ भएको कुबेर, सोह्र इन्च उचाइ र ६ इन्च चौडाइ भएको अपरिमित तथागत त्यति नै नाप भएको बोधिचैत्य, चौद्ध इन्च उचाइ र नौ इन्च चौडाइ भएको अपरिभित तथागत, सोह्र इन्च उचाइ र ६ इन्च चौडाइ भएको बोधिचैत्य, सोह्र इन्च उचाइ र सात इन्च चौडाइ भएको मिला रेपा लामा र त्यसपछि खाङ्ग्वेमा डाकिनीको मूर्ति आयो। डाकिनीको मूर्ति काठद्वारा निर्मित गरिएको छ । यसको उचाइ आठ इन्च र चौडाइ साढे चार इन्च छ । डाकिनीपछि उन्नाईस इन्च अग्लो र बाह्र इन्च चौडाइ भएको अपरिमित तथागत, नौ इन्च उचाइ र ६ इन्च चौडाइ भएको कुबेर र अन्त्यमा चौबीस इन्च उचाइ र नौ इन्च चौडाइ भएको शक्तिसहित पद्मसंभवको मूर्ति आउंछ।

मूर्तिपछि यस गुम्बाका भित्तामा पानीरङ्गद्वारा निर्मित गरिएका अनेक भित्तीचित्र पनि छन् यिनको अवलोकन नगरी दर्शक फर्कन सक्तैन ।

पूर्वपट्टिको भित्तामा सर्वप्रथम बज्रासनस्थित ध्यान-मुद्रामा घार्वादोर्जे लामाको चित्र आउंछ। त्यसपछि क्रमशः मञ्जुश्री षडक्षरी, बज्रपाणि र यस पाटाको अन्त्यमा बज्रासनस्थित अभय र अर्धध्यानमुद्रामा जेलोदेवाङ लामाको चित्र अंकित छ।

दक्षिणतर्फको भित्तामा अपरिमित तथागत, आर्यतारा, बज्रसत्व र गुरु रिम्पोछेका चित्र आउंछन्

पश्चिमतर्फ दीपंकर शाक्य मुनि, तथा मैत्रेय छन् उत्तरतिर समन्तभद्र, शान्तक्रोधगणचक्रसहित बज्रहेरुक, एकादश लोकेश्वर र अन्त्यमा राजा थिसुङदेछुच्येनको चित्र अंकित छ। बज्रासनस्थित यस चित्रलाई धर्मचक्र मुद्रामा पद्माकुरसहित त्रिदण्ड र कलश धारण गरेको देखाइएको छ।

## (घ) धाइसा गुम्बा

खारुङ गुम्बावाट केही माथि गएपछि एउटा अर्को गुम्बा आउँछ जसको नाम धाइसा गुम्बा हो । यसको पनि निर्माण लगभग एक शताब्दीअघि भएको हो भन्ने अनुमान हुन्छ । बाहिरबाट हेर्दा यो गुम्बा एकलै भएको हुंदा उति ठूलो देखिर्दन । तर भित्र गएर नाप लिंदा पूर्वपश्चिम लङ २६ फूट ३ इन्च र उत्तर दक्षिणतिर २४ फूट हुन आउछ। यसको द्वार पूर्वाभिमुख छ।

गुम्बाभित्र १५ थान सुन्दर मूर्ति सजाएर राखिएका छन् जसमा १२ थान माटाका र ३ थान काठका छन्। यसमा राखिएका मूर्तिमा सर्वप्रथम ४६ इन्च उचाइ र २८ इन्च चौडाइ भएको बज्रासनस्थित गुरु पद्मसंभवको छ । त्यसपछि क्रमशः छयालीस इन्च उचाइ र तेईस इन्च चौडाइ भएको एकादश लोकेश्वर, एक्काईस इन्च अग्लो र तेह्र इन्च चौडाइ भयको गुरु धाक्पो, एघार इन्च उचाइ र सात इन्च चौडाइ भएको मिलारेपा लामा र त्यसपछि काठद्वारा निर्मित साढे आठ इन्च अग्लो र पांच इन्च चौडाइ भएको पद्मसंभवको मूर्ति आउछ। त्यसपछि आठ इन्च उचाइ र साढे चार इन्च चौडाइ भएको कुबेर, अट्ठार इन्च उचाइ

र नौ इन्च चौडाइ भएको आर्यतारा, चौद्ध इन्च उचाइ र साढे आठ इन्च चौडाइ भएका काठद्वारा निर्मित सिंह-मुखी डाकिनीका दुई थान मूर्ति राखिएका छन्। डाकिनीपछि २६ इन्च उचाइ र १६ इन्च चौडाइ भएको शाक्यमुनि, बाईस इन्च उचाइ र बाह्र इन्च चौडाइ भएको षडक्षरी लोकेश्वर र अन्त्यमा एकैनासका तीन थान भिक्षुका मूर्ति छन्। जसको उचाइ ३० इन्च र चौडाइ ६ इन्च छ। यी तीनै मूर्ति उभिएको मुद्रामा छन्।

धाइसा गुम्बामा मूर्तिबाहेक भित्तीचित्र पनि छन्। निरीक्षण गर्नु आवश्यक देखिन्छ। यसमा पश्चिमपट्टिको भित्तामा सर्वप्रथम समन्तभद्र तथागत र त्यसपछि क्रमैसित शान्तक्रोधगणचक्रसहित बज्रहेरुक, आर्यतारा, बज्रधर र यस पाटाको अन्त्यमा बज्रसत्व आउंछन्।

उत्तरतर्फ षडक्षरी लोकेश्वर, बज्रपाणि, अपरिमित र त्यसपछि सक्तिसहित अवलोकितेश्वर आउंछन्। यिनलाई पद्मांकुरसहित अञ्जलिबद्ध मुद्रामा रक्तवर्ण देखाइएको छ। यसभन्दा पर गुरु पद्मसंभव र कर्त्रिपात्रधारी रक्तवर्ण महाकाल छन्।

यसै क्रममा पूर्वतर्फ हेरे गुरु पद्मसंभव, बज्रवाराही, राजा थिसुङदेहच्चैन अर्थात् शुद्धजीव राजा र यस पाटाको अन्त्यमा भैषज्यराज तथागतको चित्र आउंछ।

दक्षिणतर्फको भित्तामा सर्वप्रथम बज्र र बज्रकील लिई शास्त्रार्थ गर्न तत्पर भएका आर्यदेव देखिनेछन्। त्यसपछि क्रमशः अमोघसिद्धि अमिताभ, रत्नसंभव अक्षोभ्य, वैरोचन, मैत्रेय, शाक्यमुनि र दीपंकर तथागतका चित्र अंकित देखिनेछन्। यसबाहेक यस गुम्बाभित्र देवदेवी सजाएर राख्ने ठाउंभन्दा ठीक बायां कुनामा करीव १०० थान धर्मग्रन्थका ठेली पनि राखिएका छन्।

## (ङ) ह्लिसोल गुम्बा

धाइसागुम्बाबाट केही पर दक्षिणतर्फ गएपछि एउटा गुम्बा आउंछ जसलाई ह्लिसोल गुम्बा भन्दछन्। ह्लिसोल गुम्बा पूर्वाभिमुख दुईतले छ। यस गुम्बाका भित्री भागको नाप पूर्वपश्चिम लङ १७ फूट ६ इन्च छ र उत्तरदक्षिण लङ २३ फूट २ इन्च छ। संभवतः यसको निर्माण केही दशकअघिमात्र भएको हो। गुम्बाभित्र १४ थान माटाका मूर्ति सजाएर राखिएका छन्।

तिनमा सर्वप्रथम ५१ इन्च अग्लो र ३४ इन्च चौडाइ भएको अमिताभ तथातको मूर्ति आउंछ। त्यसपछि क्रमशः पचास इन्च अग्लो र तीस इन्च चौडाइ भएको मैत्रेय, सतचालीस इन्च अग्लो र तीस इन्च चौडाइ भएको भूस्पर्शमुद्रामा शाक्यमुनि, त्यति नै नापको अपरिमित, अट्ठाईस इन्च अग्लो र बाह्र इन्च चौडाइ भएको एकादश लोकेश्वर, बत्तीस इन्च अग्लो र बाईस इन्च चौडाइ भएको षड्भुज महाकाल पंध्र इन्च अग्लो र एघार इन्च चौडाइको अपरिमित, बाह्र इन्च अग्लो र आठ इन्च चौडाइ भएको अपरिमित, सत्ताईस इन्च अग्लो र चौध इन्च चौडाइ भएको अपरिमित, एघार इन्च अग्लो र ६ इन्च चौडाइको अपरिमित, चौध इन्च उचाइ र आठ इन्च चौडाइ भएको मिलारेपा, सैंतीस इन्च उचाइ र एक्काईस इन्च चौडाइ भएको षडक्षरी लोकेश्वर र अन्त्यमा दश इन्च उचाइ र पांच इन्च चौडाइ भएको बज्रपाणिको मूर्ति आउंछ।

यस गुम्बामा मूर्तिबाहेक पानी रंगले बनाएका भित्तीचित्र पनि छन्। पूर्वतर्फको भित्तामा सर्वप्रथम समन्तभद्र, त्यसपछि क्रमशः शान्तक्रोधगणचक्रसहित बज्रहेरुक, शक्तिसहित द्विभुज शम्बर, बज्रवाराही, मणिमहाकाल, चौङखापा, उर्ग्येननोर्ला, एकजटी (?) शरविक्षेप खड्गपात्रधारी आलीढासनस्थित महाकाल र अन्त्यमा षड्भुज महाकालका चित्र अंकित पाइन्छन्।

त्यस्तै दक्षिणतिरको भित्तामा बज्रकील महाकाल, ध्यानमुद्रामा बज्रासनस्थित लामा, अभयमुद्रा र कलशधारी बज्रासनस्थित अर्को लामा, सहस्रभुज लोकेश्वर, रक्तवर्ण षडक्षरी लोकेश्वर, पद्मराज लोकेश्वर, बज्रसत्व र यस पाटाको अन्तिम भागमा बज्रधरको चित्र पाउंछौं।

पश्चिमतर्फको भित्तामा वैरोचन, अक्षोभ्य, दीपंकर शाक्यमुनि, मैत्रेय अमिताभ, अमोघसिद्धि र भैषज्यराज तथागत छन् भने उत्तरतिर ग्यालवाकर्मापा, आर्यतारा, षडक्षरी लोकेश्वर र अन्त्यमा बज्रगुरुका चित्र पनि हामी देख्न सक्छौं।

## (च) मानेपेमे गुम्बा

ह्लिसोल गुम्बाबाट केही पूर्व गए अर्को गुम्बा आउंछ जसको नाम मानेपेमे गुम्बा हो। यसको द्वार पूर्व फर्केको छ। यो हालसालै बनेको एकतले गुम्बा हो। गुम्बाको निर्माण हालसालै भएको हो भनेर दर्शकले

यसलाई चटक्क त्याग गर्नु उचित छैन । कारण यसका यावत् कलात्मक वस्तु प्राचीन शैलीमा बनेका छन् । यसको अवलोकन गरेर यहांका कलाकारलाई एक पटक धन्यबाद दिने इच्छा भइहाल्छ । जसले आज पनि पुरानो परंपरालाई यस अनकन्तार भूमिमा अक्षुण्ण राखेर श्रृंखलाबद्ध बनाएका छन् ।

गुम्बाका भित्री भागको नाप पूर्वपश्चिम लङ १७ फूट ७ इन्च र उत्तरदक्षिण लङ ११ फूट १० इन्च छ। यसमा राखिएका मूर्ति काठ र माटाका छन् । तिनमा सर्वप्रथम २२ इन्च अग्लो र १६ इन्च चौडाइ भएको गुरु पद्मसंभवको मूर्ति छ । त्यसपछि क्रमशः अट्ठार इन्च उचाइ र चौध इन्च चौडाइ भएको गुरु धाक्पो माटाका छन् भने एघार इन्च अग्लो र आठ इन्च चौडाइ भएको गुरु पद्मसंभवको मूर्ति काठद्वारा निर्मित छ। त्यस्तै ९ इन्च अग्लो र ७ इन्च चौडाइ भएको शक्तिसहित अर्का गुरु पद्मसंभवको मूर्ति पनि काठकै छ। त्यसपछि अन्त्यमा ७ इन्च अग्लो र ६ इन्च चौडाइ भएको शाक्यमुनि बुद्धको मूर्ति भने माटाको देखिन्छ ।

अरू गुम्बाका जस्तै यसमा पनि पानीरंगद्वारा निर्मित रंगीन भित्तीचित्र पाइन्छन् । उदाहरणका लागि पूर्वतर्फको भित्तामा सर्वप्रथम आउंछ शरविक्षेप खड्गपात्रधारी रक्तवर्ण महाकाल । त्यसपछि क्रमशः मञ्जुश्री, षडक्षरी लोकेश्वर, बज्रपाणि र अन्त्यमा मणिमहाकाल देखिनेछन् ।

अघि बढ्दै जांदा दक्षिणतर्फको भित्तामा शान्तक्रोध-गणचक्रसहित बज्रहेरुक, शक्तिसहित द्विभुज शम्बर र त्यसपछि पुनः शान्तक्रोधगण (जसलाई तिब्बती भाषामा छेनजो भन्दछन्) आउंछन् । यस गणको क्रमपछि समन्तभद्र, अपरिमित र अन्त्यमा पद्मसंभवको चित्र पाउन सकिन्छ।

पश्चिमतर्फ दीपंकर, शाक्यमुनि, मैत्रेय, शक्तिसहित अमिताभ छन् भने उत्तरतिर शक्तिसहित बज्रसत्व, शक्तिसहित अवलोकितेश्वर र त्यस्तै अर्को पनि शक्ति-सहितको रूप छ जुन पद्मसंभवको हो र अन्त्यमा षड्भुज महाकालको चित्र आउंछ ।

### (छ) दोस्रो धाइसा गुम्बा

मानेपेमे गुम्बाबाट केही पर गएपछि अर्को गुम्बा आउंछ जसको नाम धाइसा गुम्बा हो । यस नामका गुम्बा दुइटा छन् । एउटाको चर्चा प्रसंगवश अघि नै भइसक्यो । यसको निर्माण हालसालै भएको हुंदा पुराना गुम्बा हेरेर थाकेको मान्छेलाई अघाएका पाडालाई शर्वत जस्तै हुन्छ। गुम्बातारा गुम्बै गुम्बाको गाउं हो । गुम्बाताराको अर्को नाम टीकागुम्बा हो । शायद गुम्बै गुम्बाका टीकाले सजिएको भनेर पनि यस्तो नाम रहेको हो कि ?

### (ज) लोमजुंग गुम्बा ।

गुम्बातारा गाउंबाट रूपागाउं हुंदै पुंक्ति खोलो तरेर पारीपट्टि निकै उकालो हिंडेपछि गुम्बाताराकै हाराहारीमा एउटा गाउं आउंछ । यो ठियानेगाउं हो । यहां एउटा घ्याङघर र अर्को एउटा गुम्बा छ जसलाई लोमजुंग गुम्बा भन्दछन् ।

लोमजुंग गुम्बा भएको गाउं ध्याबोरु हिमालसित बिलकुलै जोरिएको पुथादहको हाराहारीमा पर्दछ । यहांको जीवन पशुपालन र पाखाबालीमा आधारित छ । यस-लाई गाउं भने पनि जे भने पनि दुई घरको बस्ती छ । यी दुवै घर मगरका हुन् । लामा पनि मगर नै हुन् । तर भाषा भने तिब्बती हो । यहांका लामा प्रायः घरबार भएका छन् ।

यिनै दुई घरमध्ये एउटा घर लामाको हो र गुम्बा पनि त्यही हो । यसै गुम्बामा करीब एक शताब्दीअघि पित्तलका पाताद्वारा निर्मित गरिएको सुन्दर पद्मसंभवको मूर्ति छ । जसको उचाइ २६ इन्च र चौडाइ १३ इन्च छ । यसबाहेक यहां अरू कुनै मूर्ति छैनन् ।

लोमजुंग गुम्बाभन्दा केही पर एउटा घ्याङघर छ जसमा लामाहरू पर्वविशेषमा बसेर पाठ गर्दछन् । यहां पनि आठ थान सुन्दर धातुका मूर्ति छन् भन्ने सुनिन्छ तर तिनको दर्शन नयां आगन्तुकका लागि प्रायः असंभव छ ।

## (१०) कोलागाउँका द्वार र गुम्बाहरू

कोलागाउं छ्वेकमलेक (हिमाल) को काखमा रहेको सुन्दर बस्ती हो । यहां जम्मा ३० घर छन् । यसका निवासी मगर हुन् । तर भाषा तिब्बती छ । यो गाउं हिमालको काखमा भएको हुंदा स्थानीय जनतालाई बस्न कष्टकर भए पनि नवागन्तुका लागि ज्यादै मनोरम छ

आकर्षक छ । छ्वेक्रम पनि स्वतन्त्र पहाड होइन । यो त ठांगेबाट पसारिंदै आएको उसैको एक उपशाखा हो । यस गाउंलाई सुदूर उत्तरी भोटको प्रवेशद्वार भने पनि हुन्छ ।

## (क) कोलाद्वार

कोलागाउंको पुछारमा गाउंमा प्रवेश गर्नुभन्दा पहिले एउटा पुरानो प्रवेशद्वार छ । यसैलाई यो कोलागाउंमा भएको हुंदा हामीले कोलाद्वारको संज्ञा दियौं । यस्ता द्वार यस क्षेत्रमा हामीले पहिले पनि भेटेका थियौं । जसको चर्चा प्रसंगवश भइसकेको छ । पहिले निरीक्षण गरिएका द्वार र यसको सजावटको ढांचा उस्तै भए पनि केही अंशमा यसमा भिन्नता छ । भिन्नता अन्य कुरामा होइन तिनमा चित्रित गरिएका बौद्ध देवदेवीका चित्रमा प्रयोग गरिएको रंगमा पाइन्छ । द्वारको दखिनमा बाहेक भित्तामा जति चित्र अंकित गरिएका छन् तिनमा रातो रंगको एक विन्दुसम्म पनि पाइंदैन । यसमा नीलो, पहेंलो, हरियो र सेतो रंगद्वारा सारा काम लिइएको छ तर द्वारको माथिल्लो भाग र दलिनमा भमे रातो रंगको प्रयोग भएको छ । द्वारको चारैतिरको भित्री भागको भित्ता र दलिन भित्तीचित्रले भरिएको छ । भित्ताको दक्षिण भागमा भित्तीचित्रबाहेक बुद्धजीवनीसम्बन्धी स्तुति पनि अंकित गरिएको छ । त्यो तिब्बती अक्षरमा छ ।

द्वारमा भएका भित्तीचित्र हेर्दै जांदा पूर्वमा करीब एक शताब्दीअघि अंकित गरिएका मञ्जुश्री, षडक्षरी लोकेश्वर र बज्रपाणि पाइन्छन् भने दक्षिणतिर शक्तिसहित अपरिमित र भैषज्यराज तथागत छन् । पश्चिमतिरको भित्तामा दीपंकर, शाक्यमुनि, मैत्रेय र त्रिस्कन्धसूत्र-अन्तर्गतका बुद्धहरू पनि समावेश हुन आएका पाइन्छन् । हेर्दै जांदा उत्तरतर्फको भित्तामा शक्तिसहित पद्मराज तथागत र छोपेमाको बीचमा गुरु पद्मसंभव विराजमान गराइएका पाइन्छन् । यसभन्दा माथि आउंछ दलिन र छत । जहां रातो रंगको पनि संमिश्रण देखिन्छ । दलिन वा छतमा मण्डलको बाहुल्य देखिन्छ जसमा मन्त्रमण्डल, हेरुकमण्डल, बज्रयोगिनीमण्डल, पञ्चबुद्धमण्डल, अमिताभमण्डल, बज्रकीलमण्डल, समन्तभद्र र महामण्डल दृष्टिगोचर हुन्छन् । यिनमा अर्को पनि मण्डल छ जसलाई छतबाट चुहेको पानीले नष्ट पारिसकेको हुंदा परिचय पाउन कठिन छ ।

## (ख) ल्यामु गुम्बा

कोलागाउंबाट करीब १ कोश दक्षिणपूर्वमा छ्वेकमलेकको काखमा देवदारु र धूपीसल्लाले भरिएको जंगलका किनारमा कोलागाँउका मानिसहरूले पशुपालन गर्ने अस्थायी बसोबास गर्ने एउटा ठाउं छ । त्यहीं एउटा गुम्बा छ । जसलाई ल्यामु गुम्बा भनिन्छ । यो गुम्बा तीनतले छ । छिंडीतलामा पशुधन रहन्छन्, दोस्रो तलामा लामाको परिवार रहन्छ र तेस्रो तलामा गुम्बा छ जसमा देवदेवी रहन्छन् । तर हिंउँदमा यहां मानिस बस्तैनन् । यो लामाको निजी गुम्बा हो

गुम्बा पूर्वाभिमुख छ । गुम्बाको द्वारबाट भित्र पस्नासाथ कोठाको अन्तिम भागमा रंगीन दराज, त्यसको ठीक अगाडि वेदिकामाथि अनेक देवदेवीका मूर्ति र कलात्मक वस्तु सजाइएका देखिन्छन् ।

बाहिरबाट हेर्दा गुम्बाको आकार ठूलो देखिए तापनि मूर्ति सजाइएको कोठा त्यति ठूलो छैन । यसको नाप सिएर हेरेका खण्डमा उत्तरदक्षिणको लङ ११ फूट २ इन्च र पूर्वपश्चिम लङ १३ फूट ८ इन्च देखिन्छ । किन्तु कोठा सानो भए पनि यसमा सजाइएका बौद्धदेवदेवीका मूर्ति र कलात्मक वस्तु आकर्षक र महत्वपूर्ण छन् । यी वस्तु धातु, काठ र माटाद्वारा निर्मित गरिएका पाइनेछन् ।

कलात्मक वस्तुमा सबभन्दा पुराना दुई थान धातुका चैत्य छन् । जसको निर्माणकाल अट्ठारौं शताब्दी प्रतीत हुन्छ । यसबाट गुम्बाको परंपरा त्यसै समय प्रारंभ भयो होला भन्ने अनुमान गर्न सुगम हुन्छ । कारण धेरैजसो गुम्बामा मूर्तिहरू माटाका बनाइन्छन् र ती कालक्रममा नष्ट पनि हुन सक्तछन् । तर यी धातुचैत्य चोरी नभएसम्म नष्ट हुने कुरै आउंदैन । यहां पनि मूर्ति पहिले माटाकै बनेहोलान् र पछि क्रमशः माटाका मूर्ति नष्ट भए पनि अन्य धातुका कलाकृति थपिंदै गए । धातुचैत्यको उचाइ २० इन्च र चौडाइ १० इन्च छ । दुवै चैत्यको नाप समान छ । यिनका साथमा पांच थान अरू पनि धातुचैत्य छन् जसको उचाइ ८ इन्च र चौडाइ ४ इन्च छ । यी पांच चैत्यको निर्माण करीब एक शताब्दीअघि मात्र भएको अनुमान हुन्छ ।

यी चैत्यबाहेक अन्य जति पनि कलाकृति छन् ती एक

शताब्दीभन्दा पूर्वका छन् । अवलोकनक्रममा क्रमशः पित्तलका पाताद्वारा निर्मित भूस्पर्शमुद्रामा शाक्यमुनि बुद्धको मूर्ति आउंछ । जसको उचाइ १० इन्च छ । त्यसपछि त्यतिनै नापको ढलौटे अमिताभ बुद्धको मूर्ति छ । यस क्रममा उभिएका समन्तभद्र र पद्मसंभवका मूर्ति काठद्वारा निर्मित छन् र दुवैको उचाइ १८ इन्च र चौडाइ ६ इन्च छ । यी दुवै काठका भए पनि साथमा रहेको अपरिमित तथागतको मूर्ति पित्तलको छ । यसको उचाइ १८ इन्च भए पनि चौडाइ १० इन्च छ । अन्तिम भागमा राखिएको पद्मसंभवको मूर्ति भने झट् हेर्नासाथ माटाको भन्न गाह्रो पर्छ । यसको उचाइ १८ इन्च र चौडाइ ६ इन्च छ । यस गुम्बामा राम्रा कलाकृति पाइएको हुंदा भित्तीचित्र पनि होलान् भन्ने आशा हुन्छ । तर त्यहांका भित्तामा रंगको एक रेखासम्म पनि पाइंदैन ।

## (ग) छ्वेद्योति गुम्बा

कोलागाउंलाई एउटा सानो खोल्साले काटेर दुई भागमा विभक्त गरेको छ । खोल्साभन्दा पश्चिमपट्टि मुख्य बस्ती छ भने खोल्सापारी पूर्वपट्टि केही घर मात्र भएको आधा वस्ती । यी दुवैलाई मिलाएर कोलागाउं भनिन्छ । यो वारीपारीको अन्तर पनि नाम मात्रको छ । वास्तवमा भन्ने हो भने एउटा गुलेलीले मट्यांग्रो हान्यो भने दुवै गाउं नाघेर पर पुग्छ । यसै ठाउंको पूर्वी गाउंको सिह्लानमा बाटाभन्दा माथि एउटा गुम्बा छ यसैलाई यहांका जनता छ्वेद्योति गुम्बा भन्दछन् । सांच्चै भन्ने हो भने पर्वविशेषमा बसेर लामाहरूलाई पाठ गर्न बनाइदिएको घ्याङघर हो । कारण यसमा कुनै पनि मूर्ति स्थापित गरिएको छैन । तर यहांका जनता गुम्बा भन्दछन् । त्यसकारण हामी पनि गुम्बा नै भनौं । यो गुम्बा उत्तराभिमुख एकतले छ । यसको निर्माण भएको एक दशक पनि भएको छैन । नयां भनेर त्यागिहाल्न सकिने खालको पनि छैन ।

घ्याङघरको चारैतिर भित्तामा सुन्दर भित्तीचित्र अंकित गरिएका छन् । यसका भित्री भागको नाप पूर्वपश्चिम लङ १२ फूट १० इन्च र उत्तर दक्षिण लङ १४ फूट ५ इन्च छ ।

हेर्दै गए पूर्वपट्टिको भित्तामा सर्वप्रथम शक्तिसहित समन्तभद्रको चित्र आउंछ । त्यसपछि क्रमशः अक्षोभ्य तथागत, अपरिमित तथागत, वैरोचन, बज्रसत्व र रत्नसंभव तथागतका चित्र देखिन्छन् ।

यसै क्रममा दक्षिणतिरको भित्तामा दीपंकर, शाक्यमुनि, गुरु पद्मसभव, मैत्रेय र यस पाटाको अन्त्यमा शक्तिसहित पद्मराज तथागतका चित्र छन् ।

दक्षिणपछि पश्चिमको पालो आउंछ । जसमा अमिताभ तथागत, भैषज्यराज तथागत, ज्ञानडाकिनी, अमोघसिद्धि, धर्मचक्र मञ्जुश्री र षडक्षरी लोकेश्वरका सुन्दर चित्र अंकित छन् ।

निरीक्षणक्रम अझै जारी राखे उत्तरतर्फ सबभन्दा पहिले बज्रपाणि आउंछन् । त्यसपछि यसै क्रममा उर्ग्येननोर्ला (कुवेर) आलीढासन कपालपात्रधारी पीतवर्ण महाकाल, अभय र खट्वांगयुक्त आलीढासनस्थित फोक्सोको वर्ण भएका महाकाल, आलीढासनस्थित विश्ववज्र एवं घण्टधारी हरितवर्ण महाकाल, आर्यतारा, मणिमहाकाल, आलीढासनस्थित बज्र एवं पात्रधारी नीलवर्ण महाकाल र अन्त्यमा वीणाराज, खड्गराज, ध्वजराज तथा चैत्यराजका चित्र आउंछन् । यी अन्तिम चार राज हिन्दू पौराणिक देवता चतुर्दिक्पाल जस्तै बौद्धमान्यताअनुसारका दिक्पाल हुन् ।

यस गुम्बामा भित्तीचित्रबाहेक दर्शनीय वस्तुमा त्यहां राखिएका ३६ थान तिब्बती अक्षरमा लेखिएका बौद्धग्रन्थ पनि छन् । यी ग्रन्थ धारिणीसूत्र र विनयपीटकका हुन् । पुस्तक त्यति पुराना नभए पनि पुस्तक ढाक्न बनाइएका काठका गाता ज्यादै कलात्मक छन् । गाताको मोटाइपट्टिको भागमा अनेक मूर्ति कुंदिएको पाइन्छ ।

गातामा जति कलाकृति पाइन्छन् ती सबैको विवरण यहां प्रस्तुत गर्नु साध्य नहोला । किन्तु केही उदाहरण त यहां दिनु युक्तिसंगत नै होला ।

यिनमा एउटा गाताको कुरा लिऊं । जसको मोटाइपट्टिको भागको शुरुमै पञ्चबुद्ध अंकित छन् । पञ्चबुद्धमा वैरोचन, अक्षोभ्य, रत्नसंभव, अमिताभ र अमोघसिद्धि मात्र हुनु पर्ने हो तर यसमा बज्रसत्व पनि संमिलित देखिन्छन् ।

प्राचीन बौद्धग्रन्थमा छैटौं बुद्ध बज्रसत्वको नाम पाइंदैन । तर अर्वाचीन साहित्यमा यसको उल्लेख भएको देखिन्छ । तान्त्रिक मतावलम्बीहरू बज्रसत्वलाई पनि पञ्चध्यानी बुद्धका नामले मान्दछन् । उनीहरूको धार्मिक विश्वासअनुसार यिनैले तन्त्रमत तथा शक्तिसाधनको प्रचार गरेका थिए । यसैकारण यिनको अर्को नाम योगाम्बर पनि हो । योगाम्बरको रूप दिग्वसन भएको हुंदा दिगम्बर पनि भनिन्छ ।

पञ्चबुद्धपछि गाताको क्रममा पञ्चचैत्य आउंछन् जसमा लहरै पांच चैत्य छन् । त्यसपछि सप्त तथागत अथवा मानवबुद्धका मूर्ति अंकित छन् । यिनमा विपश्वी, शिखी, विश्वभू, ककुच्छन्द, कनकमुनि, कश्यप र शाक्यसिंह अन्तिम छन् । मानवबुद्धमा दीपंकर र रत्नगर्भलाई कतै कतै समावेश गराएको पाइन्छ तर यिनको समावेश यहां भएको छैन ।

मानवबुद्धपछि दीपंकर, शाक्यमुनि र मैत्रेय छन् जसलाई सामूहिकरूपमा त्रिकालबुद्ध भनिन्छ । क्रमैसित हेर्दै जांदा अक्षोभ्य अर्थात् अक्षोभ्यका तीन मूर्ति,, त्रिचैत्य र बीचमा शाक्यमुनिलाई राखेर दायांबायां सारिपुत्र र महामौद्गल्यायनलाई प्रार्थना मुद्रामा उभ्याई त्यसको अगलबगलमा तीन तीन ओटा सप्ततथागतका मूर्ति अंकित गरेर सुशोभित पारिएको छ । प्रासादको मध्यभागमा अक्षोभ्य र त्यसपछि अरू चार बुद्धमूर्ति देखिन्छन् । त्यस्तै त्रिकालबुद्धको वरिपरि चैत्यमूलद्वारको बीच षडक्षरी लोकेश्वर र त्यसपछि बुट्टा र बुट्टाको बीचमा दुइ सिद्ध र सिद्धपछि ध्यानी बुद्ध देखिन्छन् ।

गाता उचालेर जति हेर्दै गयो उति रमाइला कलाकृति आउंछन् । क्रमशः हेर्दै जांदा मञ्जुश्री, षडक्षरी र बज्रपाणि पनि देखिन्छन् । यी तीन देवता एकै ठाउंमा भएको समूहलाई त्रिकुलनाथ भनिन्छ । त्रिकुलनाथभन्दा पर बीचमा शाक्यमुनि उनको दायांबायां सप्तबुद्ध र मैत्रेयसमेत गरी जम्मा ९ मूर्ति त्यहां अंकित छन् । त्यसपछि पुनः एक बुद्धमूर्ति र चार चैत्य आउंछन् ।

यहां भएका गातामा अंकित मूर्ति जति हेर्‍यो उति आकर्षक देखिन्छन् । यसमा निरीक्षणकर्ताको धैर्य पनि उत्तिकै मूल्यवान् हुन्छ । हेर्दै जांदा धर्मचक्र मञ्जुश्री र महावैरोचन आउंछन् । यी दुई मूर्तिको लगत्तैपछि आली-ढासनस्थित धर्मपालको मूर्ति आउंछ । धर्मपालका पैतालामुनि मार किचिएका छन् र तिनका आन्द्रा दुबै-तिरबाट सोहोरेर त्याई आफ्ना मुखमा हालेर चुस्तै गरेको दृश्यले दर्शकको मनमा एकपटक प्रभाव नपारी छोड्दैन । धर्मपालपछि ध्यानी बुद्ध र भूस्पर्श मुद्रामा अन्य बुद्धका मूर्ति अंकित छन् । त्यसपछि धर्मचक्रमञ्जुश्रीको मूर्ति आउंछ जसको अगलबगलमा अंकित गरिएको स्तंभाकृतिमा तीनतीन ध्यानबुद्ध समावेश गराइएका छन् । यसका अतिरिक्त विभिन्न मुद्रामा बज्रासनस्थित १५ प्रकारका बुद्धमूर्ति पनि पाइन्छन् । यी गाता यहींका स्थानीय कलाकारले बनाएका हुन् ।

## (११) छांदुल गुम्बा

कोलागाउंबाट जंगलै जंगल पश्चिमोत्तर कुनातिर करीब दुई कोश बाटो हिंडेर गएपछि दुई खोलाको संगम भएको ठाउं दोभान आउंछ । यहां वरिपरि जंगल भए पनि बीचको अलिकति भाग खाली छ । यस ठाउंलाई दुईतिर खोलाले अलग पारेको छ भने एकातिर उत्तरपट्टि एउटा नांगो पहाड कुनै बोधिसत्व ध्यानावस्थामा गज-धम्म परेर बसे जस्तो देखिन्छ । पहाडका ठाउं ठाउंमा फाटफुट देवदारु र धूपीका रूख उम्रेका देखिन्छन् । अन्य पर्वतमा हिउं भए पनि यसमा हिउं छैन । यो अति भिरालो भएको हुंदा यसमा हिउं अडिने ठाउं नै छैन । यसको शिरमा भने हिउंको सेतो टोपी देखिन्छ ।

पहाड र दुई खोलाका बीचमा रहेको नांगो भूमिमा एउटा विशाल तीनतले घर छ जसका वरिपरि रंगी-विरंगी ध्वजापताका फहराइरहेका हुन्छन् । यसका सामने लहरै उभिएका विशालकाय चैत्यले त्यो ठूलो घर गुम्बा हो भन्ने संकेत गर्दछन् । यसैको नाम छांदुल गुम्बा हो । छांदुल गुम्बा भैरवी र तरापगाड (खोला) को दोभानमा छ । भैरवी र तरापगाड यस जिल्लाका प्रसिद्ध खोला हुन् । भैरवीको मूल यसै जिल्लाको छार्का ढांडगाउँ र धौ पञ्चायत क्षेत्रमा पर्दछ । तरापगाडको उद्गम पनि धौभन्दा माथि छ र तराप नामक ठाउं पार गरेर आएकी हुंदा यसलाइ तरापगाड भनिएको हो । यहां खोलालाई गाड पनि भन्दछन् । यी भैरवीको सहायक नदी हो । यो ठाउं समुद्रतलबाट १०००० फूटको उचाइमा छ ।

छांदुल गुम्बा पनि संभवतः यस क्षेत्रका ठूला गुम्बामध्ये एक हो । यसको छिंडीतलामा देवकक्ष, दोस्रो तलामा मनुष्यको आवास र तेस्रो तलामा पाहुना बस्ने र लामाका

पशुधनको आहार राख्ने ठाउं छ । यसको वातावरण अर्थात् केही कलात्मक वस्तुको निरीक्षणबाट गुम्बाको परंपरा १८ ह्रौं शताब्दीको प्रारम्भसम्म पुगे तापनि हाल देखिएको गुम्बाको रूप त्यति पुरानो छैन । यसलाई त आज (२०२६ साल) भन्दा ठीक ४० वर्षअघि यस क्षेत्रका तपस्वी लामा श्याङ्गारिम्पोछे नामक व्यक्तिले जनताको सहयोगबाट जीर्णोद्धार गराएका थिए । पहिले यो गुम्बा मूर्तिका निमित्त निकै धनी मानिन्थ्यो । तर केही वर्ष यता मूर्तिचोरीको क्रम यहां पनि अनेक बार चलेको हुंदा धातुका मूर्ति समाप्त भए । शेष मूर्तिमा माटो र अन्यपदार्थका मात्र बांकी छन् ।

गुम्बाको मूल कोठा अर्थात् छिकोरमा प्रवेश गर्ना-साथ यस कोठाको नाप लिएर हेरे पूर्वपश्चिम लङ ४१ फूट ८ इन्च र उत्तरदक्षिण लङ ३७ फूट छ। छिकों-रमा जम्मा १२ ओटा विशाल र कलात्मक काठका स्तम्भ राखिएका छन् जसमा गुम्बाको भार अडिएको छ । कोठाको अन्त्यमा झन्डै वारपार ढाक्ने गरी वेदिका बनाइएको छ जसमा विशालकाय र पद्मासनस्थित गुरु पद्मसंभवको मृण्मयमूर्ति विराजमान गराइएको छ । जसको उचाइ ६० इन्च र चौडाइ ५० इन्च छ। संभवतः यसको निर्माण गुम्बाको जीर्णोद्धार हुनुभन्दा पहिले भएको हो । यसबाहेक छिकोरमा अन्य मूर्ति छैनन् ।

यस कोठाको अन्त्यमा एउटा द्वार छ र यो देब्रेपट्टिको कुनामा पर्दछ । छिकोरको निरीक्षणपछि दर्शकले त्यतै जानु अनिवार्य जस्तै हुन्छ । यो द्वार छिकोरबाट नाङकोर अर्थात् परिक्रमा कक्षतिर जाने द्वार हो । छिकोरमा सजाइएको मृण्मयमूर्ति १९ सौं शताब्दीको थियो भने नांकोरमा सजाइएका मृण्मय मूर्ति १८ ह्रौं शताब्दीका छन् । साथै यिनको संख्या पनि अधिक छ । नाङकोरको नाप पूर्वपश्चिम ४१ फूट ८ इन्च र चौडाइ ११ फूट छ।

मूर्ति निरीक्षणक्रममा दर्शकको आंखा सबभन्दा पहिले अनागतबुद्ध अर्थात् आर्य मैत्रेयमा पर्दछ । यसलाई बज्रासनस्थित धर्मचक्रमुद्रामा पद्मांकुर, त्रिदण्ड र कलश-युक्त देखाइएको छ । जसको उचाइ ७२ इन्च र चौडाइ ६७ इन्च छ । यसको आसन पनि भव्य भएको हुंदा नाप लिएर हेर्ने इच्छा हुन्छ । आसनको लम्बाइ ८४ इन्च र चौडाइ ५३ इन्च छ । मैत्रेयको पृष्ठभागमा कलात्मक तोरण छ जसको आधारस्तम्भरूपमा हात्तीमाथि सिंह, सिंहमाथि अमरांगना, अमरांगनामाथि देवपुत्र, त्यसमाथि मकर, मकरमाथि अश्वारूढ देवपुत्रहरू देखाइएका छन् । तोरणको पृष्ठ भागमा १४ इन्च उचाइ र ९ इन्च चौडाइ भएका विभिन्न प्रकारका बुद्धशासनका प्रतिष्ठित बोधिसत्व, आचार्य एवं अर्हत् र सिद्धहरूसमेत मिलाएर २७ मूर्ति विभिन्न मुद्रामा सुशोभित छन् ।

यसपछि आर्यमैत्रेयको दाहिनेपट्टि ४५ इन्च उचाइ र १५ इन्च चौडाइ भएको एउटा समन्तभद्र बोधिसत्वको मूर्ति देखिन्छ भने देब्रेपट्टि पद्मपाणि बोधिसत्व पनि देखिनेछ। जसको उचाइ ४७ इन्च र चौडाइ १६ इन्च छ। त्यसपछि पालो आउंछ महाकालको । यसलाई ललितासन-स्थित चतुर्बाहु जसमध्ये प्रथम दुई हातमा कर्त्रिपात्र, द्वितीय दुई हातमा खड्ग र खट्वांगधारी देखाइएको छ । जसको उचाइ ७५ र चौडाइ ६० इन्च छ । महा-कालभन्दा पर क्रमशः अठतीस इन्च उचाइ र सत्ताईस इन्च चौडाइ भएकी सिंहमुखी, त्यसपछि उत्तिनै नाप भएकी काकास्या, बहत्तर इन्च उचाइ र साठी इन्च र चौडाइ भएका भूस्पर्शमुद्रामा शाक्यमुनि र ४३ इन्च उचाइ ११ इन्च चौडाइ भएका सारिपुत्त तथा महामौद्गल्यायनका मूर्ति पनि उभिएका देखिन्छन् ।

माथि वर्णन गरिएका मूर्तिका अतिरिक्त यहां अन्य तीन मूर्ति पनि छन् । जसको निर्माणकाल आजभन्दा एक शताब्दीपूर्व प्रतीत हुन्छ । तिनमा सबभन्दा पहिले २० इन्च उचाइ र १४ इन्च चौडाइ भएको बज्रसत्वको मूर्ति छ । जसलाई हेर्नासाथ माटाको भन्न कठिन पर्दछ। त्यसपछि आउंछ धार्पाछ्वेकुई नामक लामाको मूर्ति । जसको नाप बज्रसत्वकै बराबर छ । यहांका लामाको भनाइ र अन्य जनविश्वासअनुसार छांदुलगुम्बाका प्रथम संस्थापक यिनै लामा थिए । त्यसैकारण उनको स्मारक यहां राखिएको हो । लामालाई ललितासनमा राखेर अर्धध्यानमुद्रामा देखाइएको छ भने हातले भूस्पर्श गराइएको छ । अन्त्यमा यसै नापको अर्को पनि लामाको मूर्ति छ जसको नाम सोपुइ भनिन्छ । यो पद्मासनमा छ भने यसका दुवै हात भूस्पर्शमुद्रामा छन् ।

माटाका मूर्ति यसप्रकार सजाइएका छन् भने ढुंगाका मूर्तिको पनि यहां कमी छैन तर ती प्रस्तरमूर्ति करीब आधा इन्च मोटाइ भएका पातला ढुंगामा अंकित छन्। जसलाई प्रस्तरचित्र भने पनि हुन्छ । यस्ता मूर्तिको संख्या यहां ३५ छ । यिनको निर्माण त्रिस्कन्धसूत्रअनुसार गरिएको पाइन्छ । जसअनुसार परमगुरु महाकारुणिक

शाक्यमुनि, बज्रसागर प्रमर्दनराज तथागत, महारत्नप्रभ तथागत, नागेश्वर, वीरसेन, वीरनन्दी, रत्नग्नेय, रत्नप्रभ, अमोघदर्शी, निर्मलश्रिय, विमलप्रभ, सूरश्री भट्टारक, ब्रह्मप्रभ, वरुणाभ, भद्रश्री, चन्दनश्री, अनन्तौजश्री प्रभासश्री, धर्मकोषश्री, नारायणश्री, कुसुमश्री, पद्मज्योतिश्री, मेरुगर्भश्री, पुष्पधनविचित्रश्री, धर्मस्मृतिश्री, सुपरिकीर्तित नामध्येयश्री, इन्द्रकेतुध्वजश्री, सुविक्रान्तश्री, विचित्रषक्रश्री, विक्रान्तगामी, समन्तावभासश्री, रत्नपद्मसुप्रतिठिष्त, शैलेन्द्रराज, विमल-धर्मपर्वत शिखराम, अपरिमितगुण प्रतिभानव्यूहातीतकल्प, गुणरत्नव्यूहश्री कल्पका मूर्ति आउंछन् । यी सबको नामको अन्त्यमा तथागत जोडेर सुशोभित गराइन्छ । संभवतः यिनको निर्माण यस गुम्बाको अन्तिम पटक जीर्णोद्धार गरिएका समयमा भएको हो। यस्ता शास्त्रीय परंपराका अविकल मूर्तिको अध्ययनले हाम्रो ज्ञानराशिमा अर्को अध्याय थप्तछ ।

मूर्तिको निरीक्षणपछि दर्शकको दृष्टि यस गुम्बामा भएका भित्तीचित्रमा पर्दछ। भित्तीचित्र पनि दुई किसीमका छन् । एक प्रकारका भित्तीचित्र गुम्बाको जीर्णोद्धार हुनुभन्दा पहिले अंकित गराइएका छन् भने अर्का किसिमका चित्र हालसालै पनि अंकित गराइएका छन् । यसमा सबभन्दा पहिले गुम्बाको जीर्णोद्धार हुनुभन्दा पहिले अंकित गरिएका भित्तीचित्रको कुरा गरौं ।

यसमा सबभन्दा पहिले रत्नपाणि र बज्रपाणिका बीचमा आर्यताराको चित्र अंकित छ । त्यसपछि क्रमशः वैरोचनतथागत, अक्षोभ्य, रत्नसंभव, अभिताभ, अमोघसिद्धि, सहस्रभुज लोकेश्वर, बज्रसत्व र मणिमहाकाल छन् ।

त्यस्तै दक्षिणपट्टिको भित्तामा नाइटामुनि हरियो नागको रूप र त्यसमाथि एक प्रकारको धर्मपाल अर्थात् महाकाल छ । जसको रंग कलेजाको जस्तो रातो छ र यसका शिर दश देखाइएको छ । शिर दश भए पनि यसका बाहु चार मात्र छन् । प्रथम दुई हातले शरविक्षेप र द्वितीय दुई हातले ध्वज धारण गरेको देखिन्छ । यसका अंगप्रत्यंगमा आंखा देखिन्छन् भने पेटमा भैरवमुख पनि पाइन्छ । यसको लगत्तैपछि एकजटी, सिंहारूढ रक्तवर्ण बजूरत्नधारी महाकाल, वजूकपालधारी नीलवर्ण आलीढासनस्थित महाकाल, कुमकुमवर्ण चक्रपाशधारी आलीढासनस्थित महाकाल, वीणाराज, खड्गराज, चैत्यराज, ध्वजराज, हयग्रीव, नीलवर्ण आलीढासनस्थित विश्ववज्र-घण्टधारी महाकाल, मञ्जुश्री, षडक्षरी र बजूपाणि आए।

पश्चिमपट्टिको भित्तामा बज्रकीलभैरव, बजूहेरुक (शान्तक्रोधगण चक्र आदि), बज्रयोगिनी, समन्तभद्र तथागत, द्विभुज शम्बर, मैत्रेय, शाक्यमुनि, दीपंकर तथा पद्मपाणि र बज्रपाणिका बीचमा अमिताभ छन् ।

उत्तरपट्टिको भित्तामा त्रिकुलनाथ, गुरु धाक्पो, सिंहमुखी, पद्मसंभव, चौङखापा, उष्णीषविजय, अपरिमित तथागत र सप्तलोचनी ताराका चित्र अंकित पाइन्छन् ।

यस क्रममा ती चित्र पनि दर्शकको आंखाबाट छुट्दैनन् जुन भित्तीचित्र गुम्बाको जीर्णोद्धार भएका समयभन्दा पछि अंकित गराइएका छन् । यस्ता नवीन चित्र गुम्बाको दक्षिणी भागमा देखिन्छन् । यी नवीन भए तापनि यिनको निर्माण प्राचीन शैलीमा भएको छ । अतः चटक्क माया मार्न हुने पनि छैनन् ।

यिनको क्रममा सबभन्दा पहिले अर्घ्यादेवी, उभिएको गाडक्षरी, अमिताभ, बज्रपाणि, रत्नपाणि, ध्यानमुद्रामा बज्रसत्व, धूपादेवी, दीपादेवी, षडक्षरी, गन्धादेवी, शक्तिसहित पद्मसंभव, रसादेवी र अन्त्यमा शब्दादेवीका चित्र अंकित छन् ।

## (११) खानीगाउंका चैत्य, द्वार र गुम्बाहरू

छांदुलगुम्बाबाट दक्षिणपश्चिम करीब एक कोश बाटो उकालो गएपछि एउटा गाउँ आउंछ जसको नाम खानीगाउं हो । यहां कुनै जमानामा फलाम र तामाको खानी भएको हुंदा मानिसले यसलाई खानीगाउं नामकरण गरे होलान् । तर हामीले भने यसको अर्थ अर्कै अर्थमा गरेका छौं । यहां धेरै गुम्बा भएको हुंदा हामी पनि गुम्बाको खानी भनेर छोटकरीमा खानीगाउं नै भनौं । यो तिब्बती भाषाभाषी मगरहरूको वस्ती हो । खानीगाउँ समुद्रको सतहबाट ११–१२ हजार फूटको उचाइमा होला । यो गाउं दक्षिणपूर्व फर्केको छ ।

### (क) ध्येसिग्ये गुम्वा

खानीगाउंको पुछारमा पुग्ने बेलामा तेर्छो बाटो आउंछ । यसै बाटाको छेउमा बाटाभन्दा माथि एउटा गुम्वा छ जसको नाम ध्येसिग्ये गुम्बा हो । यो गुम्बा वास्तवमा भन्ने हो भने गुम्बा नभएर चैत्यको समूह हो । अतः यसलाई ध्येसिग्येचैत्य भन्नु नै उपयुक्त हुनेछ ।

यसमा भएका चैत्यको समूह एउटा लामो घरमा स्थापित गरिएको भए पनि बाटामा हिंड्ने मानिसले चैत्यका शिखर भागको दर्शन झ्यालैबाट च्याएर गर्न सक्तछ। चैत्य राखिएको घर उत्तरदक्षिण लमाइमा छ। जसको भित्री भागमा ७२ फूट लम्बाइ र ४१ फूट चौडाइ भएको ठाउं ढाकेर लहरै आठ चैत्य स्थापित गरिएका छन्। यसैको अर्को भागमा मानिस भेला भएर पूजा-पाठ गर्ने ठाउं बनाइएको छ। पूजाकोठाको लम्बाइ ३५ फूट छ भने चौडाइ ६ फूटमात्र छ। यस चैत्य समूहको घरका भित्तामा अनेक बौद्ध देवदेवीका चित्र पनि अंकित गरिएका छन्। यसको शैली प्राचीन भए पनि निर्माण-काल दुई दशकभन्दा बढी भएको छैन भन्ने अनुमान गर्न सहजै सकिन्छ।

भित्तामा अंकित गरिएका चित्रमा पूर्वतर्फ सबभन्दा पहिले श्वेतताराको चित्र देखिन्छ। त्यसपछि क्रमशः प्रज्ञापारमिता पनि दृष्टिगोचर हुन्छ। जसलाई पीतवर्णा चतुर्भजसहित पर्यंकासनमा राखेर प्रथम दुई भुजा समाधिमुद्रामा देखाइएका छन् भने द्वितीय दुई भुजामा बज्र र पुस्तक धारण गराएको पाइन्छ। त्यसपछि ज्ञानडाकिनीको चित्र देखिन्छ। त्यसको लगत्तैपछि पीतवर्णा वसुन्धराको रूप अंकित छ। यसका हातमा नकुल र रत्नमञ्जरी धारण गराएर वरदमुद्रामा देखाइएको छ। यो द्विभुजयुक्त वसुन्धराको चित्र निकै लालित्यपूर्ण देखिन्छ। यसका साथमा समान आकारका उर्ग्येननोर्ला (कुबेर) पनि देखिन्छन्। त्यसपछि पुनः आउंछ एक प्रकारको कुबेर। जसको वर्ण नीलो र आलीढासनस्थित कपालपात्र एवं नकुलधारी देखिन्छ। कुबेरको पटल सिद्धिनासाथ ध्वजराज, चैत्यराज, खड्गराज र वीणाराज आउंछन्। तर यी चारै चित्र छानाबाट हिउं पग्लेर त्यस ठाउंमा पानी चुहेकाले नष्टप्रायः देखिन्छन्।

पूर्वी भित्ताको क्रम समाप्त गरेर दक्षिणतर्फ गए सर्वप्रथम शक्तिसहित समन्तभद्र देखिनेछन्। यसपछि क्रमशः भैषज्यराज तथागत, शक्तिसहित द्विभुज शम्बर, बज्रयोगिनी, षड्भुज महाकाल, सिंहमुखी र उर्ग्येननोर्ला अर्थात् कुबेर पाउंछौं।

यसै प्रकार पश्चिमतर्फ एकादश लोकेश्वर, पद्मरश्मि अपरिमित तथागत, शक्तिसहित पद्मसंभव, षडक्षरी र अमिताभ तथागतका चित्र दृष्टिगोचर हुन्छन् भने उत्तरतर्फ बज्रधर, गुरु धाक्पो, पद्मसंभव, सिंहमुखी र अन्त्यमा मणिमहाकालको चित्र पनि आउंछ।

## (ख) छ्युंजुङ्पाल द्वार

खानीगाउंमा गुम्बाको संख्या निकै छ भन्ने कुरा हामीले पहिलेनै भनिसकेका छौं। यस गाउंसा एउटै नामका चार गुम्बा छन्। ती सबैको नाम छ्युंजुङ्पाल-गुम्बा हो। गुम्बामा पुग्नेभन्दा पहिले एउटा भव्य द्वार बनाइएको छ त्यसको पनि नाम छ्युंजुङ्पाल नै हो। तर माथि भनिए झैं यो गुम्बा नभएर द्वार हो। जसलाई यहांका जनता कगनी पनि भन्दछन्। यो कगनी बाहिर-बाट हेर्दा जति भव्य छ त्यसभन्दा अधिक सुन्दर भित्र अंकित गरिएका चित्र छन्।

द्वारको पूर्वी भित्तामा अक्षोभ्य, रत्नसंभव र चैत्यराज छन् भने दक्षिणतिर अमिताभ, अमोघसिद्धि र ध्वजराजका रंगीन चित्र पाइन्छन्।

हेर्दै जांदा पश्चिमतिरको भित्तामा दीपंकर, शाक्यमुनि र वीणाराज छन्। त्यसै गरी मैत्रेय, वैरोचन र खड्गराज उत्तरतर्फ देखिन्छन्।

यिनको क्रमपछि द्वारको माथिल्लो भागमा मञ्जुश्री, षडक्षरी, बज्रपाणि, आर्यतारा र सिंहनादलोकेश्वर देखिन्छन्। जसलाई सिंहको साटो बज्रामलकमा राज गराई खड्ग र खट्वांग हातमा धारण गराएको देखिन्छ। त्यसको साथै बायां हातमा नकुल पनि दृष्टिगोचर हुन्छ। यसभन्दा पर क्रमशः अपरिमित, ज्ञानडाकिनी, पद्मसंभव र अन्त्यमा बज्रसत्वमण्डल पनि देखिन्छ। यो द्वार गाउंको सिह्रानमा छ।

## (ग) पहिलो छ्युंजुङ्पाल गुम्बा

खानी गाउंभन्दा करीब आधा कोश उकालो गएपछि पूर्व फर्केको दुइतले गुम्बा आउंछ। यसको नाम पनि छ्युंजुङ्पाल गुम्बा हो। त्यसै कारण यसलाई हामीले पहिलो छ्युंजुङ्पाल गुम्बा भन्यौ।

यस गुम्बाभित्र नापेर हेरे पूर्वपश्चिम लङ १३ फूट र उत्तरदक्षिण लङ ६ फूट मात्र छ। यसको निर्माण एक शताब्दीअघि भएको अनुमान हुन्छ। यसमा राखिएका

मूर्तिमध्ये केही गुम्बाका समसामयिक र केही पछि थपिएका देखिन्छन् । गुम्बाका समसामायिक मूर्तिमा २७ इन्च अग्लो र १७ इन्च चौडाइ भएको बज्रासनस्थित गुरु पद्मसंभवको मूर्ति सर्वप्रथम दृष्टिगोचर हुन्छ । यो माटाको भए पनि निकै भव्य छ । उसै समयका माटाका मूर्तिमा आलीढासनस्थित गुरु धाक्‌पोको पालो आउंछ । त्यसपछि भने १५ इन्च उचाइ र ९ इन्च चौडाइ भएको पित्तलका पाताद्वारा निर्मित प्रभामण्डलसहितको अमिताभको मूर्ति पाउंछ । जसका छेउमा धातुमा सुनको जलप लगाइएको बाह्र इन्च उचाइ र सात इन्च चौडाइ भएको पद्मसंभव पनि देखिन्छ । त्यसपछि उस्तै जलप भएको धातुको वज्रयोगिनीको मूर्ति पनि छ जसको उचाइ १३ इन्च र चौडाइ ८ इन्च छ । त्यस्तै खालको एघार इन्च उचाइ र छ इन्च चौडाइ भएको बज्रधर, त्यतिनै नापको उस्तै धातुको बज्रगुरु र बज्रसत्व छन् भने पौने सात इन्च उचाइ र चार इन्च चौडाइ भएको मैत्रेय पनि यहां छन् । यी सबै गुम्बाका समसामयिक छन् ।

यसबाहेक पनि यहां अनेक सुन्दर मूर्तिहरू छन् तर ती केही दशकपहिले मात्र निर्मित गरिएका हुन् । तिनमा धातुमा सुनको जलप लगाएकै मूर्तिको कुरा गरौं । हेर्दै जांदा षडक्षरी लोकेश्वर देखिन्छ जसको उचाइ ९ इन्च र चौडाइ ५ इन्च छ । त्यसभन्दा सानो अर्थात् ६ इन्च उचाइ र तीन इन्च चौडाइ भएको अपरिमितको मूर्ति पनि हामी पाउंछौं । यसै कालको धातुमूर्तिमा साढेतीन इन्च उचाइ र दुई इन्च चौडाइ भएको षडक्षरीको मूर्ति पनि त्यहीं देखिन्छ । यसबाहेक यिनैका सभसामयिक माटाका मूर्ति पनि त्यहां देखिन्छन् । जस्तो १६ इन्च उचाइ र ९ इन्च चौडाइ भएको अपरिमित, १२ इन्च उचाइ र ६–½ इन्च चौडाइ भएको अर्को अपरिमित र चौध इन्च उचाइ र आठ इन्च चौडाइ भएको आर्यताराको मूर्ति ।

गुम्बामा सजाइएका मूर्तिबाहेक यहां भित्तीचित्र पनि देखिन्छन् । तर ती सबै गुम्बा बनेको समयभन्दा निकै पछिका प्रतीत हुन्छन् । भित्तीचित्र पछिल्लो कालका भए पनि सुन्दर छन् । गुम्बाको भित्तामा हेर्दै गए उत्तरतर्फ दीपंकर, शाक्य मुनि, मैत्रेय, अमोघसिद्धि, गुरु धाक्‌पो, पद्मसंभव र सिहंमुखी छन् भने पूर्वतर्फ मणि महाकाल, उर्ग्येननोर्ला (एक प्रकारका कुबेर), ज्ञानडाकिनी र आर्यतारा छन् ।

चित्रको क्रम दक्षिणी भित्तामा पनि देखिन्छ । यसमा सबभन्दा पहिले आउंछ पेमात्थेपार छेपामे अर्थात् पद्मरश्मि र अपरिमिता । यसलाई ललितासनमा राखेर सक्तिसहित बजूकलशधारी, रक्तवर्णा देखाइएको छ भने शक्तिको वर्ण कुमकुम र ध्वजकलशधारिणी अंकित गरिएको देखिन्छ । त्यसपछि भने क्रमशः सहस्रभुज लोकेश्वर, षडक्षरी, वैरोचन, अक्ष्योभ्य, रत्नसंभव र अन्त्यमा अमिताभको चित्र अंकित देखिन्छ ।

गुम्बामा भएका जति धातुमूर्तिको अहिले यहां चर्चा गरियो ती सदाकाल यहां राखिंदैनन् । त्यसको कारणमा भनिन्छ आजकल मूर्तिचोरीको जगजगी यहां पनि फैलिएको छ जसमा डरले लामाले आफ्नु सुरक्षामा राख्तछन् र विशेष पूजापाठको समय यहां ल्यांउछन् । अहिले पनि त्यसै गरिएको हो ।

प्रवेशद्वारको बायांपट्टि पांच फूट अग्लो माने (चैत्य) देखिन्छ भने शिरोभागमा बीणाराज, खड्गराज, ध्वजराज र चैत्यराज चित्र अंकित गरिएका पाउंछौं । अतः यसलाई सुन्दर गुम्बा भन्नैपर्छ ।

## (घ) दोश्रो छचुंजुङपाल गुम्बा

पहिलो गुम्बाको हाराहारी अलि पर पूर्व फर्केको दुईतले घर देखिन्छ । यो वास्तवमा घर नभएर खानीगाउंको दोस्रो गुम्बा हो । यसको नाम पनि छचुङजुङपाल गुम्बा हो । यसको निर्माणकाल पनि पहिलाकै समसामयिक छ । भनाइको तात्पर्य हो एक शताब्दीको । गुम्बाका भित्री भागको नाप पूर्वपश्चिम लङ १९ फूट र उत्तर-दक्षिण लङ १४ फूट छ ।

गुम्बाको भित्री भागमा अनेक मूर्ति सजाइएका छन् । तिनमा केही मूर्ति गुम्बाका समसामयिक छन् भने केही पछिल्ला कालका पनि देखिन्छन् । यिनमा एउटा मूर्ति धातुको देखिन्छ र अरू सबै माटाका । सबभन्दा पहिले गुम्बाका समसामयिक माटाका मूर्तिकै चर्चा गरौं । यसमा सबभन्दा पहिले बज्रासनस्थित पद्मसंभवको मूर्ति देखिन्छ । जसको उचाइ ३८ इन्च र चौडाइ ३० इन्च छ । त्यसपछि भूस्पर्शमुद्रामा शाक्यमुनिको मूर्ति छ । यसको उचाइ ४० इन्च छ भने चौडाइ ३४ इंच पाइन्छ । शाक्यमुनिको लगत्तैपछि ४३ इन्च उचाइ र ३६ इन्च चौडाइ भएको ललितासनस्थित महाकालको भव्यमूर्ति श्रद्धालुजनलाई दर्शन दिन प्रस्तुत हुन्छ ।

यी मूर्ति गुम्बाका समसामयिक छन् भने त्यसभन्दा पछिका माटाका मूर्ति पनि कम छैनन् । उदाहरणका लागि त्यहां रहेका एउटै नापका मैत्रेय र पदमसंभव-लाई लिन सकिन्छ । जसको उचाइ १८ इन्च र चौडाइ १२ इन्च छ । त्यसपछि आउंछ १३ इन्च अग्लो र ७ इन्च चौडाइ भएको अपरिमितको धातुमूर्ति । यस गुम्बामा भएको यो एकमात्र धातुमूर्ति हो। धातुमूर्तिपछि पुनः माटाका मूर्तिकै पालो आउंछ । यिनमा ६ इन्च उचाइ र ३½ इन्च चौडाइ भएको मैत्रेय तथा अन्त्यमा २२ इन्च उचाइ र १२ इन्च चौडाइ भएको आर्यताराको मूर्ति पाइन्छ ।

यस गुम्बामा मूर्ति जति सुन्दर छन् त्यसभन्दा अधिक सुन्दर भित्तीचित्र देखिन्छन् । सबभन्दा पहिले पूर्वभित्ताकै कुरा गरौं । यसमा वज्रसत्व र समन्तभद्र छन् भने पश्चिमतर्फ दीपंकर, शाक्यमुनि, मैत्रेय, वैरोचन, धर्मचक्रमञ्जुश्री, षडक्षरी,बज्रपाणि, अक्षोभ्य, रत्नसंभव, अभिताभ र अमोघसिद्धि देखिन्छन् । त्यस्तै उत्तरतिरको भित्तामा पद्मसंभव, ग्यालवाकर्मापा र अन्त्यमा अपरि-मितको चित्र पाइन्छ ।

## (ङ) तेस्रो छ्युंजुङपाल गुम्बा

दोस्रो गुम्बाभन्दा केही दूरीमा अर्को गुम्बा छ । यो पनि छ्युंजुङपाल गुम्बा नै हो। यसलाई पनि दोस्रो गुम्बाकै समसामयिक भन्नुपर्छ । भनाइको तात्पर्य एक शताब्दी पुरानो ।यसको द्वार पूर्वाभिमुख छ भने दुई तलामाथि उठेको पाइन्छ । गुम्बाका भित्री भागको नाप लिएर हेरे पूर्वपश्चिम लङ २२ फुट र उत्तर-दक्षिण लङ १८ फुट ५ इन्च देखिन्छ । यसमा गुम्बाका समसामयिक माटाका मूर्ति स्थापित गरिएका छन् ।

मूर्तिको गणनामा सबभन्दा पहिले बज्रासनस्थित मैत्रेयकै कुरा लिऊं ।यसको उचाइ ७२ इन्च छ भने चौडाइ ४८ इन्च छ । यसका अगलबगलमा बोधिसत्वका दुई मूर्ति उभ्याइएका छन् जसको उचाइ ३८ इन्च र चौडाइ १० इन्च छ। बोधिसत्वपछि दीपंकर देखिन्छ। यसलाई बज्रासनमा अवस्थित गराइएको छ । जसको उचाइ ४२ इन्च र चौडाइ ३० इन्च छ । त्यसपछि बज्रासनमा अवस्थित पद्संभव छ जसको उचाइ ४६ इन्च र चौडाइ ३३ इन्च देखिन्छ । यसै क्रममा हेर्दै जांदा शक्तिसहित गुरु धाक्पो आउंछ । जसको उचाइ २५ इन्च र चौडाइ १७ इन्च देखिन्छ । २२ इन्च उचाइ र १४ इन्च चौडाइ भएका भूस्पर्शमुद्रामा शाक्यमुनि बुद्ध र अठार इन्च उचाइ र दश इन्च चौडाइ भएको आर्यताराको मूर्ति पनि त्यहीं पाइन्छन् ।

यस गुम्बामा अंकित गरिएका भित्तीचित्र पनि मूर्तिभन्दा कम राम्रा छैनन् । उत्तरतिरको भित्तामा सर्वप्रथम पद्मासनमा बसेर धर्मचक्रचिह्नसहित व्याख्यान मुद्रामा असंगबोधिसत्व दृष्टिगोचर हुन्छन् भने त्यसपछि अपरिमित, मिलारेपा, पद्मसंभव, सिंहमुखि, समन्तभद्र, बज्रासनस्थित द्विभुज शम्बर, बज्रहेरूक देखिन्छन् ।

यसैप्रकार पूर्वतर्फ मञ्जुश्री, षडक्षरी, बज्रपाणि, अर्घ्यदेवी, पाद्यादेवी, पुष्पादेवी, धूपादेवी, आर्यतारा, दीपादेवी, शब्ददेवी, बज्रकपालधारी, नीलवर्ण द्विभुज महाकाल, खट्वांग कपालधारी पीतवर्ण महाकाल, ध्वजपुष्पधारी रक्तवर्ण महाकाल र विश्वबज्रकपालधारी हरितवर्ण महाकाल छन् भने दक्षिणतिरको भित्तामा बज्रकंगलीधारी नीलवर्ण महाकाल, ज्ञानडाकिनी, शक्ति-सहित सहस्रभुज लोकेश्वर, पद्मरश्मि अपरिमित पद्म-संभव, षडक्षरी र अन्त्यमा बज्रपाणि र षडक्षरीको बीचमा अभिताभको चित्र अंकित पाउंछौ ।

## (च) चौथो छ्युंजुङपाल गुम्बा

खानीगाउंको सबभन्दा माथि रहेको पनि छ्युंजुङ-पाल गुम्बा नै भनिन्छ । यो खानीगाउंको चौथो गुम्बा हो । पूर्वमुख भएको घरको तेस्रो तलामा रहेको यस गुम्बाका लाभा दार्वासिङ मगर हुन् र यो उनैको निजी गुम्बा हो । यसमा हालै निर्माण गरिएका माटाका तीन मूर्ति स्थापित गरिएका छन् तिनको क्रम यस प्रकार छ।

सबभन्दा पहिले १८ इन्च अग्लो र १३ इन्च चौडाइ भएको षडक्षरी लोकेश्वरको मूर्ति राखिएको छ र त्यसपछि त्यति नै नापको अमिताभ र अन्त्यमा समाननापको बज्रासनस्थित पद्मसंभवको मूर्ति पनि देखिन्छ ।

यस गुम्बामा मूर्तिबाहेक भित्तीचित्र पनि देखिन्छन् तर तिनको निर्माण अझ समाप्त भएको छैन । यस

गुम्बाका लामा स्वयं कलाकार भएको हुंदा उनी स्वयं चित्रहरूको अंकन गर्दछन् । यस गुम्बाभित्र कलाकार लामा दावासिङ्ले अंकित गरेका भित्तीचित्र यस प्रकार छन् ।

उत्तरतर्फको भित्तामा पद्मपाणि र बज्रपाणिका बीचमा अमिताभ बुद्ध, गुरुछोकेदोर्जे संभवतः पद्मरश्मि अपरिमित, षडक्षरी लोकेश्वर, एउटा हातमा कविपात्र लिएकी श्वेतवर्णा डाकिनी जस्ती स्त्रीरूप उर्ग्येननोर्ला (कुवेर), सप्तलोचनी तारा, अपरिमित र उष्णीष विजय छन् भने पूर्वतर्फ थोवोतोपछे अर्थात् बज्रपात्रधारी क्रोधरूपी महाकाल, ताँदेन अर्थात् खट्वांग कपालधारी रक्तवर्ण हयग्रीव महाकाल, उर्ग्येननोर्ला (कुवेर), आर्यतारा, वीणाराज, खड्गराज, चैत्यराज र ध्वजराजका चित्र अंकित छन् ।

त्यसै प्रकार दक्षिणतर्फको भित्तामा ज्ञानडाकिनी, सहस्रभुज लोकेश्वर, छेदोह्यायुन्कुन्ध्वी अर्थात् कलश र ध्वजधारी शक्तिसहित अपरिमित पद्मसंभव, छेदोपेमाग्याल्पो छ जसका हातमा बज्र र कलश देखिन्छ । यसको वर्ण रक्त छ भने शक्तिको वर्ण ताम्रछ । कलश र ध्वजा पनि यसमा समाविष्ट छन् । त्यसपछि अन्त्यमा भूस्पर्शमुद्रामा शाक्यमुनि देखिन्छन् ।

गुम्बाको छतमा प्रकाशका लागि एउटा प्वाल छेडिएको छ र त्यसका तीनैतिर भित्तीचित्र अंकित छन् । जस्तै पूर्वबाहेक दक्षिणमा अमिताभ, पश्चिममा षडक्षरी, उत्तरमा पद्मसंभव देखिन्छन् । दलिनको माथिल्लो भागमा बज्रसत्वमण्डल अंकित छन् ।

यसबाट यो अनुमान गर्न सकिन्छ यस क्षेत्रमा अहिले पनि प्राचीनपद्धतिका चित्रमात्र पाइंदैनन् बरु त्यस परंपराका कलाकार पनि जीवित छन् । यदि यस्ता कुशल कलाकारले अलिकति पनि टेवा पाए भने हाम्रो नाक अझै ठाडो पार्न सक्तछन् । यस्ता कुशल कलाकार यस क्षेत्रमा अरू पनि होलान् तिनको लेखो भएको छैन । त्यसमा नेपाली समाजको ध्यान जानु आवश्यक छ ।

## (१३) बैजुबाराका द्वार, चैत्य र गुम्बा

खानीगाउंबाट ३ कोश पश्चिम अर्थात् डोल्पोको सदरमुकाम दूनेबाट ६ कोश उत्तरपूर्वमा एउटा गाउंछ जसलाई बैजुबारा भन्दछन् । यहां एउटै नामका दुई गाउं छन् । एउटा खोल्साको पूर्वी भागमा र अर्को खोल्साको पश्चिमी भागमा । यो पनि तिब्बतीभाषाभाषी मगरजातिको बस्ती हो । यहां केही घर भोटेका छन् । ती पछि आएर बसेका हुन् ।

### (क) बैजुबारा द्वार

बैजुबारागाउंको पश्चिमी भागमा गाउंको पुछारमा दुई द्वार छन् । यिनमा एउटा नयां र एउटा पुरानो । पहिले नयां द्वारको कुरा गरौं । यसमा अनेक देवदेवीका चित्र अंकित गरिएका छन् । यिनलाई झट्ट हेर्दा बौद्ध धर्मका देवदेवी जस्ता प्रतीत हुन्छन् । तर ती बौद्धदेवदेवीका होइनन् । यसमा अंकित गरिएमा चित्रमा एउटा आचार्यले हातमा घण्टी लिएर उत्तानो पारेर बजाउन लागेको दृश्य निकै रमाइलो लाग्छ । यसमा यस्ता अपरिचित अनेक चित्र आउंछन् । यी सबै चित्र पानीरंगद्वारा निर्मित गरिएका छन् । पानीरंग स्थानीय जरीबूटीद्वारा निर्मित गरिएको हो अथवा बाहिरबाट ल्याइएको आधुनिक रंग हो त्यो तत्काल छुट्याउन संभव छैन् । यदि स्थानीय रंग यो हो भने यसलाई चमत्कार मान्नैपर्छ । स्थानीय जनताका भनाइअनुसार यो रंग यहीं तयार गरिएको हो । द्वारको निर्माण हालसालै भएको हुंदा यसमा अंकित गरिएका प्रायः सबै चित्र अविकल छन् । यसभन्दा अलि तल अर्को पुरानो द्वार छ जसमा अंकित गरिएका चित्र पनि बौद्धदेवदेवीका नभएर अरूनै देवदेवीका छन् । तर ती हिन्दूदेवदेवी पनि होइनन् ।

### (ख) बैजुबाराका चैत्य

बैजुबारागाउंका वरिपरि निकै चैत्यहरू देखिन्छन् तिनमा एउटा चैत्यकै कुरा गरौं । यो चैत्य बैजुबारा गाउंको पूर्वीभागबाट पश्चिमीभागमा जांदा एउटा कोप्चो पार गरेर डांडामा पुगेपछि देखिन्छ । चैत्य भएको ठाउं डांडाको नाकमा पर्दछ । यहां लहरै चैत्य देखिन्छन् । यी चैत्य बाटाका बीचमा पर्ने हुंदा धार्मिक परंपराअनुसार परिक्रमा गर्नैपर्दछ । यस्तो परिक्रमा चैत्यलाई दाहिने पारेर गरिन्छ । किन्तु यहांका जनता यसलाई बायांबाट परिक्रमा गर्दछन् । हाम्रीले जानेको परंपरामा बिलकुलै उल्टो परिक्रमा यहां हुन्छ । चैत्यमा अनेक देवदेवीका चित्र ढुंगामा कपेर सजाइएका पाइन्छन् । तिनमा विभिन्न रंगको पनि प्रयोग भएको हुंदा दर्शकलाई आकर्षण हुनु स्वाभाविक हो । तर यी देवदेवी बौद्धदेवदेवी होइनन् ।

चित्रका साथसाथै ढुंगाका पाटीमा मन्त्र पनि अंकित गरिएको पाइन्छ। यिनमा पनि चित्र जस्तै रंगको प्रयोग भएको देखिन्छ। जसबाट त्यहां लेखिएका अक्षर पढ्न कुनै कठिन हुंदैन। यसमा प्रयोग गरिएको लिपि तिब्बती छ। बौद्धपरंपराका जति पनि तिब्बती शैलीका चैत्य पाइन्छन् तिनमा "ॐ मणि पद्मे हुं" मन्त्र लेखिएको हुन्छ। तर यहां भने त्यो मन्त्र लेखिएको पाइंदैन। बरु त्यसको साटो "ॐ मत्रिमुये साले दु" भन्ने वाक्य अंकित पाइन्छ। यस बाटामा रहेका चैत्यका छेउमा आइपुगेपछि यहांका जनता "ॐ मत्रिमुये साले दु" भन्दै चैत्यलाई वामावर्त परिक्रमा गर्दछन्। यिनै यहांका चैत्य हुन्।

## (ग) भालेगुम्बा

बैजुबारा गाउंका सिह्लानमा चार गुम्बा छन् तिनमा भालेगुम्बा एक हो। अरू तीन गुम्बाको द्वार हिउंदमा बन्द रहन्छ। भालेगुम्बामा भने बाह्रैमास द्वार खुला रहन्छ। पूर्वतिर द्वार भएको यस गुम्बाका वरिपरि देवदारु र धूपीको जंगल छ। पहाडको माथिल्लो भागको बिलकुलै काखमा भएको हुंदा यो गुम्बा निकै राम्रो भौगोलिक स्थितिमा अवस्थित छ। गुम्बाको भित्री भागको नाप लिएर हेरे पूर्वपश्चिम लङ २९ फूट छ भने उत्तरदक्षिण लङ २३ फूट १०" इन्च देखिन्छ।

गुम्बाभित्र प्रवेश गर्नासाथ ढोकातिरको भागलाई छोडेर कोठाको तीनैतिर वेदिका खडा गरिएको पाइन्छ जसमा लहरै मिलाएर देवदेवीको मूर्ति राखिएका पाइन्छन्। देवदेवीका मूर्तिभन्दा पछाडिको भित्तामा रंगीबिरंगी भित्तिचित्र अंकित गरिएका छन्। जसमा देवदेवी र विभिन्न आचार्यका चित्र पाइन्छन्। कोठामा कहीं तिब्बती शैलीका बाजागाजा राखिएका देखिन्छन् भने त्यहीं भित्तामा टांसेर बनाइएको दराजमा पुस्तकका ठेली पनि सजाएर राखिएको पाइन्छ। बाजामा मानिसको नलीहाड र तिघ्राका हाडबाट निर्माण गरिएका वस्तु पनि संमिलित छन्। जसलाई फेदटुप्पो दुवैतिर चांदीले मोहोरेर बनाइएको छ। यस्तो बाजा स्वास्नीमानिसका हाडको उत्तम मानिन्छ। यहाँ भएका वस्तुको साधारण निरीक्षणपछि नै यस गुम्बाको निर्माण आजभन्दा दुई शताब्दी अघि भएको होला भन्ने अनुमान गर्न कुनै कठिन पर्दैन। लामाका परिवारको उक्तिबाट पनि यसमा समर्थन मिल्छ। गुम्बाको छिंडीतलामा देवता छन् भने यसभन्दा माथिल्लो तलामा लामाको निवास छ।

अन्य कुराको सिंहावलोकनपछि गुम्बाको अन्तिम भागमा पुगे मूर्तिहरू सजाएर राखेका देखिन्छन्। यहां जति पनि मूर्ति राखिएका छन् तिनमा अधिकतर ठूला मूर्ति माटाका छन्। यी सबै गुम्बाकै समसामयिक देखिन्छन्।

यहां स्थापित गरिएका केही प्रसिद्ध मूर्तिको चर्चा गरौं। गुम्बाका वेदिकाको मध्य भागमा एउटा भव्य मूर्ति देखिन्छ। जसलाई सिंहासनमाथि पद्मासनमा राखिएको छ र दाहिने हात भूस्पर्शमुद्रा र बायां हात अर्धध्यानमुद्रामा छ। मूर्तिको आकृति हेरेर शतप्रतिशत शाक्यमुनि भन्न मन लाग्छ। तर यिनको नाम तिब्बतीमा शाक्यथुवा संस्कृतमा शाक्यमुनि नभएर बोन्पाशेराब हुन्। यो पनि तिब्बती नाम नै हो। भनाइको तात्पर्य हो बौद्धदेवता होइनन्। यस मूर्तिका छेउमा सारिपुत्त र महामौद्गल्यायन जस्तै दुई व्यक्ति उभिएका छन्। जसको मुख एउटाको रातो र अर्काको हरियो छ। यिनको पनि नाम अरू नै छ। अर्थात् सारिपुत्त र महामौद्गल्यायन होइनन्।

हेर्दै जांदा आर्यतारा नभएर अर्कै देवी झ्यामोडोल्मा हुन्। यसै प्रकार हेरुक जस्तो देवता आए भने ती हेरुक नभएर बौद्ध धर्मका देवता हेरुकभन्दा भिन्न अर्कै धर्मका वाल्से हुन पुग्छन्। चोङखापाको मूर्ति पाएं भनेर खुशी भएमा नामपार-ग्याल्वा हुन आउंछन्। यति मात्र होइन यहां सजाएर राखिएका ठेलीका ठेली पुस्तक पनि बौद्धधर्मका ग्रन्थ नभएर अर्कै धर्मका ग्रन्थ हुन आउंछन्।

## (घ) डोल्पाको धार्मिक परम्परा र बोनधर्म।

यस परिस्थितिमा यो गुम्बा बौद्ध पीठ नभएर अर्कै धर्मको पीठ हो भन्ने अनुमान सहजै गर्न सकिन्छ। वास्तवमा भन्ने हो भने यो गुम्बा बोनधर्मावलम्बीको हो। बोनधर्मलाई बुझ्न यस क्षेत्रको धार्मिक परंपरा बुझ्नु आवश्यक छ। अतः त्यसको केही चर्चा यहां गर्नु आवश्यक होला।

डोल्पो जिल्लाको प्रायः समस्त बुद्धधर्मको प्रभाव छरिएको भए पनि उत्तरी भागमा अरू बढी प्रभाव छ। भोटे र मगर यसका अनुयायी छन्। तर सामान्य प्रभाव भने सबै जातिमा परेको छ।

तल्लो भेगका बाहुन छेत्री आदिमा हिन्दूधर्मको प्रभाव छ र यही धर्म मान्दछन् पनि। तर हिन्दूधर्मको कट्टरभावना यहां पाइँदैन। यसबाहेक प्रायः सबै धर्मावलम्बीहरू भूतप्रेतमा

पनि विश्वास राख्तछन्। साथै मण्डा, मष्टा र पुश्रादेउ जस्ता स्थानीय देवतामा पनि विश्वास जमेको पाइन्छ। यस क्षेत्रका जनता धर्मभीरु त छँदैछन् त्यसमा अन्धविश्वास पनि अधिक मात्रामा देखिन्छ। यहां कुनै रोग पनि धामीझाँक्री अथवा लामाले झारफुक नगरी निको हुन्छ भन्ने मानिदैन। हरेक क्षेत्रमा यिनको प्रभाव छ। यहांसम्म भनौं कुकुर मरे पनि मानिसको जस्तै काजक्रिया हुन्छ।

यसबाहेक पनि यहां एउटा अर्को धर्म छ जसलाई बोनधर्म भनिन्छ। बोन धर्म तिब्बतमा बौद्धधर्मले ईसाको सातौं शताब्दी-को मध्यतिर सम्राट् स्रोङ्चङगम्पोबाट राज्याश्रय पायो। त्यसै समयदेखि बोनधर्म आफ्नो उत्कर्षबाट अस्ताचलतिर लाग्यो। अब बोनधर्म तिब्बतमा छैन भने पनि हुन्छ। त्यसै समयदेखि नेपालको यस क्षेत्रमा शरण लिएर बसेको बोनधर्म आज पनि जीवित अवस्थामा यसको अस्तित्व यहां पाउंछौं। यस धर्मका अनुयायीहरू डोल्पो जिल्लाको छार्का, बैंजुबारा, रिग्मा र पुग्मा आदि ठाउंमा प्रशस्त छन्।

बुद्धधर्मका शाक्यमुनि बुद्ध जस्तै यस धर्मका मान्यता प्राप्त आचार्य बोन्पाशेराब हुन्। बोनधर्मावलंबीलाई बोन्पो वा बोन्पा भनिन्छ। कतै कतै बोनधर्मलाई पोनधर्म भनेको पनि सुनिन्छ। यो उच्चारणभेद हुन सक्तछ। बोनधर्ममा तिब्बती बौद्धधर्ममा जपिने मन्त्र "ॐ मणिपद्मे हुँ" जस्तै मन्त्रलाई "ॐ मत्रिमुये साले दु" भनिन्छ। यिनका धार्मिक पीठमा परिक्रमा गर्दा दक्षिणावर्त नभई वामावर्त हुन्छ। घण्टी बजाउंदा उत्तानो पारेर बजाइन्छ। यहांसम्म भनौं पुराना पत्रदार हस्तलिखित ग्रन्थका पाना पल्टाउंदा सामनेतिर सुल्टो नराखे पछिल्तिर उल्टो राखिन्छ। भनाइको तात्पर्य हो बौद्धधर्मसित दांजोमा बिलकुलै उल्टा देखिन्छ। यस धर्मका देवता, मठ, साहित्य आदि अनेक कुरा अन्वेषणीय छन्। अब बोनधर्मा-वलम्बीको संख्या तीव्रगतिले कम हुंदैछ, अतः विद्वान्हरूको ध्यान शीघ्र आकर्षित हुनु नितान्त आवश्यक देखिन्छ।

## (१४) उपसंहार


डोल्पो जिल्लाबाट काठमाडौं फर्कंदा बाटामा रुकुम, जारकोट, सल्यान र दाङका केही भाग आए। जहां पूरै अन्वेषण गर्नु समयसाध्य भएन। दाङमा एउटा नवपाषाण-युगीन हतियार पाइएको थियो जसको प्रकाशन प्राचीन नेपालमा भइसकेको छ।

अन्त्यमा मलाई डोल्पो जान मौका दिने पुरातत्व-विभागका निर्देशक श्री रमेशजंग थापा, मेरा साथमा जाने लिपिविशेषज्ञ श्री हेमराज शाक्य र सूक्ष्मछविकार श्री तेजरत्न ताम्राकार प्रति कृतज्ञता ज्ञापन गर्दछु। यसबाहेक प्रतिवेदनमा प्रस्तुत गरिएको डोल्पो यात्रासित संबन्ध मानचित्र बनाएर दिने सिनीयर सर्भेयर श्री हरिमान अमात्यप्रति पनि धन्यवादका साथै कृतज्ञता ज्ञापन गर्दछु।


कारण निर्देशकले त्यहां नपठाएको भए, श्री हेमराज शाक्यले देवदेवीको सूची बनाउन सहयोग नगरेको भए र श्री तेजरत्न ताम्राकारले प्रत्येक देवदेवीको छवि लिएर प्रस्तुत नगरेको भए यो प्रतिवेदन यस रूपमा पाठकसमक्ष आउन समर्थ हुने थिएन। यसमा स्थानीय व्यक्तिको सहयोग पनि बिर्सिनसक्नु छ।

अतः यसमा कुनै त्रुटि भए ती लेखकका हुन् र यसका श्रेय जति माथि उल्लेख गरिएका व्यक्तिका हुन्। कार्य सफल भएकोमा साथीहरूलाई पुनः हार्दिक बधाइ दिन्छु।

★




क. भैरवमुख
जुम्ला



ख. चन्दननाथमन्दिर
जुम्ला



ग. मैत्रेय बोधिसत्व
बडिमालिकामन्दिर
जुम्ला




घ. त्रिपुरासुन्दरी मन्दिर
कोटगाउँ (तिब्रीकोट),
डोल्पा




क. राजा विक्रम शाही (राज्यकाल १६०२–१६३१ ई.)
तिब्रीकोट
डोल्पो




ख. विक्रम शाहीकी रानी सुनकेसरा
त्रिपुरासुन्दरी मन्दिर
डोल्पो




ग. त्रि–चैत्य
गुम्बातारा,
डोल्पो




घ. हिउँमा भेंडाबाखाको बथान
गुम्बातारा,
डोल्पो




क. भीमसेनमन्दिर
गोटीचौर



ख. तीन ढुङ्गा, जसले महापाषाण(?)को संकेत गर्छन्।
गोटीचौर



ग. भूतको ढुङ्गो (महापाषाण ?)
दुने,
डोल्पो



क. रेवा भुम्बागुम्बा (छोर्वेन वा चैत्य)
गुम्बातारा,
डोल्पो



ख. सामथलिङ गुम्बा,
शहरतारा,
डोल्पो



ग. डोल्पेली सुन्दरीहरू
रूपागाउं,
डोल्पो



घ. भामे नाच
रूपागाउं,
डोल्पो



क. शाक्यमुनि बुद्ध
धाङसागुम्बा, गुम्बातारा
डोल्पो



ख. बज्रकील महाकाल, सामथलिङ गुम्बा
शहर तारा,
डोल्पो



ग. राजा विक्रम शाहीको सालिक
धासाड गुम्बा, गुम्बातारा
डोल्पो




घ. भित्तिचित्र
छांदुल गुम्बा
डोल्पो



क. ढुंगामा अंकित
अवलोकितेश्वरको रेखाचित्र
छांदुल गुम्बा डोल्पो



ख. ढुंगामा अंकित
पद्मसंभवको रेखाचित्र
छांदुल गुम्बा डोल्पो




ग. छांदुल गुम्बा
डोल्पो




घ. ७९ वर्षीय छांदुल गुम्बाका प्रमुख लामा
जसले यस गुम्बामा ४० वर्षदेखि
यो माने घुमाइरहेका छन् ।
डोल्पो




क. पद्मसंभव (भित्तिचित्र)
छव्येद्योति गुम्बा
कोलागाउं,
डोल्पो



ख. गुम्बातारा गाउंको एक दृश्य
डोल्पो



ग. बोन्जपो कगनी प्रवेशद्वार
बैंजुबारा,
डोल्पो




घ. "ॐ मत्रिमुये साले दु" बोनपोमन्त्र
(ढुङ्गामा कुँदिएको)
बैंजुबारा,
डोल्पो



क. बोनधर्मका प्रथम आचार्य
बोनपाशेराब वा तोम्बाशेराब
पालेगुम्बा, बैजुबारा
डोल्पो




ख. वालशे, बोनपोमूर्ति,
बैजुबारा,
डोल्पो



ग. बोनपो. (भित्तिचित्र)
(प्रवेशद्वारभित्रको)
बैजुबारा,
डोल्पो



घ अनुसन्धान दल डोल्पोयात्राको
अतिविकट बाटोमा


डोल्पोयात्रासित संबन्धित
मानचित्र
जुमला जिल्ला
कर्णाली अञ्चल
त्रिबिकोट जिल्ला
धवलागिरि अञ्चल
डोल्पो जिल्ला
संकेत
जिल्लाकोसिमाना
बाटो
भञ्ज्याङ्ग
गाउँ,घर,ओढार,गुम्बा र अन्य पुरातात्त्विक स्थल
नेपाल